ISSN 2631-2298

nepalmag.com.np

आइतबार • १५ मंसिर २०७६ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

कार्यकारी राष्ट्रपति

बालुवाटार, सिंहदरबार, धुम्बाराहीका निर्णय, नियुक्ति र दैनिकीमा अनपेक्षित चासो

'आलम त जेल परे, अब हाम्रो रक्षा हुन्छ कि हुँदैन ?'

K. L. DUGAR GROUP
AURA
NOW IN NEPAL
Joy of Freshness
Works on Low Voltage
Longer Freshness
Larger Freezer Space
Toughened Glass Shelves
10 YEARS* WARRANTY
AURA INTELLIGENT REFRIGERATORS
Available in 190 liters to 230 liters
* CONDITIONS APPLY
Smart Appliances P Limited
COMPANY SHOWROOM: KATHMANDU: CHARKHAL, DILLIBAZAR: 01-4436920 | CORPORATE OFFICE: CHARKHAL, DILLIBAZAR, KATHMANDU, TEL: 01-4443119
BIRATNAGAR: JAIN BHAWAN, MAIN ROAD: 9801305494 | FOR SERVICE: TOLL FREE NO.: 16600110090 | FOR DEALERSHIP: 9801105114

AMBE STEELS
दीर्घायु भवः
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्ले
AMBE GROUP
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
ने ग्र १९१
नेपाल गुणस्तर
प्रमाण चिन्हद्वारा सम्मानित ।
8mm देखि 32mm
सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500 gradesteels
UTM TESTED
TMT STEEL BARS

From a vague bill the government just proposed to a mysterious gold smuggling case that simply won't go away, we'll tell you everything you need to know about the big stories in our weekly Explained series.

Look for it every Thursday on Page 16.

THE KATHMANDU POST
WITHOUT FEAR OR FAVOUR

K. L. DUGAR GROUP
Sunflow हिराको
उपहार
Sunflow तेलमा पकाऔं मिठो परिकार
साथमा पाऔं हिराको हार उपहार!
Sunflow Sunflower तेलको १ र १/२ लि. को उपहार प्रवर्द्धित
प्याकेट खरिद गर्दा प्याकेटमा भएको **१० अंकको नम्बर**लाई ३१००८ मा
SMS गर्नुहोस् र लक्की ड्र मार्फत पाउनुहोस् हरेक १५ दिनमा
हिराको लकेट, हिराको टप र हिराको हार ।
साथै एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ
आकर्षक हिराको नेकलेस सेट*
सबै विजेताहरुको नाम राष्ट्रिय दैनिकमा प्रकाशित हुनेछ
१० अंकको नम्बर हुने स्थान
हिराको हार जित्ने मौका
Sunflow
REFINED SUNFLOWER OIL
Cholesterol Free
1 Ltr. Net
* यो योजना सीमित अवधिको लागि लागु हुनेछ । शर्तहरु लागु हुनेछन् ।
CHOLESTEROL free
Original खोज्नुस् Sunflow नै रोज्नुस्
हिराको हार विजेताले Sunflow खरिद गर्नुभएको पसलको बिक्रेताले जित्नुहुनेछ 32" TV उपहार

भित्र

आइतबार, १५ मंसिर २०७६ (वर्ष २०, अंक १७)
Nepal National Weekly, 1 Dec 2019 (Vol. 20, No. 17)

फरहदवा काण्डका साक्षी र पीडितको चिन्ता

‘कानुनी प्रक्रिया त टुंगिएला, त्यसपछि हाम्रो रक्षा हुन्छ कि हुँदैन ?’

१६

१२
हाम्रो नेपालमा
कमलामा भूतप्रेत

१५
प्रदेश १
सहरैपिच्छे ‘टाइम बम’

१८
कालापानी बहस– ३
टीका ढकाल

२१
राजनीति
ससुराको शक्तिमा बुहारीको रजाइँ

२४
राजनीति
उपेन्द्रलाई ‘रेड कार्ड’

सपनाजस्तै जीवन | ३८

सम्पादकीय | ५
प्रतिक्रिया | ६
प्रवेश | ८
परिहास | १०
स्मरण | १४
खोला एकातिर, पुल अर्कोतिर | ३७
निश्चलको अलमल | ४०
रङ | ४६
वाद-प्रतिवाद | ४८
पुस्तक | ५०
तीन किताब | ५१
कोलाज | ५२
नेपाल मण्डल | ५४
नोटबुक | ५६

२६
कांग्रेस
तेस्रो ध्रुव कि सानो गुट !

२८
आवरण
आलंकारिक राष्ट्रपतिको कार्यकारी शक्ति अभ्यास

४२
फुटबल
के त्यो म्याच फिक्सिङ थियो ?

सम्पादकीय

राष्ट्रपतिको शक्ति अभ्यास : मेरो सरकार, मेरो पार्टी

कार्यकारी शक्ति प्रधानमन्त्रीलाई प्रदान गर्दै-गर्दा हाम्रो संविधानले राष्ट्रपतिलाई सर्वोच्च संस्थाका रूपमा स्वीकार गरेको छ। त्यस्तो सर्वोच्च संस्था, जो विवाद र आक्षेपभन्दा माथि उठेर आदरणीय होओस्।

गणतन्त्रका यी ११ वर्षमा हामीले जनताका दुई छोराछोरीलाई राष्ट्रप्रमुखका रूपमा पाइसक्यौँ। रामवरण यादव र विद्यादेवी भण्डारी दुवैको दलगत पहिचान विगतमा जेसुकै भए पनि साझा अभिभावकका रूपमा संवैधानिक दायित्व पूरा गर्ने जनअपेक्षा थियो। यादव पनि विवादभन्दा माथि रहन सकेनन्, तैपनि संक्रमणकालमा शंकाको लाभ उनले पाए। दोस्रो राष्ट्रपति बन्न पुगेकी भण्डारी पनि एकपछि अर्को विवादका शृंखलामा फस्न पुगेकी छन्। *नेपाल* म्यागजिनले विगतका अंकहरूदेखि नै शीतलनिवासको छवि विवादमुक्त बनोस् भन्ने अपेक्षासहित रिपोर्टिङ तथा विश्लेषण सम्प्रेषण गर्दै आएको छ।

पहिलो कार्यकालमा संवैधानिक सीमा बिर्सेर शक्तिको अतिरिक्त प्रयोग गरेको भनी राष्ट्रपति भण्डारीको आलोचना हुँदै गर्दा दोस्रो कार्यकालमा त्यसो नगर्न सचेत पनि गराइएकै थियो। तर विगतमा आफ्नो आबद्धता रहेको पार्टीको सत्ता-अनुकूलताको फाइदा 'म्याडम महामहिम' ले हालका दिनहरूमा झन् उठाइरहेको देख्न सकिन्छ। यस अंकमा योगेश ढकालको आवरण कथाले राष्ट्रपति भण्डारीबाट भइरहेको शक्ति र सत्ताको दुरुपयोग अनि क्षेत्राधिकार नाघेर गरेका हस्तक्षेपको वृत्तान्त पस्केको छ। राजनीतिक नियुक्तिहरूमा अनावश्यक चासोदेखि सरकार तथा पार्टीविशेषका शक्तिसंघर्षभित्र पस्न खोज्ने उनको शैलीप्रति निकटस्थ व्यक्ति तथा संस्थाहरू नै असन्तुष्ट देखिएका छन्।

सजावटी भूमिकामा बस्नुपर्ने राष्ट्रपतिले राज्यका दैनन्दिन कामकारबाहीमा गरेको हस्तक्षेप अनपेक्षित छ। अझ सत्तारुढ नेकपा र त्यसका नेताहरूको आन्तरिक मामिलामा उनको बढ्दो अभिरुचि तुरुन्तै लगाम नलगाइएमा त्यसले थप खति निम्त्याउन सक्ने जोखिम छ। भण्डारीको भड्किलो कार्यशैली, शाही रवाफ बिर्साउने ठाँटबाँट, नागरिकलाई आतंकित तुल्याउँदै चलाइने सवारी, शीतलनिवासदेखि एयरपोर्टसम्म हेलिकोप्टर यात्रा, धर्म निरपेक्ष राज्यमा बढ्तै धार्मिक संलग्नताजस्ता थुप्रै विषय त्याज्य छन्। यसले उनको वामपन्थी विगतप्रति खिसीट्युरी गरेको छ। उनको क्रियाकलापले वर्गीय पृष्ठभूमि र चेतनालाई हियाएको छ।

भण्डारी सधैँका लागि शीतलनिवासमा विराजमान हुनका लागि आएकी होइनन्। गणतन्त्रको सर्वोच्च प्रतीकका रूपमा उनको यो सहुलियत आवधिक हो। उनको शक्तिभन्दा सीमा धेरै छन्। साथै राष्ट्राध्यक्षका रूपमा भण्डारीका प्रत्येक क्रियाकलाप भविष्यमा आउने अरू राष्ट्रपतिका लागि नजिर बन्न जानेछन्। त्यस अर्थमा आफ्नो ऐतिहासिक जिम्मेवारीको गहनताबारे उनी आफैँ संवेदनशील हुनुपर्ने हो।

मदन भण्डारीले भनेका थिए, 'एउटा राजा रहने या नरहने विषयले त्यति ठूलो अर्थ राख्दैन।' यो उनले शासकको वंशभन्दा शैलीतिर संकेत गर्दै भनेका थिए। आज राजाहरूको शैलीमा 'मेरो सरकार' भन्दै स्वामित्व लिन खोज्ने राष्ट्रपति भण्डारीले मदनको सम्झना गर्नु आवश्यक भएको छ। सिंहदरबारमा जुन सरकार छ, त्यो भण्डारीको होइन। धुम्बाराहीमा जुन पार्टी मुख्यालय छ, त्यो पनि अब भण्डारीको होइन।

कस्तो राष्ट्रपतिका रूपमा इतिहासमा नाम लेखाएर बिदा हुने हो- जनताको मनमा बस्ने सादगी रहनसहनको सर्वस्वीकार्य छवि कि सामन्तकालीन समाजको झल्को दिने मानिसको छवि ? छनोट भण्डारीकै हातमा छ।

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** सहायक सम्पादक : **सन्तोष आचार्य** नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत** सहायक वरिष्ठ संवाददाता : **योगेश ढकाल, मनबहादुर बस्नेत, गोकर्ण गौतम** संवाददाता : **सुनिता लोहनी, यम बम, कल्पना भट्टराई** डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** डिजिटल : **रविराज बराल** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली, सन्तोष ढकाल**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : ८ मंसिर २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

सत्ता सञ्चालकसँग गठजोड

मेडिकल कलेजहरूले चिकित्साशास्त्रका विद्यार्थीसँग लिँदै आएको बढी शुल्क फिर्ता गर्न निर्देशन दिँदा पनि कार्यान्वयन नहुनु सञ्चालकको बलमिच्याइँ हो *(सत्ताको छहारीमा बसरूद्दिनको बदमासी, ८ मंसिर)* । राजनीतिक दलको आडभरोसाबिना मेडिकल सञ्चालक यति बलिया हुनै सक्दैनन् । बढी लिएको शुल्क फिर्ता माग्दा मेडिकल सञ्चालकले गुन्डा लगाएर आक्रमण गर्छन् भने त्यो कानुनी राज्यको उपहास नै हो ।

■ **एलिना बोगटी**
विदुर, नुवाकोट

वार्ताबाटै सीमा समाधान

कालापानी, लिपुलेकलगायत नेपालका भूभाग छिमेकी भारतले मिचेकामा नेपालका राजनीतिक दलले लाभहानिको विषय बनाउनु उचित हुँदैन *(कालापानीमा दुखेको देश, १ मंसिर)* । राजनीतिक दल र राज्यले नै अहिलेसम्म कालापानीमा राखिएका सीमास्तम्भ अवलोकन गरेको सुन्नमा आएको छैन । भारतीयबाट भएको सीमा अतिक्रमण फिर्ता लिन वार्ता नै उपयुक्त विकल्प हो ।

■ **श्रीमान गम्बीरबहादुर थापा,** *नक्साल, काठमाडौं*

कालापानीमा ओलीको अग्निपरीक्षा
Humanity,Neutrality @subhash521260
यो कुरो के प्रधानमन्त्रीले मात्र पहल गर्ने हो कि सम्पूर्ण राजनीतिक पार्टी मिलेर गर्दा अझै बढी मनासिव होला । किनभने कुनै जिम्मेवारी नलिएका बेला सबैलाई सजिलो हुन्छ । तर जिम्मेवारी लिँदा के हुन्छ, कसरी गर्ने भन्ने कुरो एकजुट भएर अगाडि बढ्नु राम्रो होला ।

नयाँ सचिवालय, पुरानै अनुहार
Krishna Ghimire @kghimire1
पुरानै प्रवृत्ति र संस्कार । सुधारको साटो सामन्ती संस्कार, कार्यप्रणाली र बानीबेहोरा !

कालापानी : नेपालसँग उपलब्ध विकल्पहरू
Tamang 大 駹 @van_blon
नेपालसँग विकल्प भए त उहिले सुल्झिसक्थ्यो । नेपालीले कहिले बुझ्ने यस्ता कुरा । पञ्चायतभरि गुपचुप राखे, बसे । ०४६ सालपछि मात्र यो मुद्दा निकाले, त्यो पनि मौसमी रूपमा । भारतले छाड्दैन । सक्किगो ।

असफल आईजीपी
Shriya K.C. @ShriyaKC2
व्यावसायिक निष्ठामा उत्कृष्टता राख्ने भए पनि त्यस समय हुने राजनीतिक हस्तक्षेपलाई ढाकछोप गर्नु कत्तिको न्यायोचित होला ?

नयाँ सचिवालय, पुरानै अनुहार
Buddhipd Rai
राणा र शाहवंशीय शासन ढले पनि शासनको प्रवृत्ति उस्तै छ । नेपालमा परिवर्तन नभई रहेको अवस्थामा राणा र शाहको भन्दा ओली शासन भिन्न र फरक हुन्छ कसरी भनौं ?

केही फाइदा बालाई भयो होला, केही फाइदा संग्रौलालाई
Badri Prasad Ghimire
खुद्राखाद्री किताबको अनुवादकलाई यत्रो स्पेस किन दिन्छ मिडिया ? मैले पनि गरेको छु, ५-७ वटा अनुवाद, त्यो पनि विश्व विख्यात लेखकको । हामीले चाहिं स्पेस नपाउने ?

कामदार मार्केटिङ
Naresh Basnet
जाने पनि उस्तै । सबै मिलेर उजुरी हाल्नू नि । नगई पनि हुँदैन । रहरले गएको पनि होइन । कसम खुवाउनेलाई नै उल्टो श्राप लाग्नुपर्ने ।

कालापानीमा भारतको सामरिक स्वार्थ
Yagya Khadka
कालापानी क्षेत्र भारतले कुनै हालमा छाड्दैन । बरू कूटनीतिक पहल गरेर, त्यति नै क्षेत्रफल जमिन लिएर सट्टापट्टा गरी समस्या सुल्झाऊ ।

साताका ७ nepalmag.com.np

१ **बिचौलियालाई 'ऋस' गर्न खोज्दा अटाएनन् विष्ट**
वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रणमा संस्थागत तथा कानुनी कदम चालेका गोकर्ण विष्ट मन्त्रिपरिषद् पुनर्गठनमा अटाएनन् । उनले सम्हालेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मा रामेश्वर राय यादवलाई दिइएको छ । शून्य लागतमा कामदार पठाउने गरी उनले गन्तव्य मुलुकहरूसँग श्रम सम्झौता गरिरहेका थिए । यसबाट बेखुस व्यवसायी विष्टविरुद्ध शक्तिकेन्द्र धाएको उनीहरू स्वयंले अप्रत्यक्ष रूपमा स्वीकारेका छन् ।

२ **के त्यो म्याच फिक्सिङ थियो ?**
भुटानमा कुवेतविरूद्धको खेलमा नेपाली फुटबल टोलीको पहिलो रोजाइका स्ट्राइकरद्वय विमल घर्ती मगर र अञ्जन विष्टबिनै मैदान उत्रियो । उनीहरूसहित सन्तोष तामाङ र दिनेश राजवंशी टोलीमा परेनन् । बिदाइको दिन एक्कासि उनीहरूको नाम काटियो । एन्फाले उनीहरूमाथि अनुशासनको कारबाही गर्ने निर्णय गर्‍यो । कारण थियो- चारै जना खेलाडी २९ कात्तिक राती अबेरसम्म ठमेलको रेस्टुराँ चहार्दै मादक पदार्थ सेवन गरी मोटरसाइकल दुर्घटनामा परेका थिए ।

३ **केही फाइदा बालाई भयो होला, केही फाइदा संग्रौलालाई (शिशिर वैद्य)**
खगेन्द्र संग्रौलाका धारिला शब्द, कटाक्षपूर्ण तर्कले भरिएका लेखरचना चाख मानेर पढ्ने म सामान्य पाठक हुँ । सामाजिक सञ्जालतिर उनलाई कुण्ठाले भरिएको लेखक भनेर गरिने गाली पढ्दा बडो दुःख लाग्थ्यो मलाई । तर त्यो कुण्ठा अनायास मेरा बामाथि पनि तेर्सिएकामा अचम्मित छु । मेरा बा बितिसके । संग्रौला आफैंले भनेका छन्, 'म उनीप्रति कृतज्ञ छु ।' बासँगको लामो संगतमा पक्कै पनि तीतामीठा घटना घटे होलान् । केही फाइदा बालाई भयो होला, केही फाइदा संग्रौलालाई ।

४ **मित्र शिशिरलाई दुई प्रश्न (खगेन्द्र संग्रौला)**
जब यो ठगी र कृतज्ञताको विरोधाभासी कथा रचिँदै थियो, त्यो बेला मित्र शिशिर बालखै थिए । अहिले अविदित क्षेत्रमा प्रवेश गेरेर शब्दवाणले ब्ल्यांक फायर गर्न खोज्दा शब्दहरू बुमराङ भई उनीतिरै फर्केको देख्दा मलाई बडो नमज्जा लागेको छ ।

५ **महिला बन्छन् ट्रोलको सिकार**
कसैलाई नियतवश चिढ्याउने गरी इन्टरनेटमा राखिएको आपत्तिजनक सन्देश ट्रोल हो । कसैलाई दुरूत्साहित गर्न वा बेइज्जत गर्न ट्रोल बनाउने गरिन्छ । सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै नेपाल पनि यसबाट अछुतो छैन । महिलालाई विषय बनाएर इन्टरनेटमा फैलिएका ट्रोलको सिकार नेपाली महिला पनि हुने गरेका छन् ।

६ **५० करोडको कृषि अनुदानमा स्थानीय सरकारलाई 'बाइपास'**
ग्रामीण एवं कृषि क्षेत्रबाट युवा पलायनलाई न्यूनीकरण गर्ने उद्घोष गरिए पनि कृषिमा युवा कार्यक्रमलाई केन्द्र सरकारबाट बाहिर जान दिइएको छैन । कतिसम्म भने प्रदेश सरकार मातहत रहेका ५१ वटा कृषि ज्ञान केन्द्र र स्थानीय तहमा रहेका कृषि शाखालाई कार्यक्रम सञ्चालनमा भूमिकाविहीन बनाइएको छ ।

७ **माननीयकै होटलमा बाल श्रमिक**
संविधानको धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकमा राखिएको छ । जसअनुसार कुनै पनि बालबालिकालाई कलकारखाना, व्यावसायिक प्रतिष्ठानमा काममा लगाउन पाइँदैन । तर मुगु जिल्लाबाट निर्वाचित नेकपा सांसद गोपाल बमले सञ्चालन गरेको होटलमा तीन जना बालबालिका काम गर्छन् ।

सबै स्टोरी पढ्न क्युआर कोड स्क्यान गर्नुहोस् ।

सर्वोत्तम नारी

KMG
KANTIPUR MEDIA GROUP

nari.ekantipur.com | narimagazine | @narimagazine

प्रवेश

सोझै



साताका चर्चित

सतिशचन्द्र झा
अनुसन्धानकर्ता

अमेरिकाको इन्टेल कर्पोरेसन संस्थाद्वारा सर्वोच्च आविष्कारक-२०१९ बाट सम्मानित ।

उज्ज्वल ठकुरी
कराँते खेलाडी

१ मिनेटमा ६८ वटा अन्डा फोडेर पाँचौं पटक गिनिज बुकमा नाम लेखाउन सफल ।

कोरी वालेस
साइकल यात्री

उच्च हिमाली भेगमा सञ्चालन गरिने 'याक अट्याक' अन्तर्राष्ट्रिय साइक्लिङ प्रतियोगितामा लगातार चौथोपल्ट उपाधि ।

संगीता न्यौपाने
मोडल

'मिसेस इन्टर नेसनल-२०१९' मा बेस्ट पोर्टफोलियो अचिभमेन्टलगायत विभिन्न उपाधि ।

इन्द्रहाङ राई
केन्द्रीय सदस्य, अनेरास्ववियु

बालिका बलात्कार पुष्टि भएपछि काठमाडौं जिल्ला अदालतद्वारा पुर्पक्षका लागि थुनामा राख्न आदेश ।

मुलुकबाहिर

कहिले प्रेमी, कहिले प्रेमिका

भनिन्छ, चलचित्र समाजको दर्पण हो । जति नाटक पर्दामा छचल्किन्छ, त्यसको दोब्बर नाटक जिन्दगीमा घट्छ । फरक यति हो, सिनेमाको नाटकलाई सर्रियल मानिन्छ र सबैले अनुभूति गर्न पाउँछन् । जिन्दगीको नाटक भने पात्र र उसको परिवेशले मात्र थाहा पाउँछ ।

सन् २००८ मा हलिउडमा रोमान्टिक कमेडी जानरामा *विक्की क्रिस्टिना बार्सिलोना* सिनेमा बनेको थियो । विक्की र क्रिस्टिना बार्सिलोना जाँदा चित्रकार जुआन एन्टिनियोलाई भेट्छन् । क्रिस्टिना र जुआन प्रेममा पर्छन् । पछि जुआनकी पूर्वपत्नी मारिया आउँछिन् । अनि क्रिस्टिना, जुआन र मारियाले संयुक्त रूपमा ट्रिपल रोमान्स गर्छन् । यो त भयो, चलचित्रको कुरा । यथार्थमा पनि केही फरक छैन ।

मिररडटकोडटयुकेका अनुसार एक महिला कौमार्य गुमाउन अमेरिकाको आइडाहो सहरबाट ५ सय माइल उडेर युटाह गएकी थिइन् । २१ वर्षीय ग्राबिएल रिजले ३ वर्षअघि ४३ वर्षीय जेकोब बोसवेल र उनकी प्रेमिका मेगान मुर्हेडसँग *सुगर ड्याडी* वेबसाइटको माध्यमबाट भेटेकी थिइन् । ग्राबिएलले आफूभन्दा उमेरले जेठो पुरुष मन पर्ने र भेटेको पहिलो साता नै कौमार्य गुमाएको बताइन् ।

ग्राबिएल बाइसेक्सुअल युवती हुन् । उनले महिला र पुरुष दुवैसँग कौमार्य गुमाउन पाउँदा खुसी भएको बताइन् । ने



त्यस बखतको नेपाल

तामाङ गाउँमा इसाई प्रभाव

धादिङको हिमाली क्षेत्रका तिप्लिङ, लापा, री , फालिङ र दार्खा गाविसमा इसाई धर्म अँगाल्नेहरूको संख्या लगातार बढिरहेको छ। तामाङले मान्दै आएका बौद्ध माने, गुम्बाहरू जीर्ण अवस्थामा यत्रतत्र देखिन्छन् भने लाखौं खर्चिएर निर्माण गरिएका ठूल्ठूला चर्चहरूको संख्या भने दिनप्रतिदिन बढ्दै गइरहेको छ। केही वर्षअघिसम्म पनि डम्फु द्याङ्ग्रो ठटाउने हातहरू आजकल गितारमा रमाउन थालेका छन्। यहाँका तामाङहरू आफ्नो मौलिक तामाङ सेलोको सट्टा 'संगति' मा व्यस्त देखिन्छन्। साउँअक्षर नचिन्ने धनबहादुर अचेल 'इशव' को नामले चिनिन्छन्। फार्लाङकी सेतीमाया आफूलाई रोमी भनेको राम्रो मान्छे। काठमाडौंका सम्भ्रान्त परिवारका चेलीहरू डिस्कोथेकबाट मध्यरातमा घर फर्केजस्तै सेतीमाया उर्फ रोमी पनि संगतिबाट घर फिर्दा रातको १/२ नै बजेको हुन्छ। यी गाउँमा बाइबल नभएको घर सायदै भेटिएला।

***नेपाल*, १६-३० मंसिर २०५७**

सरकार नचलाउने शक्ति

सुरेश किरण

प्रधानमन्त्री केपी ओली अहिले सरकार पूर्ण हेरफेरको तयारीमा छन् । सायद यो लेख प्रकाशित हुन्जेल त्यो हेरफेर भई पनि सक्नेछ । अथवा नहुन पनि सक्छ । किनभने उनले भनेर पनि नभएका कुरा धेरै छन् । त्यसैको अर्को एउटा बुँदाका रूपमा यो पनि रहन जानेछ । अरू त के पो हुन्छ र ?

उनले आफ्ना सल्लाहकार बदले । अहिले मन्त्री बदल्दै छन् । सरकार राम्ररी चलाउने हो भने यो फेरबदल आवश्यक पनि छ । तर अहिले उनी जुन ढंगले यो अदलीबदली गरिरहेका छन् । त्यो हेर्दा भने यस्तो लाग्छ कि प्रधानमन्त्री ओली यतिबेला सरकार चलाउने होइन, नचलाउने तयारीमा छन् । उनलाई यतिबेला सरकार कसरी चलाउनेभन्दा पनि कसरी नचलाउने भन्ने पीरले बढी गाँजेको देखिन्छ ।

स्वास्थ्योपचारका लागि प्रधानमन्त्री अलि टाढै जाने तयारी भइरहेको सुनिन्छ । त्यतिबेला उनको प्रधानमन्त्री पद त चलिरहला तर सरकार भने चलाउन पाइने छैन । प्रधानमन्त्री आफू, चलाउनेचाहिँ अरू । यो उनलाई मन पर्ने कुरा भएन । त्यही भएर उनी चाहन्छन् कि आफू बाहिर रहेका बेला अरू जम्मै कुरा चले पनि सरकारचाहिं नचलोस् । अहिले उनी त्यही गरिरहेका छन् । आखिर उनी दुई तिहाइवाला सरकारका प्रधानमन्त्री हुन् । जसरी सरकार चलाउने तागत उनीसँग छ, त्यसरी नै सरकार नचलाउने तागत पनि उनीसँग छ । यतिबेला उनी सरकार नचलाउने तागत प्रयोग गरिरहेका छन् ।

ज्ञानेन्द्रको नाच


एलओडी

पूर्वराजा ज्ञानेन्द्र शाह काठमाडौँको एउटा नाइट क्लबमा गएर नाचेको घटनाले पूरा राजनीति तातेको छ । तात्नुपर्ने त देशको नाट्य क्षेत्र हो । कलाकार पनि तात्नुपर्ने हो । तर तात्न थालेका छन्, राजनीति र राजनीतिकर्मीहरू ।

उनी नाचेको देखेर केहीले यस्तो अनुमान पनि गरे, देशमा अब राजतन्त्र स्थापना हुन्छ कि क्या हो ? पूर्वराजा ज्ञानेन्द्रले नाचेरै देशमा राजतन्त्र ल्याउने हुन् कि ? दस वर्षअघि प्रचण्ड र बाबुरामले पनि

मिर्जा रिटर्न्स

कुनै बेला कपिलवस्तुको चुनावी क्षेत्रमा मिर्जाको मर्जी चल्थ्यो । मिर्जा दिलसाद बेगले उम्मेदवारी मात्र दिनुपर्थ्यो, नतिजा धमाधम उनकै पक्षमा हुन्थ्यो । मिर्जा आतंकले चम्बलको घाँटी याद दिलाउँथ्यो । मिर्जा आफ्नो क्षेत्रमा मात्र सीमित थिएनन् । सिंहदरबारमै तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालातिर संकेत गर्दै भन्थे, 'सौ गिरिजा, एक मिर्जा' । मिर्जा त रहेनन् तर उनको नक्कल गर्दै रौतहटमा देखिए, मोहम्मद आफताव आलम । भट्टीमा मान्छे पोलेको आरोप लागेका आलमले पनि मिर्जा शैलीमा थर्काएछन्, 'मलाई के ठट्टा ठान्नु भा'छ, यो जिल्लामा अब आग् लाग्छ, आग !' के यो मिर्जा रिटर्न्स हो ?

■ **वाटरगेट रिटर्न्स**

भाइरल भाषण

'**नक्सा** त प्रेसमा छापे भइहाल्यो नि । हामीलाई हाम्रो भूमि फिर्ता चाहियो । तिम्रो सेना फिर्ता लैजाऊ ।' प्रधानमन्त्री केपी ओलीले यति के भन्दिएका थिए, भारतीय मिडियामा पनि भाइरल । स्वदेशमा पनि उस्तै वाहवाही । धेरैको प्रतिक्रिया देखियो : 'यत्तिको अडान देखाएर कुरा गर्न सक्ने प्रधानमन्त्री मुलुकले कहिल्यै पाएको थिएन ।' गुड जब पीएमज्यू । गुड युज अफ 'सफ्ट डिप्लोमेसी' । कूटनीतिक पहल शून्य, बबाल प्रचार । अब कालापानीमा ६५ वर्षदेखि परेड खेलिरहेको भारतीय सेना खुरूक्क फर्किनेछ । त्यहाँ चन्द्रसूर्य झन्डा फर्फराउनेछ किनभने उनको भाषण भाइरल भइसक्यो ।

■ **सेन्टीभाइरस**

नाचेरै गणतन्त्र ल्याएका थिए ।

हामी सबैले देखेकै हौं, हिरोइन रेखा थापासँग प्रचण्ड छमछमी नाचेका थिए । गणतन्त्रका लागि भएको आन्दोलनमा रेखा र प्रचण्डको जोडी नाचेको सबैले देखेकै हुन् । त्यही नाचको फलस्वरूप देशमा गणतन्त्र आएको थियो । तथापि त्यतिबेला प्रचण्ड र रेखा सँगै नाचेका भए पनि केही विश्लेषकको निष्कर्ष भने अलि भिन्न छ । उनीहरू भन्छन्, त्यहाँ प्रचण्ड नाचेका होइनन्, उनलाई रेखाले नचाएकी हुन् । यथार्थ के हो, त्यो हामीलाई थाहा भएन । तर विश्लेषकको विश्लेषण छ, त्यतिबेला प्रचण्ड नाचेजस्तो देखिए पनि यथार्थमा उनलाई रेखाले नै नचाएकी हुन् । रेखाले नचाएकै कारण उनी नाचेका थिए ।

त्यसो त भन्नेहरू अर्को तेस्रो कुरा पनि भन्छन् । तेस्रो कुरा भन्नेहरू यसो भन्छन्, त्यतिबेला प्रचण्ड नाचेको भन्दा पनि उनलाई नचाइएको हो । तर नचाउने मान्छे रेखा थिइनन्, अर्कै थिए । अब त्यो 'अर्को' को हो, त्यो भने अज्ञात नै छ ।

समग्रमा यति कुराचाहिँ निश्चित हो कि देशमा प्रचण्डले नाचेरै गणतन्त्र ल्याएका थिए । देशमा गणतन्त्र आउनुमा 'नाच' को ठूलो योगदान छ । यतिबेला ज्ञानेन्द्र नाचिरहेका छन् । 'नाच' ले गणतन्त्र ल्याउन सक्छ भने 'नाच' ले राजतन्त्र पनि त ल्याउन सक्ला नि, कि कसो ?

हिंडिरहेको सीमास्तम्भ



जब ठन्डी मौसम सुरु हुन्छ, तब तराई क्षेत्रको यात्रा गर्ने मेरो नियमितजस्तै कार्यक्रम भइसकेको छ । तराई पनि सहरमा होइन, सीमा नै सीमा हुँदै गाउँ देहात यात्रा गर्ने । यस पटक पनि म ठन्डी सुरू हुनेबित्तिकै तराई-यात्रामा निस्किहालें । जाडोमा त्यता घुम्नुको मजा नै बेग्लै हुँदो रहेछ ।

घुम्दै जाने क्रममा गत साता म कुनै जंगलजस्तो लाग्ने सुनसान ठाउँबाट भारतीय सीमातिर गइरहेको थिएँ । चारैतिर खुला ठाउँ । मानिसको आवतजावत छैन नै भन्दा हुन्छ । त्यस्तो बेला टाढाबाट कोही नेपालतिर आइरहेको पनि देखें । यस्तो सुनसान ठाउँमा को आएको होला यो ? मनमा कुरा खेल्न थाल्यो । मेरो गहन ध्यान त्यही आकृतिमाथि केन्द्रित हुँदै जान थाल्यो । नजिक-नजिक आएपछि प्रस्ट हुँदै गयो । हेर्दै जाँदा देखियो, जो नेपालतिर आइरहेको आकृति हो, त्यो मानिसको आकृति होइन । ठिंग उभिएको छ । सीधा छ । टाउको छैन तर हातखुट्टा छन् । के हो यो ? गहिरिएर हेर्छु । ओहो ! यो त नेपाल-भारत सीमा क्षेत्रमा राखिने सीमास्तम्भ पो रहेछ ! त्यो पनि हिंडिरहेको ।

ओहो ! के देख्दै छु म ? बोर्डरमा बस्नुपर्ने सीमास्तम्भ त खुरूखुरू नेपालतिर पो हिंडेर आइरहेका रहेछन् । बडो थकित र निराश देखिन्थे, सीमास्तम्भ ।

नजिक गएर मैले सोधें,
'कता बाजे ?'

सीमास्तम्भले भन्यो, 'नेपाल जान लाग्या ।'

मैले भनें, 'नेपाल किन नि ? तपाईंको बसोबास त हाम्रो सीमा क्षेत्रमा होइन र ?'

उसले भन्यो, 'हुन त हो तर भएर के गर्नु बसिसक्नु छैन त्यहाँ । कहिले लात्ताले हान्न आउँछन्, कहिले मुंग्रोले ठोक्न आउँछन्, कहिले घन बजार्न आउँछन् । स्याहार्ने कोही छैन । घामपानी, चिसोतातो सारा खपेर बस्नुपर्छ । जिउमा पहिलेजस्तो तागत पनि छैन । त्यसैले नेपालतिरै बसूँ भनेर जान लाग्या ।'

त्यति भन्दै सीमास्तम्भ त्यही टुचुक्क बसे । विचरा थाकेर हिंड्नै नसक्ने भइसकेका रहेछन् ।

प्रधानमन्त्रीको प्रमोसन

केपी ओलीको भर्खरै प्रमोसन भएको छ, पाँच वर्ष प्रधानमन्त्रीमा । प्रधानमन्त्री त उनी पहिले पनि थिए तर साढे दुई वर्ष मात्र । २१ महिनापछि आएर पुष्पकमल दाहाल 'प्रचण्ड' र ओलीबीच फिफ्टी-फिफ्टी गर्ने तमसुक च्यातियो अरे । सरकारी नेकपाको सचिवालय बैठकबाटै बकाइदा लिखत नै पाए अरे । तेस्रो झमट प्रधानमन्त्री हुने प्रचण्ड कमरेडको इच्छा थियो क्यारे । मर्यादाक्रम ऐजन ऐजन राखेर ओली कमरेडले प्रचण्ड कमरेडलाई कार्यकारी अधिकार दिई थुमथुमाए अरे । प्रचण्डले कम्तीमा पार्टी बैठकको अध्यक्षता गरेर चित्त बुझाउने भए । सम्माननीय राष्ट्रपतिलाई साक्षी राखेर भएको 'ऐतिहासिक भागबन्डा' मा जनताले बधाईचाहिँ कसलाई दिने प्रचण्डलाई कि ओलीलाई ? कि पांच वर्ष प्रधानमन्त्रीको टुंगो लागेकामा आफैं लिने हो ?

■ **लाल कुमाल**

चमत्कारी ठेकेदार

सडक मर्मतको काम वर्षौंदेखि बेवास्ता गरेर अलपत्र छाडेपछि धुलोले आक्रान्त पीडितले बाँदर र कुकुरसँग ठेकेदारको फोटो जोडी सडकका पोलपोलमा झुन्ड्याएछन् । यस्तो विरोध देखेर तपाईंलाई कस्तो लागिरहेछ ? ठेकेदारलाई पत्रकारले सोधे । लज्जित हुँदै ठेकेदारले भने, ज्यादै नराम्रो लागेको छ । अब दुई दिनमै यो काम सकाउंछु । ओहो ! ६ वर्षमा नसकेको काम दुई दिनमै ? हया, जाबो पोलमा झुन्ड्याएको पोस्टर निकालेर फाल्न कति दिन लाग्छ र ? पत्रकार ठाउंको ठाउं बेहोस ।

■ **छुल्याहा गुरु**

कमलामा भूतप्रेत

राजकुमार राउत

एकाबिहानै चिसो पानीमा केही महिला र पुरुष काम्दै, उफ्रिँदै, चिच्याउँदै डुबुल्की मारिरहेका थिए भने केही बाजागाजासहित हातमा बेतको लौरो र बलिरहेको धुपौरो लिएर आफूले पाएको तन्त्रमन्त्र र ज्ञानगुन सिद्धिको कामना गरिरहेका थिए ।

यो अनौठो, अविश्वासिलो र अद्भुत दृश्य थियो– सिरहाको कर्जन्हा नगरपालिका–२ स्थित बन्दीपुर, उत्तरायणी कमला नदीको । कात्तिके पूर्णिमाको बिहान उत्तरायणी कमला नदीमा बर्सेनि भूत मेला लाग्छ । मेलामा तन्त्र, मन्त्र सिद्धि गर्ने धामी, झाँक्री, माता र तान्त्रिकहरूको भीड हुन्छ ।

यसपालि धनुषाका धामी मनोज पासवान गुरु वा अलौकिक शक्तिबाट पाएको ज्ञानगुन, तन्त्रमन्त्र सिद्धिका लागि चेलाचेलीसहित आएका थिए भने सिरहा, गोलबजारका जयकिशोर यादव परिवारलाई कसैले आँखा लगाउन नसकोस् भनी कमलामा पूजाआराधनाका लागि ।

धामी, झाँक्री, माता तान्त्रिकहरूले कात्तिके पूर्णिमामा कमला र गंगास्नान नगरेसम्म ज्ञानगुन, मन्त्र सिद्ध नहुने जनविश्वास छ । कमलामा स्नान र मन्त्र सिद्धिका लागि उदयपुर, सप्तरी, सिरहा, धनुषा, सर्लाही, महोत्तरी र भारतको बिहारदेखि तान्त्रिक आउँछन् ।

मेलामा हातमा बलिरहेको धुपौरो, बेतको लौरो लिएर काम्ने अनि चिच्याउने ९९ प्रतिशत महिला थिए । शरीरमा भूत, पिशाच, कुलका देवीदेवता उत्रेपछि महिला काम्ने, चिच्याउने, कराउने गरेको धामीहरूको भनाइ छ । ने

दिल्लीको चामल काठमाडौँमा

प्रीतम सिंह

राजा महेन्द्रले भारतबाट एकैचोटि डेढ सय गाडी ल्याउन अनुमति दिए, सन् १९६१ मा । त्यतिबेला राजधानी आसपासका सबैजसो जिल्लामा खाद्य संकट पर्‍यो । उपत्यका नजिकका स्थानीय खाद्यान्न नपाएपछि आफ्ना थातबास छाडेर सुगम थलोमा आएर बस्न थाले । पानी नपरेपछि सुक्खा हुँदा स्थानीयले अन्नपात, खेतबालीसमेत लगाउन पाएनन् ।

राजधानी वरपरका जिल्लामा खाद्य संकट परेपछि तत्कालीन सरकारले छिमेकीसहित दातृ निकायसँग सहयोग माग्यो । यसैक्रममा छिमेकी भारतले नेपाललाई मानवीय सहायतास्वरूप १० हजार टन चामल उपलब्ध गराउने घोषणा गर्‍यो । भारतले नेपाललाई सहयोगस्वरूप उपलब्ध गराएको चामल दिल्लीबाट रक्सौल ल्याइपुर्‍याइदियो । तर नेपालमा सडकका नाममा अमलेखगन्ज-भीमफेदीसम्म मात्र मोटर कुद्थे । रक्सौल आइपुगेको भारतीय चामल सुरुमा भारतीय सेनाले काठमाडौँ ल्याइदिने घोषणा गरेको थियो ।

भारतीय सेनाले यस्तै २०-३० टन चामल लरी (ट्रक) मार्फत रक्सौलबाट काठमाडौँ ल्यायो । तर नेपालको भौगोलिक अवस्थिति र खराब बाटोका कारण काठमाडौँ चामल लिएर आउने क्रममा केही भारतीय सैनिक दुर्घटनामा परेर घाइते भए भने केहीले त ज्यानसमेत गुमाए । भारत सरकारले निःशुल्क काठमाडौँ चामल पुर्‍याइदिने घोषणा गरे पनि उसको सेनाले सकेन । चामल लिएर आउने भारतीय सेनाका गाडी काठमाडौँ पुग्न ४-५ दिन लगाउँथे ।

प्रतिकूल भौगोलिक अवस्थितिका कारण समय बढी लागेपछि भारतीय सेनाले अन्य उपायबाट काठमाडौँमा चामल ल्याउन सकिने सुझाव नेपाल सरकारलाई दियो । त्यो विकल्प भनेको हवाई यातायात हुन्थ्यो । त्यसका लागि भारतीय सैनिकले थप लागत माग गर्‍यो । तर नेपालसँग रकम तिर्न सक्ने सामर्थ्य थिएन । नेपालमा ट्रान्सपोर्ट चलाउने हामी मात्र थियौँ ।

राजा महेन्द्रले मलाई दरबार बोलाए र सुक्खापीडितका लागि आएको चामल रक्सौलबाट काठमाडौँ ल्याइदिन आग्रह गरे । त्यतिबेलाको १० हजार टन खाद्यान्न परिमाणमा ठूलो थियो । चामल बोक्ने साधन पर्याप्त थिएनन् । मैले यसबारे राजा महेन्द्रलाई जानकारी गराएँ । मेरो कुरा सुन्नेबित्तिकै राजाले एकैचोटि ५ सयदेखि ६ सय ५० सम्मका नम्बर प्लेटयुक्त भारतीय मालवाहक ट्रक नेपालमा ल्याउन अनुमति दिए । ती ट्रक यहाँ ल्याउँदा भन्सार, कर सबै छूट दिइयो । त्यसपछि डेढ सय ट्रकमार्फत रक्सौलबाट सहयोगको चामल काठमाडौँ ल्याउन थाल्यौँ ।

राजा महेन्द्रको आग्रहअनसार हामीले त्यतिबेला खाद्यान्न ढुवानी गर्दा लाग्ने शुल्कभन्दा धेरै कममा चामल बोक्यौँ । २ रूपैयाँ १५ पैसा प्रतिटनमा भारतीय सहयोगको सबै चामल काठमाडौँ उतार्‍यौँ । त्यो चामल सरकारले सुक्खापीडितलाई बाँड्यो । खाद्य संकटमा परेकाहरूको सहयोगार्थ सेवा गरेबापत सदर धान गोदाम हुँदै खाद्य संस्थान (हाल खाद्य व्यापार कम्पनी लिमिटेड) का हाकिम हस्ते मलाई राजा महेन्द्रले १ हजार रूपैयाँ बक्सिस दिएका रहेछन् । त्यो रकम बुझेँ । काठमाडौँमा सहयोगको चामल उतारेको केही दिनपछि राजा महेन्द्रले मलाई दरबारमा बोलाए ।

सरदारहरू साहसी र इमानजमानका पक्का हुँदा रहेछन्, विपद् आइलागेको समय हामीलाई सहयोग गरेको भन्दै धन्यवाद दिएर राजाले मलाई फुर्काए । त्यसपछि संस्थागत रूपमा हाम्रो कम्पनी र व्यक्तिगत रूपमा म नेपालभर प्रशंसित भयौँ । हामीले भारतबाट एकैचोटि ल्याएका डेढ सय गाडी दुई वर्षसम्म नेपालमा चले र उतै फर्काइदियौँ ।

सन् १९६२ तिर बागमती अञ्चलाधीश थिए, विष्णुमणि आचार्य दीक्षित । धेरैजसोले यिनलाई काले बाजे पनि भन्थे । राजा महेन्द्रका एकदमै विश्वासपात्र । कतिसम्म भने राजाले प्रधानमन्त्री, मन्त्रीभन्दा पनि यिनलाई महत्त्व दिन्थे ।

बाजेले मलाई छोरासमान मान्थे । दरबारसँग बलियो पहुँच भएका यिनै आचार्यका कारण हामीलाई ट्रान्सपोर्ट व्यवसाय फैलाउन थप मद्दत पुग्यो । नेपालका ठूल्ठूला आयोजनामा खाद्यान्न पुर्‍याउन ठेक्का पायौँ । राजा सिकार खेल्न उपत्यकाबाहिर जाँदा बन्दोबस्तीका सामान लैजाने, सेना, प्रहरीका खाद्यान्न ढुवानी गर्ने, ठूला आयोजनाका निर्माण सामग्री बोक्ने जिम्मा पनि हामीले नै पायौँ । काले बाजेले नै सदर धान गोदाममा उपत्यका बाहिरबाट धान ल्याउन लाइनसमेत मिलाइदिए ।

■ **प्रस्तुति : गोकुल अर्याल**

सहरैपिच्छे ‘टाइम बम’

लागूऔषध ओसारपसार र दुर्व्यसनको कारण गलत संगत, बेरोजगारी र परिवारको बेवास्ता

माधव घिमिरे/विराटनगर

डेढ दशकअघि धरान आएका डेनमार्कका समाजशास्त्री खलिल अहमदले एक अध्ययनको निष्कर्ष लेखेका थिए, ‘टाइम बम अन्डर द सिटी’। लागूऔषध ओसारपसार, बिक्री, सेवन र बढ्दो प्रयोगकर्ताको अवस्थाको आधारमा उनले दिएको सुझाव पहिल्याएर प्रभावकारी नियन्त्रण गर्न नसक्दा दिनदिनै विकराल बन्दै गएको छ।

धरानस्थित किराँत याक्थुङ चुम्लुङ पुनर्जीवन केन्द्रको परामर्शदाताका रूपमा सन् १९९९ मा अनुसन्धान गरेका अहमदले लागूऔषध कारोबार र प्रयोगको अवस्था नियन्त्रण नगरिए पारिवारिक र सामाजिक विचलनसमेत बढ्ने भन्दै कुनै पनि बेला ‘टाइम बम’ जस्तै विस्फोट हुन सक्ने प्रतिवेदनमा उल्लेख गरेका थिए। लागूऔषध प्रयोगकर्ता नयाँ पुस्ता र आसपास क्षेत्रमा स्थलगत अध्ययनपछि उनले निकालेको निष्कर्ष धरानमा मात्र होइन, प्रदेश १ का मुख्यजसो सहर-बजारसँग हुबहु मिल्छ।

प्रदेश १ का प्रमुख सहरमा लागूऔषध कारोबार र प्रयोग भयावह रूपमा बढिरहेको तथ्यले पुष्टि गरेका छन्। यसले घरपरिवारमा विग्रह ल्याएको छ। अभिभावकलाई निराश बनाएको छ भने कतिपय अवस्थामा ज्यानै जानेसम्मका घटना भएका छन्। सुनसरी, मोरङ र झापाका सीमावर्ती भारतीय बजारबाट सहजै भित्र्याइने लागूपदार्थ पूर्वका धरान, दमक, विराटनगर, इटहरी, बेलबारी, पथरी मात्र होइन, पहाडी जिल्लाका बजारसम्म पुग्ने गरेको छ। सीमावर्ती बजारमा चिया पसलमा समेत यस्ता औषधी बिक्री हुने गरेको छ।

धरानकी सोनिका विक, २०, दुई वर्षदेखि मोरङ जिल्ला कारागारमा छन्। निरन्तर लागूऔषध सेवन गर्ने उनी भारतीय सीमावर्ती बजारबाट लागूऔषध ओसार्थिन्। गलत संगत, बेरोजगारी, अभिभावक-परिवारको बेवास्ताका कारण यसका प्रयोगकर्ता बढिरहेका छन्। चाँडै धेरै पैसा कमाउने ध्याउन्नमा कतिपय यसको व्यापारमै लाग्ने गरेका छन्। यस्तो कामका लागि उनीहरू जस्तोसुकै जोखिम मोल्न पनि तयार रहने गरेको पाइएको छ। केही दिनअघि डिभिजन वन कार्यालय उदयपुरको सरकारी मोटरसाइकलमा लागूऔषध ल्याउँदै गरेको अवस्थामा राजविराजका कपिल यादव, २६, सीमानजिक पक्राउ परे (*तस्बिरमा*)। मोरङका प्रहरी नायब उपरीक्षक (डीएसपी) घनश्याम श्रेष्ठ अभिभावक र परिवारका अरू सदस्यले छोराछोरी कस्तो संगत र रहनसहनमा छन् भन्ने समयमै ख्याल नगर्दा युवा पुस्ता बढी लागूपदार्थ दुर्व्यसनको सिकार बनिरहेको औंल्याउँछन्। प्रदेश प्रहरी कार्यालयअन्तर्गत लागूऔषध नियन्त्रण ब्युरोको टोलीले दिनमै अनेक समूह पक्राउ गर्छ। उनीहरूबाट ठूलो परिमाणमा लागूऔषध बरामद हुने गरेको छ।

१६-२५ उमेर समूह बढी

०७६ वैशाखदेखि साउनसम्म १ हजार ३ सय ७६ जना लागूऔषध प्रयोगकर्ताबीच प्रदेश प्रहरीले गरेको सर्वेक्षणमा सबैभन्दा बढी १६ देखि २५ वर्ष उमेर समूहका दुर्व्यसनीमा फसेको पाइएको डीएसपी घनश्याम श्रेष्ठको भनाइ छ।

सर्वेक्षणअनुसार १३ सय ७६ मध्ये १६ देखि २५ वर्ष उमेर समूहका ८ सय ३३, २६ देखि ४० वर्ष उमेर समूहका ५ सय ४, ४१ देखि ५० वर्ष उमेरका २४, ५१ वर्षभन्दा माथिका ३ जना र १८ वर्षभन्दा कम उमेरका १२ जना छन्। ९८ प्रतिशतले भारतीय सीमावर्ती बजार जोगवनीबाटै लागूऔषध खरिद गर्ने गरेको पाइएको छ।

विराटनगरमा वर्ष दिनमा बरामद हुने लागूऔषध ५० लाख रुपैयाँ हाराहारी हुने गरेको प्रहरीले जनाएको छ। विराटनगरबाट भित्रिएको लागूऔषध अन्य जिल्लामा सहजै पुग्छ। लागूऔषध प्रयोगकर्ताले पारिबाट एभिल, डाइजेपाम, नोरजेसिक, स्पास्मो प्रोक्सिवन, नाइट्रोसन, लुपिजेसिक, फेनार्गन, सिरिन्ज र खोकी लाग्दा प्रयोग हुने झोल औषधी कोरेक्स ल्याउँछन्। केही वर्षयता ओसारपसारको तरिका फेरिएको पाइएको छ। मोटरसाइकलको पेट्रोल ट्यांकीमा लुकाएर, शरीरमा टेपले टाँसेरसमेत लागूऔषध ल्याउँछन्।

लागूऔषध कारोबारको मुख्य केन्द्र मानिएको जोगवनीको टिकुलिया बस्तीमा दुर्व्यसनीबीच पटक-पटक झडपसमेत हुँदै आएको छ। ने

मनबहादुर बस्नेत

फरहदवा काण्डका 'कानुनी त्यसपछि

मनबहादुर बस्नेत

छातीसम्म झुन्डिएका सेताम्मे लामा दाह्री । मुडुलो टाउको । लामो अनुहार । उनका चिम्सा आँखा र खोपिल्टा परेका दुवै गालामा गहिरो चिन्ताको छाप प्रस्टै झल्किन्छ ।

सुरुमा त नौलो मानिस देख्नासाथ उनी झस्किए । परिचय दिएपछि भने बिस्तारै सामान्य देखिए । तर एक घन्टाको कुराकानीको दौरान उनी पटक-पटक विह्वल बने ।

सर्लाही गोडैता नगरपालिकाका सफी अहमद साता दिनअघि भेटिँदा यही हालतमा थिए, जो १२ वर्ष पुरानो रौतहटको राजपुरस्थित फरहदवा बमकाण्डका साक्षी र पीडित हुन् ।

उनलाई अहिले प्रहरीले विशेष 'सुरक्षा' दिएर राखेको छ । *नेपाल*सितको कुराकानीमा यी मुस्लिम वृद्ध पटक-पटक भक्कानिए । नभक्कानिऊन् पनि किन ? एकातिर प्रहरीले उनलाई सुरक्षाका नाममा नियन्त्रणमा राखेको छ भने अर्कातिर सर्लाहीको गाउँमा रहेको आफ्नो परिवारको हालत कस्तो छ भन्ने यकिन छैन ।

"एसपी (रौतहट प्रहरी प्रमुख भूपेन्द्र खत्री) सापले हरेक दिन फोन गरेर सबैलाई ठीक छ भन्ने जानकारी दिनुहुन्छ," सफी भन्छन्, "तर के थाहा हजुर ? ठीक छन् कि छैनन्, आँखाले देखेको छैन ।" यति भनेर उनी दुई हातले अनुहार छोपेर मुर्छित बने ।

१२ वर्षअघिसम्म सफी नेपालबाट गाईवस्तु र बाखापाठा खरिद गरेर अवैध बाटोबाट भारत पुऱ्याउँथे । २७ चैत ०६४ को दिन भने उनका लागि यो काम पनि अन्तिम बन्यो । उक्त साँझपख उनी राजपुर हुँदै चौरको बाटोबाट गाईवस्तु धपाएर भारतीय सीमावर्ती गाउँतिर लाग्दै थिए । उनका भारतीय साहू शेख मन्सुर पनि सँगै थिए तर मोटरसाइकलमा ।

राजपुर बजारमा पुगेपछि बाटो छेउमा मानिस उभिरहेका देखे, सफीले । प्रहरी पनि थिए । एक सिपाहीले उनलाई रोके । "म त साहूको कामदार," उनले पछाडि आइरहेको मोटरसाइकलतिर देखाउँदै प्रहरीलाई भने, "साहू उनै हुन् ।"

साहू शेख मन्सुर आएपछि प्रहरीले दुवैलाई जान भन्यो । यसबीच गाईगोरु पर पुगिसकेका थिए । मन्सुर मोटरसाइकलमा हुइँकिए ।

सफी गाईवस्तु भेट्याउन लामो-लामो पाइला सार्दै अगाडि बढे । बाटोदेखि २ मिटरजति पर दुई मानिस आपसमा धकेलाधकेल गरिरहेको सफीले देखे । त्यतातिर हेरेका मात्र के थिए, त्यहाँ अचानक ठूलो आवाजमा केही पड्कियो ।

"उता धुवाँ उड्यो । यता म लडेँ । पेटमा छाम्दा रगत बगिरहेको थियो । मानिस यताउता भागिरहेका थिए । हत्तपत्त आफ्नै गलाको गम्छाले रगत बगिरहेको पेटमा बाँधेर साहू भएको ठाउँ पुगेँ," उनी सम्झन्छन् ।

त्यसपछि के भयो, उनलाई थाहा छैन । रगत बगेपछि उनी बेहोस बनेछन् । होस खुल्दा भारतको मोतीहारी अस्पतालमा पाए, आफूलाई । उनकी पत्नीले भनेपछि पत्तो पाए, ब्युँझँदा १९ दिन बितिसकेको रहेछ । साहू शेख मन्सुरले मोटरसाइकलमा राखेर मोतीहारी उपचारका लागि पुऱ्याएपछि उक्त दुर्घटनाबाट बाँचेका हुन्, उनी । राजपुरमा बम बनाउने क्रममा भएको विस्फोटमा सफी घाइते भएका रहेछन् । उनी चार महिना अस्पताल बसे ।

घाउ लागेको ठाउँमा देब्रे तिघ्राको मासु काटेर पुरिदिए चिकित्सकले । उनको तिघ्रामा मासु काटेको खत अझै देखिन्छ । पेटको खत त सायद जीवनभर चिनो हुनेछ । सफीले निको भएर गाउँ आएपछि भने उक्त घटनामा दुई जनालाई जिउँदै जलाएको हल्ला सुने । "मलाई पनि घाइते भएर त्यहीँ भेटेको भए जलाउने रहेछन्," उनी भन्छन्, "उनीहरू बडो खतरनाक मान्छे रहेछन् ।"

चिकित्सकले सफीलाई भनेका छन्, 'चाँडो-चाँडो र थोरै-थोरै खाइरहनू । पेट डम्म हुने गरी नखानू । जोडेको ठाउँ चुँडिन सक्छ ।' विस्फोटबाट उनको ठूलो आन्द्रा छिनेकाले अप्रेसन गरेर जोडिएको रहेछ । त्यही भएर तीन-तीन घन्टामा उनी खानेकुरा खाइरहन्छन्, थोरै-थोरै । एक वर्षसम्म 'फलोअप' का लागि मोतीहारी धाइरहे उनी ।

घाउ बिस्तारै निको भए पनि सफी पुनः कहिल्यै गाईवस्तु खरिदबिक्री गर्ने आफ्नो

स्थलगत रौतहट

अपराधको आडमा चलेको एउटा 'छुट्टै राज्य'

साक्षी र पीडितको चिन्ता

प्रक्रिया त टुंगिएला, हाम्रो रक्षा हुन्छ कि हुँदैन ?'

पुरानो पेसामा फर्कन सकेनन् । आफ्नो खेती गर्ने जमिन थोरै भएपछि परिवार पाल्न पशु खरिद बिक्रीमा लागेको सफीको भनाइ छ । "दुर्घटनामा परेपछि मेरो परिवारको बिचल्ली भयो," उनी फेरि भक्कानिए, "छोराछोरी पढाउन सकिएन ।"

सफी दम्पतीका दुई छोरी र चार छोरा छन् । दुवै छोरीको विवाह भइसकेको छ भने दुई छोरा विवाह गरेर भारततिर बस्छन् । उक्त दुर्घटनामा आफू नपरेको भए छोराछोरीलाई पढाएर उनीहरूको भविष्यको बाटो देखाइदिने सफीको ठूलो इच्छा थियो । तर परिवारको मियो नै थलिएपछि उनका केही सन्तानले एसएलसीसम्मको पढाइसमेत पूरा गर्न सकेनन् । "मैलेजस्तै मेरा सन्तानले दुःख नपाऊन् भन्ने चाहना थियो," उनी भन्छन्, "तर उक्त घटनाले हाम्रो जीवन नै कहाँ पुऱ्याइदियो ।"

सफीले १२ वर्षअघि लागेको उपचार खर्चको ऋणसमेत छिन्न सकेका छैनन् । साढे ३ लाख भारतीय रुपैयाँ अस्पतालमै खर्च भएको थियो भने त्यसबाहेक १ लाखजति खुद्रा खर्च भयो । २ लाख रुपैयाँ अझै तिर्न बाँकी रहेको सफीले बताए ।

प्रहरी स्रोतका अनुसार सफीको परिवार अहिले भारतमा आश्रय लिएर बसेको छ । विस्फोटका साक्षीको रूपमा सफीलाई प्रहरीले लगेपछि घटनाका योजनाकार मानिएका पूर्वमन्त्री मोहम्मद आफताव आलम पक्षबाट त्रास हुने भन्दै उनको परिवार लुक्न भारत पुगेको हो । सुरुमा प्रहरीले समेत सफीलाई घटनाको साक्षीका रूपमा सार्वजनिक गरेको थिएन ।

प्रहरीको भनाइमा सुरुदेखि नै उनलाई सुरक्षाका लागि छुट्टै राखिएको हो । आलम पक्षलाई सफी उक्त घटनामा घाइते भएकोसमेत कहिल्यै जानकारी भएन । रौतहट प्रहरी प्रमुख भूपेन्द्र खत्री भन्छन्, "आलम समूहले प्रभावमा पार्न सक्ने वा नमाने उसको सुरक्षामै तलमाथि हुने भएपछि प्रहरीले सुरक्षा दिनुपरेको हो ।"

रौतहट जिल्ला अदालतले समेत साक्षीको सुरक्षा गर्न आदेश दिएको छ । आलम पक्षका केही व्यक्तिले आफूलाई बन्धक बनाएर अदालतमा बयान फेर्न दबाब दिएको घटनाका अर्का प्रत्यक्षदर्शी एवं घाइते गौरीशंकर रामले सार्वजनिक गरेका थिए । चार दिनसम्म एउटा घरको कोठामा थुनेर आफू बम विस्फोटमा नभई स्टोभ पड्केर घाइते भएको बयान दिन दबाब दिएको गौरीशंकरले २६ कात्तिकमा रौतहटमा सार्वजनिक गरेका थिए । यही बेहोरा उल्लेख गरी गौरीशंकरको नाममा जिल्ला अदालतमा निवेदनसमेत परेको थियो । तर अदालतले यसलाई प्रमाणको रूपमा लिन अस्वीकार गरिदियो ।

विस्फोटमा घाइते भएपछि जिउँदै इँटाभट्टामा हालेर मारिएको भनिएका ओसी अख्तरकी पत्नी अमना खातुनले समेत पति विदेशबाट नफर्किएको भन्दै अदालतमा निवेदन दिएकी थिइन् । साक्षीले अस्वाभाविक रूपमा यसरी निवेदन दिएपछि अदालतले उनीहरूको सुरक्षामा ध्यान दिन आदेश दिएको हो ।

२९ कात्तिकमा न्यायाधीश दीपक ढकालको इजलासले गरेको आदेशमा 'कसुरको गम्भीरतालाई विचार गर्दा जाहेरवाला, पीडित र साक्षीलाई सुरक्षाको प्रत्याभूति दिनुपर्ने आवश्यकता देखिएको' उल्लेख छ । साक्षी संरक्षणात्मक आदेश शीर्षकको खण्डमा सरकारको नाममा चार बुँदे आदेश जारी गरिएको छ, जसमा उनीहरूको व्यक्तिगत बासस्थान सुरक्षा गर्नुपर्ने, उनीहरूलाई संरक्षणगृहमा राखिनुपर्ने र सुरक्षामा खलल पुऱ्याउनेलाई कारबाही गर्नुपर्ने उल्लेख छ ।

अदालतको आदेशलगत्तै प्रहरीले गौरीशंकर रामलाई पनि सफी भएकै ठाउँमा ल्याएको छ । तर उनीहरूलाई एउटै चिन्ता छ, कति दिन प्रहरीकहाँ आश्रय लिएर सुरक्षित हुने ? अदालतले आफतावलाई पुर्पक्षका लागि थुनामा पठाए पनि साक्षीहरूलाई एउटै डर छ, उनी निस्किए भने हामी फेरि प्रहरी कार्यालयमा शरण लिन जानुपर्ने त होइन ? सफी भन्छन्, "कानुनी प्रक्रिया त टुंगिएला, त्यसपछि हाम्रो रक्षा हुन्छ कि हुँदैन ?"

सायद, कानुनी राज्यको अनुभूति गौरीशंकर र सफी प्रहरी निगरानीबिनै आफूखुसी दिनचर्या बिताउन थालेपछि हुनेछ । ने

कालापानीलाई अन्तर्राष्ट्रिय

टीका ढकाल

लिम्पियाधुरा–कालापानी–लिपुलेक क्षेत्रमा भारतीय अतिक्रमणबारे नयाँ तथ्यहरू सार्वजनिक हुने क्रम रोकिएको छैन । लिपुलेकलाई लिएर १ जेठ ०७२ मा चीन-भारत सम्झौता भई संयुक्त वक्तव्य जारी भएको थियो । सम्झौताबारे यथार्थ अध्ययन गरी नेपालको सिमाना व्यवस्थापनसम्बन्धी सिफारिस गर्न सूर्यनाथ उपाध्यायको संयोजकत्वमा गठित कमिटीले परराष्ट्र मन्त्रालयलाई ०७२ मंसिरमा विस्तृत प्रतिवेदन बुझाएको थियो । प्रतिवेदनमा ठोस नापनक्सासहित भनिएको छ- मिचिएको जम्मा नेपाली भूभाग ३ सय ९५ वर्गकिलोमिटर हो।

लामो समयदेखि गैरसरकारी लिखत तथा दस्तावेजले अतिक्रमित भूभागको क्षेत्रफल ३ सय ७२ वर्गकिमि उल्लेख गर्दै आएका छन् । तसर्थ, नेपालका तर्फबाट एकरूपता कायम राख्न आधिकारिक मानेर उल्लेख गरिने तथ्यांक तत्काल सार्वजनिक हुनु उपयुक्त देखिन्छ। राष्ट्रिय सुरक्षासँग सम्बन्ध राख्ने विश्लेषण सामेल भएका सरकारी प्रतिवेदन सार्वजनिक गर्नु युक्तिसंगत नभए पनि त्यसका मिल्नेजति बुँदा र तथ्यांकको कार्यकारी सारांश मात्र सार्वजनिक हुन सके पनि नागरिक चेतनालाई अतिरिक्त बल मिल्छ ।

६५ वर्ष लामो कालखण्डमा जेलिएको यो समस्याको सजिलो समाधान कालापानीबाट भारतीय सेना फिर्ता गर्नु र भारतले सम्मानपूर्वक नेपालको भूभाग छाडिदिनु हो। तर उसले सजिलै त्यसो गरिहाल्ने देखिँदैन । नेपालको पक्षमा प्रमाणहरू यथेष्ट छन् भन्ने जानकारी नेपाललाई जत्तिकै भारतलाई पनि छ । अझ हुन सक्छ, नेपालसँग सक्कल नभएका भनिएका कतिपय कागजात र दस्तावेज उतैतिर वा औपनिवेशिक विरासत धानेको ब्रिटिस लाइब्रेरीतिर होलान्। नेपालसामु अहिले उपलब्ध बाटो ती सबै ऐतिहासिक प्रमाणका सक्कल जम्मा गर्ने र आफ्नो दलिल अकाट्य बनाउन सम्भव भएजति सबै उपाय सुरु गरिहाल्ने हो। विगतमा यस्तो प्रयास नभएको होइन, पर्याप्त नभएको मात्र हो ।

असल छिमेकी दाबी गर्ने मित्रराष्ट्रबाट सीमा अतिक्रमण हुनु दुखद विषय हो। भारतीय गृह मन्त्रालयको नयाँ नक्सा प्रकाशनले नेपालमा राष्ट्रिय तरंग उत्पन्न गरेपछिका भारतीय प्रतिक्रिया हेर्दा समाधान खोज्ने कार्य लामो तथा उतारचढावयुक्त कूटनीतिक बाटोबाट गुज्रिने निश्चित देखिन्छ। नेपालले आफ्नो भूगोलमाथिको दाबी सार्वजनिक अभिलेखमा रहने गरी दोहोऱ्याएपछि भारतले पनि पुरानै भाकामा प्रतिदाबी प्रस्तुत गरिरहेको छ ।

अहिलेको विवाद नयाँ भारतीय नक्साले ल्याएको होइन । नक्साले त केवल भारतद्वारा ६५ वर्ष अघिदेखि कब्जा भएको नेपाली भूगोलमाथि उसको नियन्त्रणलाई बल्झाएको हो । त्यसपछि काठमाडौँमा भएको सर्वदलीय बैठक, दिल्लीमा नेपालका राजदूत नीलाम्बर आचार्यको भारतीय विदेश सचिवसँग भेट, कालापानीबाट भारतीय सेना हट्नुपर्ने प्रधानमन्त्री केपी ओलीको सार्वजनिक अडानले दिल्लीमा उत्पन्न प्रतिक्रिया यसबीचका मुख्य घटनाक्रम हुन्। जनस्तरबाट आयोजित धेरै छलफल र सेमिनारले यस भूगोलमाथि नेपालको ऐतिहासिक स्वामित्वबारे नागरिकलाई सुसूचित गरेका छन् ।

आगामी महिना हुने प्रस्ताव गरिएको विदेश सचिवस्तरीय बैठकमा यस अतिक्रमणलाई भारतले मुद्दा बनाउन चाहिरहेको छैन। नेपाल अझै यसलाई कार्यसूचीमा सामेल गर्न प्रयासरत छ । अर्थात्, लिम्पियाधुरा-कालापानी-लिपुलेक 'एजेन्डा' ले दुवै देशको कूटनीतिक तानातानीमा प्रवेश पाइसकेको छ । नेपालमा एकताको भावना सुदृढ देखिएपछि भारत सितिमिति उसको 'पोजिसन' बदल्न तयार हुँदैन। यसअघि धेरै पटक सीमा-वार्ताको अनुभव बोकेका सबैजसो दलका नेताहरू यस्तो भारतीय शैलीबारे जानकार छन् । त्यसैले लिम्पियाधुरा-कालापानी-लिपुलेक अतिक्रमणले कसैको परीक्षा लिएको छ भने नेपाली राष्ट्रिय एकता कति टिकाउ छ भन्ने परीक्षा लिएको छ। इतिहासमा नेपाली राष्ट्रिय एकता मजबुत भएको वा बलियो सरकार भएको समय पेचिला द्विपक्षीय मुद्दाबाट भारत सकेसम्म पन्छिन्छ । कमजोर राजनीतिक धरातल भएका बेला तिनै मुद्दासँग मोलमोलाइ गरेर स्वार्थसिद्ध गर्छ । मोहनशमशेर वा मातृकाप्रसाद कोइरालाकै समयदेखि यस्ता दृष्टान्त बग्रेल्ती भेटिन्छन् ।

यसैबेला राष्ट्रिय एकता कमजोर बनाउँदै मुद्दा बराल्ने प्रयास प्रकट हुन थालेको देखिन्छ। प्रत्यक्ष विरोधको औजारले काम नगरेपछि अति समर्थन वा तत्काल ठूलो परिणामको अपेक्षा बढाउने कार्य प्रथम विश्वयुद्धअघि प्रयोग गरिएको आत्मघाती हत्कण्डा हो। सरायेबोमा अस्ट्रिया-हंगेरीका राजकुमार फ्रान्ज फर्डिन्यान्ड र उनकी पत्नी सोफीको हत्यापछि हत्यारा संगठन 'ब्ल्याक हयान्ड' र त्यसको नेता ग्याब्रिलो

करण गर्नुअघि

कालापानी अतिक्रमणलाई आजैदेखि अन्तर्राष्ट्रियकरण गरौँ भन्नु अव्यावहारिक हुन्छ, त्यसरी नै नेताहरूले अन्तर्राष्ट्रियकरण गर्नु हुँदैन भन्न थालिहाल्नु कायरताको प्रदर्शन हुन्छ।

प्रिन्सिपलाई कारबाही गर्नुको साटो सर्बियामाथि नै आक्रमण गर्ने दबाब बढाएर पहिलो विश्वयुद्ध छेडिएको हो । त्यहाँ अपराधीलाई देशसँग जोडेर सिंगो सर्बिया खत्तम गर्ने आशय भीडको थियो । यहाँ पनि मनमा सरकारलाई भारतसँग भिडाउने भावना राखेर मुखले चाहिँ 'आजै कालापानी चाहिएको' समर्थन जताउनु एक प्रकारको यस्तै लक्षण हो, जसलाई लियोन फेस्टिंगरले 'कग्निटिभ डिसोनेन्स सिन्ड्रोम' (संज्ञानात्मक विरोधाभासको लक्षण) भन्ने नाम दिएका छन् । राजनीतिक भाषामा यसको प्रयोग रणनीतिक उद्देश्यका लागि जानाजान गरिन्छ भन्ने सिद्धान्त पहिलो विश्वयुद्धपछि स्थापित 'ज्ञान' हो ।

फेरि जोड दिएर भन्नुपर्छ, लिम्पियाधुरा-कालापानी-लिपुलेक फिर्ता लिन नेपालसँग उपलब्ध पहिलो र प्रभावकारी बाटो द्विपक्षीय कूटनीतिक प्रयास नै हो । अतिक्रमित भूगोल फिर्ता गर्न सन् १८१६ को सुगौली सन्धि तथा सन् १८६० को नेपाल-बेलायत आदानप्रदान सन्धिलाई आधार बनाउनुपर्छ । यी सन्धिका सक्कल प्रतिहरू नभएको भनिए पनि उतार गरिएका प्रतिलाई नेपाल र भारत दुवैले मानेका छन् । तर जुन देशले आफैँसमेतको सहमतिमा गठित दुवै देशका प्रतिनिधि रहेको संयुक्त प्रबुद्ध समूहले तयार गरेको संयुक्त प्रतिवेदन बुझ्न अस्वीकार गरिरहेको छ, त्यसले सजिलै अतिक्रमित जमिन फिर्ता गर्ला भन्ने सोच्नु निरर्थक हुन्छ । त्यसैले नेपालले अतिक्रमणको विषयलाई निरन्तर उठाउनुपर्छ । अन्तर्राष्ट्रियकरण कूटनीतिक विकल्पको अन्तिम खुड्किलो भएकाले जसरी आजैदेखि अन्तर्राष्ट्रियकरण गरौँ भन्नु अव्यावहारिक हुन्छ, त्यसरी नै नेताहरूले अन्तर्राष्ट्रियकरण गर्नु हुँदैन भन्न थालिहाल्नु कायरता प्रदर्शन हुन्छ ।

नेपाल-भारतबीच खुला हृदयका साथ हुने द्विपक्षीय वार्ताले काम नगरेको खण्डमा अन्तर्राष्ट्रिय बाटो एउटा तरिका हुन सक्छ । यद्यपि सीमा विवादमा अन्तर्राष्ट्रिय मध्यस्थताको अनुभव मिश्रित देखिन्छ । मध्यस्थता गर्ने औपचारिक निकायहरू राष्ट्रसंघ र हेगस्थित अन्तर्राष्ट्रिय उच्च न्यायालय हुन् । विवादमा संलग्न दुई देशको सहमतिमा कुनै तेस्रो संगठन वा देशको मध्यस्थता पनि खोज्न सकिन्छ ।

दोस्रो विश्वयुद्धपछि उपनिवेशवादबाट स्वतन्त्र भएका अफ्रिकी राष्ट्रबीच उत्पन्न धेरै सीमा विवादलाई हल गर्न राष्ट्रसंघीय बाटो कारगर देखियो । तर हाम्रै छिमेकमा भारत आफैं संलग्न रहेको कश्मीर मुद्दा राष्ट्रसंघ सुरक्षा परिषद्बाट अन्ततः भारत-पाकिस्तानको द्विपक्षीय पोल्टामै फर्केको छ । कश्मीरको समस्या राज्यकै स्वायत्तताको विषयसँग जोडिएकाले समाधान दुरुह देखिएको हुन सक्छ । भारतसँगकै सीमा विवादलाई बंगलादेशले पनि सन् १९९० को दशकमा अन्तर्राष्ट्रियकरण गर्ने प्रयास गरेको थियो । सन् २०१५ मा दुई देशबीचको 'ल्यान्ड बाउन्ड्री एग्रिमेन्ट' पछि यसको आवश्यकता रहेन । भारत-श्रीलंकाबीच कथाचिबु टापुलाई लिएर आ-आफ्नो दाबी १९४७ देखि नै अनिर्णित छ ।

संयुक्त राष्ट्रसंघ बडापत्रको भाग ६, धारा ३३ मा सदस्य राष्ट्रहरूबीच सीमा वा अन्य विवाद भएमा शान्तिपूर्ण समाधानका उपाय अवलम्बन गर्नुपर्ने र त्यसका लागि संवाद, छानबिन, न्यायिक निरुपण र आपसी सहमतिमा क्षेत्रीय प्रबन्धनको सहभागिताका माध्यम सुझाइएको छ । यसै प्रावधानअन्तर्गत राष्ट्रसंघले अफ्रिका र एसियाका धेरै सीमा विवाद हल गऱ्यो । यद्यपि आज पनि संसारका १ सय १५ देशहरू कुनै न कुनै प्रकारको विवादमा संलग्न छन् ।

भौगोलिक दाबी टुंगो लगाउन अन्तर्राष्ट्रिय न्यायालयमा मुद्दा लैजाने बाटो पनि छ तर यस्ता उपाय सफल बनाउन चाहिने कूटनीतिक चुस्तता, आर्थिक क्षमता, भाषा वा अन्तर्राष्ट्रिय प्रचलनमा अभ्यस्त कुशल र 'टफ' वार्ताकार वा अनुवादकको समूह नेपालसँग छ कि छैन भन्ने हेर्नुपर्छ । कूटनीतिमा बाहिर हल्ला गरेजस्तो छिटो आन्तरिक तयारी हुन सक्दैन । मानव स्रोत विकास गर्न दशकौं लगानी गर्नुपर्छ । स्वार्थी तदर्थवादमा अल्झेको राजनीतिले विशिष्टीकृत क्षेत्रमा नेपालको क्षमता बढाउने विषयलाई कहिल्यै प्राथमिकतामा राखेन । अहिले उनै राजनीतिकर्मी र 'ब्युरोक्रयाट' हरू यो भएन र त्यो भएनका नाममा हल्लाको खेती गर्छन् । सार्वजनिक डिस्कोर्समा आलोचनात्मक-मूल्यांकनात्मक पद्धतिभन्दा सनकबाजी बलियो हुने यस्तै कारणले हो ।

नेपालले भारतसँग द्विपक्षीय उपायभन्दा पनि अघि एकपक्षीय रूपमा समयसीमा निर्धारण गरेर गर्न सक्ने काम छन् । नेपाल-भारत सीमा क्षेत्रमा स्थापना गरिएका स्तम्भको दुवैतर्फ दस-दस गज (जम्मा बीस गज) खाली रहनुपर्ने मानवरहित क्षेत्र छ । अन्तर्राष्ट्रिय सीमा व्यवस्थापनको सिद्धान्तविपरीत अहिले दसगजाका धेरै स्थानमा मानव बस्ती देख्न सकिन्छ । नेपालले यो क्षेत्र खाली गर्ने पहल आफैं गर्न सक्छ । आफ्नो सिमाना सुरक्षा गर्न नसक्ने राष्ट्र सुरक्षित हुन सक्दैन ।

सीमा क्षेत्रमा कमजोर भौतिक पूर्वाधारको अवस्था सुधार्न केन्द्र सरकारले सेना, सशस्त्र प्रहरी र स्थानीय पालिकासँग समन्वय गरेर एकीकृत पहल गर्न सक्छ । स्तरीय 'सर्भेलेन्स' प्रविधिले लैश सीमा सुरक्षा बलको अवधारणा कार्यान्वयन गर्न सक्छ ।

यस्ता कार्यको सुरुआत मात्रले पनि नागरिकलाई सरकारको उपस्थिति भएको अनुभव गराउँछ । शक्ति र स्रोतमा बलियो छिमेकी भएको हुनाले भारतको अतिक्रमणबाट लिम्पियाधुरा-कालापानी-लिपुलेक क्षेत्र फिर्ता गर्न नेपालले अकाट्य प्रमाणहरू एकीकृत गर्नुपर्छ । हालसम्म दुवैतर्फको संयन्त्रले समाधान खोज्न नसकेकाले प्रबुद्ध समूहजस्तै संयुक्त राजनीतिक आयोगको गठन एउटा कूटनीतिक उपाय हुन सक्छ । भारतले नमानेमा नेपालले आफैं यस्तो आयोग बनाएर ट्र्याक-१ र २ का मार्ग पहिल्याउन सक्छ । प्रविधिले कुनै पनि विषयलाई अत्यधिक पारदर्शी बनाउँदै लगेको आजको युगमा नेपाल र भारत लामो समय पारस्परिक खिचातानीमा अल्झिएर अकर्मण्य रहने ठाउँ साँघुरिँदै गएको देखिन्छ । नेपालका दलहरू यस मामिलामा आरोप-प्रत्यारोपबाट जोगिएर एकताबद्ध रहिरहन सक्नुचाहिँ सबैभन्दा ठूलो चुनौती हो । विभाजित र कमजोर हुँदा हामीले केवल गुमाएका छौं । ■

KANTIPUR PUBLICATIONS PVT. LTD.
KMG
KANTIPUR MEDIA GROUP
नेपाल म्यागजिन
अब APP मा पनि
आजै डाउनलोड गर्नुहोस् ।
GET IT ON
Google Play
Available on the
App Store

ससुराको शक्तिमा बुहारीको रजाइँ

मन्त्रिपरिषद् पुनर्गठनमा ओली र प्रचण्ड दुवैबाट काखापाखा

माधव बस्नेत

संघीय संसद्मा कञ्चनपुर-१ बाट निर्वाचित बिना मगरले ३ चैत ०७४ मा खानेपानी मन्त्रीको जिम्मेवारी सम्हाल्ने अवसर पाइन् । जिम्मेवारी पाएको तीन दिन नबित्दै ६ चैतमा मेलम्ची खानेपानी आयोजना निरीक्षणका लागि सिन्धुपाल्चोक पुगिन् । र, निर्माण कार्यलाई तीव्र गतिमा अघि बढाउन सम्बन्धित निकायलाई निर्देशन दिइन् । मेलम्चीको मुहान ताम्बाथान पुगेकै भोलिपल्ट ७ चैतमा काठमाडौँमा आयोजित साक्षात्कारमा उनले २५ दिनभित्र मेलम्चीको पानी सुन्दरीजलमा आइपुग्ने दाबी मात्र गरिनन्, ०७५ को दसैँअघि नै उपत्यकाभित्रका घरघरमा पानी पुग्ने वाचा गरिन् । भन्दै थिइन्, 'स्वच्छ पानी पिउन पाउने नागरिकको मौलिक अधिकारलाई म दसैँअघि

बिना मगर, खानेपानी मन्त्री

नै व्यवहारमा उतार्नेछु ।'

यसपछि मन्त्री मगर आफैँले रोजेर गजेन्द्र ठाकुरलाई खानेपानी मन्त्रालयको सचिवमा लगिन् । मन्त्री मगरको वाचाअनुसार दसैँअघि मेलम्चीको खानेपानी उपत्यकामा त आएन नै, समय क्रममा आफैँले रोजेको सचिवसित मनमुटाव बढ्यो । सचिव ठाकुरलाई हटाउन उनले मन्त्रिपरिषद्मा प्रस्ताव लगिन् । ७ फागुन ०७५ को मन्त्रिपरिषद् बैठकले ठाकुरलाई 'जगेडा' मा धकेल्यो ।

सचिव ठाकुर पनि के कम ! उनले मन्त्रालयमै पत्रकार बोलाएर मन्त्री मगरले काम छाडेर हिँडेको इटालियन कम्पनी सीएमसीलाई गैरकानुनी भुक्तानी दिन दबाब दिएको र त्यसो गर्न नसक्ने/नहुने अडान लिएपछि आफूलाई सरुवा गरिदिएको पोल खोले । सचिव ठाकुरका अनुसार काम छाडेर हिँडेको ठेकेदार कम्पनीलाई २ अर्ब ५९ करोड ८० लाख रुपैयाँ भुक्तानी दिन मन्त्री मगरले दबाब दिँदै आएकी थिइन् । ठाकुर भन्दै थिए, 'मन्त्री आफूलाई आर्थिक लाभ हुने गैरकानुनी काम गर्न मात्र दबाब दिन्थिन् । मैले त्यस्तो गर्न मानिनँ । त्यही भएर उनले मलाई हटाएकी हुन् । मेरो सरुवा ठूलो कुरा होइन, तर मैले राज्यकोषमा ठूलै रकम बचाएको छु ।'

०७५ मात्र के ! ०७६ को दसैँसमेत बितिसकेको छ । तर मेलम्चीको पानी कहिले आइपुग्छ ? अन्योल कायमै छ । मेलम्ची खानेपानी राष्ट्रिय गौरवको आयोजना हो । यद्यपि यसले अहिले जुन हालत भोग्दै छ, त्यसका लागि मन्त्री मगरमा कार्यकुशलताको कमी रहेको सर्वसाधारणले समेत प्रत्यक्ष महसुस गरिरहेका छन् । जसै पछिल्लो पटक प्रधानमन्त्री केपी ओलीले मन्त्रिपरिषद् पुनर्गठन गर्ने विषय घनीभूत बनाउँदै थिए, धेरैको अनुमान थियो- आफ्नो वाचामा पटक-पटक चुकेकी मन्त्री मगर हट्नेको पहिलो सूचीमा पर्छिन् ।

४ कात्तिक साँझ जब ओलीले मन्त्रिपरिषद् फेरबदलको 'सरप्राइज' सूची दिए, सर्वसाधारणको अनुमान गलत सावित भयो । अर्थात्, मगर मन्त्रीमा यथावत रहिन् । बरु १४ मंसिर ०७५ मा राजधानीका खम्बा-खम्बामा नयाँ युगको सुरुआत भन्दै प्रधानमन्त्री ओलीको फोटो टाँसेर सामाजिक सुरक्षा कार्यक्रम घोषणाको अगुवाइ गरेका गोकर्ण विष्ट श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीबाट हटाइए ।

कतिसम्म भने विष्टकै अगुवाइमा अघि बढेको सामाजिक सुरक्षा कार्यक्रममा ५ हजार रोजगारदाता कम्पनीका ६६ हजार ४ सय ९ श्रमिक आबद्ध भइसकेको ओली स्वयंको दाबी छ । विष्टले सम्हालेको मन्त्रालयकै योजनामा अघि बढेको 'प्रधानमन्त्री रोजगार कार्यक्रम' लाई पनि ओलीले ठूलै उपलब्धि मानेका थिए ।

मलेसिया, साउदी, कतार, युनाइटेड अरब इमिरेट्सलगायत मुलुकमा रोजगारीमा जाने युवामाथि भएको ठगीविरुद्ध पनि मन्त्री विष्ट कडा रूपले प्रस्तुत भएका थिए । तर प्रधानमन्त्री ओली र उनी निकटका नजरमा तिनै विष्ट मन्त्री बनिरहन 'योग्य' ठहरिएनन् । सर्वसाधारणका नजरमा धमिलो छवि बनाएकी मगर भने टसमस हुनु परेन । मगर मन्त्रीमा टिकिरहनुको एउटै कारण थियो, उनी नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' की बुहारी हुन् । यो बुझेरै प्रचण्डको गृहनगर चितवनकै लेखक सरिता तिवारीले ४ कात्तिक साँझ फेसबुकमा पोस्ट गरिन्, 'युद्ध र आन्दोलनको नेतृत्व गरेको हिजोको 'बाघ' क्रान्तिकारी आज छोरी-बुहारी र आसेपासे ठेकेदार-बिचौलियाको भरमा अडिएर राजनीतिको पसल थाप्न, गिड्गिडाउन अभिशप्त छ । कुनै बेला आफूले 'हिरो' मानेको सुप्रिमो कमरेडको यो अभिशप्तता देखेर माया लाग्ने हेर्नुस् ।'

रोचक के भने प्रधानमन्त्री ओली र पूर्वप्रधानमन्त्री प्रचण्डको खुसामदमा जसरी मन्त्रिपरिषद् पुनर्गठन गरियो, निवर्तमान एक मन्त्रीको भनाइमा त्यसमा काखा र पाखा गरेको प्रस्टै देखियो । "प्रधानमन्त्री ओली र प्रचण्डको सल्लाहमा ज-जसलाई मन्त्रीमा भित्र्याइयो, तिनीहरू परीक्षण हुन बाँकी पनि छैनन् । निष्कलंकित पनि छैनन् । त्यो फेरबदल न त समावेशी सिद्धान्तमै आधारित छ," निवर्तमान मन्त्री भन्छन्, "हामी केहीलाई मन्त्रीबाट हटाइयो भनेर मैले यसो भनिरहेको छैन । ओली-प्रचण्डको सोच, व्यवहार यति तल्लो तहको होला भन्ने कल्पनै गरेको थिइनँ ।"

मुद्दा चल्दाचल्दै मन्त्री

नयाँ मन्त्रिपरिषद्मा थपिएका हृदयेश त्रिपाठी, लेखराज भट्ट, रामेश्वर राय यादव पटक-पटक मन्त्री भइसकेका पात्र हुन् । पार्वत गुरुङले 'ज्यान मार्ने उद्योग' मा मुद्दा खेपिरहेका छन् । सरकारका तर्फबाट प्रहरीले नै उनलाई ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता गरेको हो । भलै कानुनले यसबारे केही बोलेको छैन । अधिवक्ता वासुदेव शर्माका अनुसार न्यूनतम नैतिक मान्यता बोक्ने हो भने त्यही राज्यले सरकारीवादी मुद्दा चलाएको व्यक्तिलाई मन्त्री बनाउन मिल्दैन । भन्छन्, "कानुन मौन छ । यो नैतिक विषय हो । नैतिकताको शिर ठाडो बनाउने हो भने मन्त्री बनाउन मिल्दैनथ्यो ।"

पूर्वमन्त्री, नेकपाका केन्द्रीय सदस्य तथा प्रदेश २ का नेकपा अध्यक्ष प्रभु साहले फेसबुकमै लेखे, 'कार्यसम्पादनका आधारमा मन्त्रिपरिषद् पुनर्गठन गर्ने भनिए पनि अन्ततः गुटगत पूर्वाग्रह र लेनदेनकै आधारमा गरेको देखियो । मन्त्री हटाउँदा वा राख्दा सामान्य कम्युनिस्ट मूल्य-मान्यता पनि लागू भएको देखिएन । योग्यहरूलाई हटाउने र अयोग्यलाई मन्त्री

कविन अधिकारी

बनाउने नेतृत्वको यस्तो महान कार्यले हामी फेरि एकचोटि लज्जित भएका छौँ ।'

साहको फेसबुक स्टाटसले नेकपाभित्र ठूलै तरंग ल्याइरहेको छ। साह भन्छन्, "मन्त्री फेरबदलमा जुन शैली अपनाइयो, त्यो बुर्जुवा शैलीभन्दा तल्लो तहको छ। नेताहरूले यस्तो शैलीलाई सच्याउनुपर्छ भन्ने मेरो आग्रह हो।" यस्तो अभिव्यक्ति दिने साह एक्ला नेता होइनन्, केन्द्रीय सदस्य लेखनाथ न्यौपानेको आक्रोश पनि साहको भन्दा कम छैन, 'मार्क्सवाद नपढीकनै मार्क्सवादी बन्न पाइने, कम्युनिस्ट घोषणापत्र नदेखेरै कम्युनिस्ट शीर्ष नेता हुन पाइने, त्यस्तै पात्रहरू कम्युनिस्ट पार्टीको नेतृत्वको शक्तिशाली सरकारको सफल र योग्य मन्त्री घोषित हुने, अक्षमता र भ्रष्टाचार समाजवादका सहयात्री । क्या मज्जा ! समाजवाद हाम्रै पालामा !?'

रूपन्देहीबाट निर्वाचित घनश्याम भुसाल र पाँचथरबाट निर्वाचित वसन्तकुमार नेम्बाङ मात्रै परीक्षण हुन बाँकी मन्त्री हुन् । नेम्बाङ पटक-पटक संसद्मा विजयी हुँदा पनि मन्त्री बन्न सकेका थिएनन् । भुसाल झलनाथ खनाल प्रधानमन्त्री हुँदा मन्त्री भए पनि मन्त्रालयको कार्यकारी अधिकार प्रयोग गर्न पाएका थिएनन् । मन्त्रीमा यथावत रहेका गोकुल बाँस्कोटा, युवराज खतिवडा, शक्तिबहादुर बस्नेत, गिरिराजमणि पोखरेललगायतको 'पब्लिक अडिटिङ' पनि उत्कृष्ट छैन । तर ओली र प्रचण्ड निकट भएकैले यथावत रहन सके ।

निवर्तमान मन्त्रिपरिषद्मा कमिसन किचलोले मगर र अभिव्यक्तिले बाँस्कोटा सबैभन्दा ठूलो विवादमा थिए । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री पोखरेलमाथि आर्थिक चलखेलमा सयभन्दा बढी नर्सिङ कलेजलाई सम्बन्धन दिन प्रयास गरेको आरोप लागिरहेको छ । त्यस्तै, मन्त्री पोखरेलले मेडिकल कलेजहरूले लिएको अतिरिक्त शुल्क फिर्ता गराउन आनाकानी गरेको आरोप लगाइरहेका छन् विद्यार्थीहरूले ।

वनमन्त्री बस्नेतको 'पर्फमेन्स' पनि कमजोर नै थियो । उनले मन्त्री भएलगत्तै वनबाट एक वर्षमा एक लाख युवालाई रोजगारी दिने वाचा सार्वजनिक गरेका थिए । उनको त्यो वाचा त लावारिस बन्यो नै, विदेश भ्रमणमा अतिरिक्त मोह देखाएको, मन्त्री हुँदै पूर्वगृहमन्त्रीको समेत सुविधा लिएको, श्रीमतीलाई मन्त्री क्वार्टरमा राखेर संसद् कोषबाट घरभाडा सुविधा लिएकोजस्ता आरोप छन्, बस्नेतमाथि ।

संसारभर स्थापित मान्यता छ, स्वार्थ बाझिने ठाउँमा कसैलाई जिम्मेवारी दिनुहुन्न । ओलीले उद्योगी मोतीलाल दुगडलाई उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री बनाए । दुगडले आफूलाई ओलीले मन्त्री बनाएको खुल्लमखुला स्वीकारे पनि । ५ कात्तिक मध्याह्न पदभार ग्रहण गर्दा उनी भन्दै थिए, 'प्रधानमन्त्रीको मायाले यहाँ आएँ । भगवान् सम्झेर घुस खान्नँ ।'

अवसर एकलौटी

पटक-पटक संसद्मा पुगेर पनि अवसर नपाएका मकवानपुरका विरोध खतिवडा र कृष्णप्रसाद दाहाल, खोटाङका विशाल भट्टराई, ओखलढुंगाका यज्ञराज सुनुवार, सिन्धुलीका गणेश पहाडी, दार्चुलाका गणेश ठगुन्ना, कैलालीका नारदमुनि राना, डोटीका प्रेमबहादुर आले, धनकुटाका राजेन्द्र राई, मोरङका अमनलाल मोदीलगायतलाई ओलीले स्थान दिने धेरैको अपेक्षा थियो । तर विगतमा अवसर पाएकालाई नै दोहोऱ्याउँदा ओलीले फराकिलो छाती देखाउन सकेनन् ।

महिलाका हकमा पनि ओली-प्रचण्डले त्यही शैली अपनाए । पूर्वएमालेभित्र प्रत्यक्ष निर्वाचनबाट जित हात पार्ने थोरै महिलामध्ये एक हुन्- पवित्रा निरौला खरेल, जो झापा विद्रोहमा सहभागी भएबापत लामो समय जेल बस्ने नरेश खरेलपत्नी हुन् । यसबाहेक पूर्वएमालेबाट गोमा देवकोटा, बिन्दा पाण्डे, रामकुमारी झाँक्री, तीर्था गौतम, शान्ता चौधरी, कल्याणी खड्का, सानु सिवालगायत एकसेएक महिला सांसद छन् । भलै उनीहरू कसैलाई पनि अवसर दिन उपयुक्त ठानेनन्, ओलीले ।

प्रचण्ड पनि यस 'रोग' बाट अछुतो रहन सकेनन् । जनयुद्धमा योगदान गरेका जयपुरी घर्ती, अमृता थापा, यशोदा गुरुङ सुवेदी, धर्मशिला चापागाईं, पूर्णकुमारी सुवेदी, रामकुमारी चौधरीलगायत मन्त्रिपरिषद्को पुनर्गठनमा पर्न सकेनन् । विगतमा एउटै जिल्लाबाट विजय हात पारेका प्रदीपकुमार ज्ञवाली र गोकर्ण विष्ट, रवीन्द्र अधिकारी र जगत विश्वकर्मालाई ओलीले मन्त्री बनाएका थिए । यस पटक भने ओलीले एउटै जिल्लाबाट दुई जनालाई मन्त्री बनाएका छैनन् ।

प्रधानमन्त्रीको सचिवालयका एक सदस्यका अनुसार आफ्नो 'स्पिरिट' अनुसार काम गरिदिएनन् भन्ने लागेका मन्त्रीहरूलाई ओलीले हटाएका हुन् । तर एक निवर्तमान मन्त्रीको दुखेसो भने ओलीको बुझाइभन्दा पीडादायी छ । उनका शब्दमा प्रधानमन्त्री ओली मन्त्रीका कुरा नसुन्ने, विश्वास नगर्ने, सचिवलाई च्यापेर मन्त्रीलाई वास्ता नगर्ने, मन्त्रालयका काममा हस्तक्षेप गर्छन् । "आफूले अपमान गर्दा पनि चुपचाप सहने नेता ओलीलाई मन पर्ने रहेछ । सबैको स्वभाव त्यस्तो हुँदैन," उनी भन्छन्, "प्रधानमन्त्रीले मन्त्रिपरिषद् पुनर्गठन गर्दा सकारात्मक सन्देश दिनुहोला भन्ने लागेको थियो । तर हामी हटाइएकालाई त परै जाओस्, सामान्य नागरिकलाई समेत ओलीले चरम अन्याय गरे भन्ने परेको छ । यो नै हाम्रो जित हो ।" ने

नवनियुक्त मन्त्रीहरूको सपथ ग्रहण, ५ मंसिर, राष्ट्रपति कार्यालय शीतलनिवास

उपेन्द्रलाई रेडकार्ड

सत्ता साझेदार दलसँग सल्लाहबेगर उपप्रधान तथा स्वास्थ्यमन्त्री उपेन्द्र यादवको सरूवा कानुन मन्त्रालयमा

जनक नेपाल

एक साताअघिको संघीय परिषद् होस् वा केन्द्रीय बैठक, समाजवादी पार्टीले सरकारबाट बाहिरिनुपर्ने चर्को दबाब बेहोर्‍यो। संघीय परिषद् अध्यक्ष बाबुराम भट्टराई र अर्का नेता अशोक राई सरकार छाड्नुपर्ने पक्षमै थिए । केन्द्रीय अध्यक्ष उपेन्द्र यादवले ठूलै कसरत गरेर सरकारबाट बाहिरिन रोके ।

तर ४ मंसिरको मन्त्रिपरिषद् पुनर्गठनमा समाजवादीसँग कुनै सरसल्लाह नगरीकन प्रधानमन्त्री केपी ओलीले उपप्रधान तथा स्वास्थ्यमन्त्रीलाई कानुन मन्त्रालयमा सरुवा गरिदिए। स्वास्थ्यमन्त्रीको हैसियतमा भारत पुगेका यादव फर्किंदा कानुनमन्त्री बनेका थिए। अस्पतालमा उपचार गराइरहेका राज्यमन्त्री सुरेन्द्र यादवलाई पनि हटाए। सहरी विकास मन्त्रालयमा राज्यमन्त्री रामवीर मानन्धरलाई सपथ खुवाए । सत्ता साझेदारप्रतिको यो रबैयालाई विश्लेषकहरूले यादवलाई सिंहदरबारमा 'रेडकार्ड' देखाएको रूपमा बुझेका छन् ।

"ओलीले वार्न गरेकै थिए । पार्टी बैठकबाट नबाहिरिएपछि उपेन्द्रजीलाई रेडकार्ड देखाएका हुन्," विश्लेषक विजयकान्त कर्ण भन्छन्, "राजनीतिक रूपमा यो निर्णय गलत हो। तर प्रधानमन्त्रीको मोटिभ बुझ्न नसक्नु उपेन्द्रजीको ठूलो कमजोरी हो ।"

त्यसो त, नयाँ शक्तिसँग एकताकै बेला भट्टराईले सरकारबाट बाहिरिनुपर्ने सर्त राखेका थिए। त्यतिबेला संघीय समाजवादीले एकतापछि पार्टी बैठकले सरकारबारे निर्णय गर्ने अडान लियो। त्यसैअनुरूप २३ वैशाखमा दुई पार्टीबीच एकता भयो । २८ कात्तिकको राष्ट्रिय परिषद् बैठकमा आफूमाथि दबाब बढेका बेला यादवले पूरै शक्ति लगाएर सरकारमा आफ्नो उपस्थितिको औचित्य पुष्टि गराउन खोजे। २९ र ३० कात्तिकको केन्द्रीय समिति बैठकमा पनि उनको समूह उसैगरी प्रस्तुत भयो ।

एकातर्फ राष्ट्रिय परिषद् अध्यक्ष भट्टराईले अघि सारेको प्रस्तावमा सरकारलाई निकम्मा साबित गरिएको छ भने अर्कोतर्फ यादवले आफूहरूले सम्हालेका स्वास्थ्य र सहरी विकास मन्त्रालयले गरेका कामका फेहरिस्त प्रस्तुत गरे। यादव र अर्का मन्त्री इस्तियाक राईले सरकारमा बसेर आफूहरूले गरेको कामको सूची पेस गरे। माहोल यस्तो बन्यो, भट्टराईको प्रस्तावमा जतिसुकै सरकारको आलोचना गरे पनि समाजवादीको बैठकमा संविधान संशोधनबाहेक अरू कुरामा यादव पक्षले सरकारको अप्रत्यक्ष बचाउ गर्‍यो ।

यादव पक्षीय नेताहरूले आफू हटे राजपा सरकारमा सामेल हुने र त्यसको धक्का प्रदेश २ सम्म लाग्ने त्रास बैठकमै देखाएका थिए । यादवको त्यो मनोविज्ञान

भट्टराईले बुझिसकेका थिए । त्यसैले उनले राजनीतिक प्रतिवेदनमा सरकारबाट हट्ने प्रस्ताव लैजान सकेनन् । एक हजार सदस्यीय परिषद् बैठकमा बोल्ने ५७ केन्द्रीय सदस्य सरकारको पक्ष र विपक्षमा बाँडिए । यादव पक्षको तर्क थियो, सरकार पहिलो वर्ष मौलिक हकसम्बन्धी कानुनमै अल्झियो । संघीयताको कार्यान्वयन र संघीय कानुनमा व्यस्त हुनु परेकाले संविधान संशोधनमा काम नभएको भन्दै पार्टीमा ब्रिफिङ गरिएको थियो । अन्ततः बैठकले सरकारमा बस्ने वा हट्ने निर्णय गर्ने जिम्मेवारी पदाधिकारीलाई दिने सर्वसम्मत निर्णय गऱ्यो । "बैठकमा बोल्ने आधाआधी भए पनि सरकारबाट हट्नुपर्छ भन्ने मत धेरै कम थियो," समाजवादीका महासचिव रामसहाय यादव भन्छन्, "त्यसैले केही समय पर्खौं भन्ने मनस्थितिमा पुगेका हौं ।"

झन्डै डेढ वर्षे साझेदारीमा समाजवादीलाई सत्ताको न्यानोबाहेक केही हात लागेन । यादवले सम्हालेको स्वास्थ्य मन्त्रालय सहरी विकासमन्त्री मोहम्मद इस्तियाक राईजति पनि राम्ररी चल्न सकेन । राजधानी काठमाडौंलगायत विभिन्न क्षेत्रमा फैलिएको डेंगुको प्रकोप समयमै नियन्त्रण गर्न नसकेको आरोपसमेत उनले बेहोर्नुपऱ्यो । "केन्द्र वा प्रदेश सरकारमा बसेर समाजवादीले अलग्गै छवि बनाउन सकेन," विश्लेषक सुरेन्द्र लाभ भन्छन्, "क्रान्तिकारिता सबै देखावटी कुरा हो । असली कुरा सत्तामै पुग्ने हो भन्ने पुष्टि गरेको छ ।"

समाजवादी पार्टीले आफैं सहभागी सरकारको आलोचना गरेको प्रधानमन्त्री ओलीलाई मन परिरहेको थिएन । बालुवाटारको सर्वदलीय बैठकमा समेत यादवले सरकारको विरोध गरेपछि ओलीसँग उनको सम्बन्ध चिसिएको थियो । ओलीले यादवलाई 'विकल्प खोज्न' सन्देश पठाएर राजपालाई सरकारमा ल्याउन सहयोगीहरू खटाइसकेका थिए । तर समाजवादी पार्टीले उनको त्यो संकेत बुझेन वा बुझ पचायो । त्यसैले मन्त्रिपरिषद् पुनः गठनको तयारी भइरहेका बेला पार्टी बैठकको भोलिपल्टै पाँच दिने कार्यक्रम लिएर यादव दिल्ली उडे । झन्डै दुई तिहाइको शक्तिशाली सरकारका प्रधानमन्त्रीले सत्ता साझेदार पार्टीसँग सरसल्लाहै नगरी मन्त्रिपरिषद् पुनः गठन गरेर 'शक्ति' देखाउलान् भन्ने नसोच्दा अहिलेको स्थिति आएको वरिष्ठ नेता अशोक राई बताउँछन् ।

'आवश्यकता र औचित्यका आधारमा संविधान संशोधन गर्दै जाने' दुई बुँदे सहमतिसहित सिंहदरबार छिरेसँगै समाजवादी पार्टीले सरकार र सडकका दुई नाउमा खुट्टा राखिरहेको थियो । पछिल्लो बैठकपछि समाजवादी सडक, सदन र सरकारमै बसेर संविधान संशोधनमा दबाब दिने टुंगोमा पुगेको थियो । महासचिव यादव भन्छन्, "मन्त्रिपरिषद् पुनर्गठनपछि भने सरकारलाई समर्थन गरिरहन संकट भएको छ ।"

सरकारको तेस्रो वरीयताक्रममा रहेका उपप्रधानमन्त्री यादव हत्तपत्त सरकार छाड्ने मुडमा थिएनन् । एकताका लागि सरकार छाड्नुपर्ने राजपाको सर्त उनले अस्वीकार गरिसकेका थिए । नयाँ शक्तिकै शैलीमा राजपालाई पनि एकतापछि सरकारबारे निर्णय गर्ने प्रस्ताव गरेर समाजवादीले एकताभन्दा सत्तालाई प्राथमिकता दिएको थियो ।

महासचिव यादवका अनुसार एकताअघि राजपाको सरकार छाड्नुपर्ने सर्त मान्न नसकिने पार्टीको निष्कर्ष थियो । एकतापछि सरकारबारे निर्णय गर्ने सर्तमा वार्ता अघि बढाउन चाहेको तर्क गर्दै उनी भन्छन्, "सरकार छाड्ने वा बस्ने निर्णय एकतापछि पार्टीले गर्न सक्छ भनेका थियौं । अब नयाँ परिस्थितिमा अर्को निर्णय हुन सक्छ ।"

प्रधानमन्त्री ओलीको रेडकार्डपछि समाजवादी र राजपाको एकताले गति लिने केहीको आकलन छ । त्यसै पनि दुई पार्टीबीच नीति तथा विचारमा धेरै समस्या छैन । मुख्य चुनौती शीर्ष नेताहरूको व्यवस्थापनमा छ । बहुअध्यक्षात्मक प्रणालीको अभ्यास गरिरहेका यी पार्टीको एकता संगठन संरचना र नेतृत्व व्यवस्थापनको निर्णय लिन नसक्दा अल्झिइरहेको छ ।

त्यसो त, समाजवादी र राजपाबीच राजनीतिक पृष्ठभूमिको रसायन नै नमिल्ने भएकाले एकता मुस्किल रहेको विश्लेषण पनि गरिँदै छ । समाजवादी पार्टीका नेताहरू मूलतः वाम पृष्ठभूमिबाट आएका छन् । सो पार्टीले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको वकालत गर्दै आएको छ । तर राजपा भने संसदीय लोकतान्त्रिक धारमा छ । ऊ संवैधानिक राष्ट्रपति र कार्यकारी प्रधानमन्त्रीको पक्षमा देखिन्छ । महासचिव यादव भने संगठनात्मक संरचना र नेतृत्वको सन्तुलन मिले एकता सम्भव रहेको बताउँछन् । भन्छन्, "एकता हुने स्थितिमा केमेस्ट्री त फेरिइहाल्छ नि । राजपा र समाजवादी एउटामा अर्को जाने होइन, घुलेर अर्को कम्पाउन्ड बन्ने हो ।"

तर राजपाप्रति अध्यक्ष यादव सकारात्मक देखिँदैनन् । २२ कात्तिकमा विमोचन गरिएको आफ्नो पुस्तक *समाजवादी लोकतन्त्र*मा उनले लेखेका छन्, 'राजपाको नीतिगत, वैचारिक, सैद्धान्तिक र दार्शनिक आधार र चिन्तन केही देखिँदैन । तर पनि संघीयता, लोकतान्त्रिक गणतन्त्र, समानुपातिक समावेशीकरण, पहिचान आदि मुद्दाहरू उठाउने गर्छ । पार्टीको नेतृत्व वर्गमा अत्यन्त न्यून वैचारिक स्तर, ढुलमुले र अवसरवादी चरित्र नै हाबी भएकाले यस पार्टीमा हाल ६ जना अध्यक्ष रहेका छन् र तिनको टाउको पनि ६ तर्फ नै फर्किएको छ । मधेसी, आदिवासी जनजातिका मुद्दा उठाउने गर्छ । मुद्दाका आधारमा हाम्रो नजिक र चरित्रको हिसाबले कांग्रेसजस्तो भए पनि हाम्रो पार्टीसँग केही मुद्दा मिल्ने हुँदा भविष्यमा एकता गर्न सकिनेछ ।'

डेढ वर्ष सरकारमा बसेर समाजवादी पार्टीलाई फाइदाभन्दा ज्यादा बेफाइदा भएको कर्णको विश्लेषण छ । सरकारबाट बाहिरिने स्थितिमा राजपासँग एकताको सम्भावना बढेको उनको तर्क छ । भन्छन्, "उपेन्द्रजीका लागि फेस सेभिङको एउटै उपाय यही हुन सक्छ ।" ने

तेस्रो ध्रुव कि सानो गुट ?

कृष्णप्रसाद सिटौलाले नेतृत्व गरेको धार देउवा र पौडेल पक्षका लागि चुनौती

सन्तोष आचार्य

कांग्रेसको १२ औँ महाधिवेशन । ०६७। पार्टी परम्परावादी भयो, वैचारिकता भुत्ते भयो, कार्यपद्धति पनि बासी भयो भन्दै जन्मियो, तेस्रो धार। लामो समय पार्टीको नेतृत्व गरेका गिरिजाप्रसाद कोइरालाको निधन भइसकेको थियो। महाधिवेशनको मैदानमा थिए, सुशील कोइराला र शेरबहादुर देउवा। सभापतिका लागि दुवैको उम्मेदवारी थियो। कोइराला र देउवालाई चुनौती दियो, भीमबहादुर तामाङ र नरहरि आचार्यको गठजोडले। चक्रप्रसाद बाँस्तोलादेखि सुप्रभा घिमिरेसम्मका हस्तीहरूले अन्तिम समयसम्म यही ध्रुवको खाँबो समातिरहे। तर नतिजा ! मूल्य, मान्यता र आदर्शको राजनीति गर्ने किरिया खाँदाखाँदै पनि तेस्रो ध्रुवले लज्जास्पद पराजय भोग्नुपर्‍यो । महाधिवेशन प्रतिनिधिले पत्याएनन् । त्यसपछि यो समूह लाखापाखा लाग्यो । आफ्नो राजनीतिक भविष्यको सुनिश्चितताका लागि गुटमा गएर लुटपुटिए । बीपी कोइरालापछि कांग्रेसभित्र वैचारिक धारको अन्त्य भएको सन्देश थियो, त्यो ।

पाँच वर्षपछि अर्थात् ०७२ । कांग्रेसकै १३ औँ महाधिवेशन । सभापति पदका लागि आमने-सामने थिए, शेरबहादुर देउवा र रामचन्द्र पौडेल। तर अचानक भुत्ते भइसकेको भनिएको तेस्रो धार फेरि देखापर्‍यो। खेलाडी भने नयाँ। कृष्णप्रसाद सिटौलाले नेतृत्व गरेको यो ध्रुवमा समाहित थिए, गगन थापादेखि उमाकान्त चौधरीसम्म। महाधिवेशनमा देउवाले बाजी मारे । पौडेल दोस्रो भए । सिटौला पहिलो चरणमै 'रिङ आउट' भए । १२ औँ महाधिवेशनमा पराजित हुनासाथ तेस्रो ध्रुवको अस्तित्व मटियामेट भयो । १३ औँ महाधिवेशनपछि पार्टीभित्र सिटौलाले नेतृत्व गरेको तेस्रो ध्रुवले आफ्नो अस्तित्व भने जोगाइरहेको छ ।

पार्टीभित्र देउवाले नेतृत्व गरेको संस्थापन पक्ष र पौडेलले नेतृत्व गरेको संस्थापनइतरको बीचमा रहेको सिटौलाको सानो समूह यी दुवै पक्षका लागि कम चुनौतीपूर्ण छैन । १३ औँ महाधिवेशनको कार्यकाल सकिन १४ महिना बाँकी रहँदा पार्टीको केन्द्रीय समितिदेखि भ्रातृ संगठनसम्म सिटौला समूहको उपस्थिति हस्तक्षेपकारी देखिएको छ। रमाइलो के भने संस्थापन समूह र संस्थापनइतर समूह (पौडेल) बीच घोषित रूपमै नभए पनि ६० र ४० प्रतिशतको भागबन्डा कायमै छ। यो दुवै समूह आफ्नो भागबाट सिटौला समूहलाई केही दिन चाहँदैन। तैपनि देउवा र पौडेलले एकअर्कालाई सन्तुलनमा राख्न खोज्दा सिटौला समूह

लाभान्वित हुन्छ । जस्तो, उपनिर्वाचनका लागि उम्मेदवारी छनोटमा संसदीय समितिको अधिकार पार्टी पदाधिकारीलाई दिइयो । आन्तरिक विवादले संसदीय समिति नै बन्न नसकेपछि त्यसको अधिकार पार्टी पदाधिकारीलाई प्रत्यायोजन गरियो । कांग्रेसभित्र सभापतिसहित आठ सदस्यीय पदाधिकारी छन् ।

रमाइलो त त्यतिबेला भयो, जतिबेला संस्थापन इतरका रूपमा रामचन्द्र पौडेल र पार्टीभित्रको तेस्रो गुटको संयोजकका रूपमा कृष्णप्रसाद सिटौलालाई पनि उम्मेदवार छनोट बैठकमा समावेश गरियो । अर्थात्, पार्टी संस्थापन पक्षले आफूइतरको पौडेल र १३ औं महाधिवेशनमा तेस्रो धारको नेतृत्व गर्ने सिटौलाको अस्तित्वलाई पनि स्वीकार गऱ्यो । पदाधिकारीपछिको पहिलो वरीयतामा रहेका केन्द्रीय सदस्य गोपालमान श्रेष्ठलाई यो बैठकमा सिटौला राखेको चित्त बुझ्नेनछ । भन्छन्, "मभन्दा मुनिको वरीयतामा रहेका सिटौलालाई गुटगत आधारमा पदाधिकारी बैठकमा किन बोलाइयो ? के यो भागबन्डाको राजनीति होइन ?"

सिटौलाका अनुसार पार्टीभित्र एउटा धारको नेतृत्व आफूले गर्ने भएकाले पदाधिकारी बैठकमा निम्त्याइएको हो । यसले के संकेत गर्छ ? सिटौलासँग जवाफ छ, "१३ औं महाधिवेशनको तेस्रो धारको अस्तित्व अझै छ ।" ३७ जिल्लाका विभिन्न रिक्त पदमध्ये प्रतिनिधिसभा सदस्य एक, प्रदेश सभा सदस्य तीन तथा स्थानीय तहका प्रमुख एक, अध्यक्ष तीन, उपाध्यक्ष एक र वडाध्यक्ष ४३ गरी जम्मा ५२ पदका लागि १४ मंसिरमा उपनिर्वाचन हुँदै छ । कास्की-२ प्रतिनिधिसभामा पौडेल, प्रदेश सभा निर्वाचनअन्तर्गत भक्तपुर र दाङमा देउवा र बाग्लुङमा सिटौला समूहलाई टिकट दिने निर्णय गऱ्यो, पदाधिकारी बैठकले ।

कांग्रेसभित्र प्रकाशमान सिंहदेखि महेश आचार्यसम्मलाई पाखा लगाउँदै सिटौलाले आफ्नो अस्तित्व कायम राखिरहेको उम्मेदवार छनोटमा उक्त समूहले महत्त्व पाउनुको संकेत चानेचुने छैन । यो समूहसँग केन्द्रीय सदस्यहरू न्यून छन् । तर केन्द्रीय समितिमा महत्त्वपूर्ण मुद्दा उठाउनेमा यो समूह प्रभावशाली देखिन्छ । भ्रातृ संगठनदेखि शुभेच्छुक संस्थाहरूमा यो समूहबाट कोही न कोही नेतृत्व तहमै छन् । यसले पनि यो समूह पार्टीमा प्रभावशाली देखिएको बुझ्न सकिन्छ । अझ त्यसमाथि संस्थापन र संस्थापनइतर समूहमा रहेर पनि भूमिकाहीन बनाइएकाहरूको ओत लाग्ने थलो बनेको छ, सिटौला समूह । सिटौला गुटमा उनीभन्दा कम उमेर समूहका नेताहरू बढी देखिन्छन् । जस्तो, गगन थापा, उमाकान्त चौधरी, भीमसेनदास प्रधान, जगदीशनरसिंह केसी, प्रदीप पौडेल, कुन्दनराज काफ्ले, शिव हुमागाईं, हर्ष बम आदि ।

"तेस्रो धार कसैका विरुद्धको अभियान होइन, पार्टीलाई वैचारिक र सांगठनिक रूपमा एकढिक्का बनाउने प्रयास हो," नेता भीमबहादुर तामाङले १२ औं महाधिवेशनका सन्दर्भमा *नेपाल*सँग भनेका थिए, "भोलि हामी को कहाँ हुन्छौं तर यो अभियानको आवश्यकता कांग्रेसभित्र अझै खट्किँदै जानेछ ।" तर के सिटौला त्यही अभियानमा हिँडिरहेका छन्, जसको सपना तामाङले देखेका थिए ? केन्द्रीय सदस्य गोपालमान श्रेष्ठ त्यो मान्न तयार छैनन् । उनका अनुसार गुटगत लेनदेनबाट सिटौलालाई पार्टीभित्रको यो शक्ति आएको हो । "भीमबहादुरजीहरूले पार्टीभित्र मूल्य, मान्यता र आदर्श खोजेका थिए, सिटौलाजीहरूले केवल भाग खोज्नुभएको छ," श्रेष्ठ भन्छन्, "यसैले यो कुनै धार होइन, फगत एउटा गुट मात्र हो ।"

सिटौला केन्द्रीय समितिमा संख्याको हिसाबले आफ्नो समूह न्यून भए पनि यसले पार्टीलाई वैचारिक रूपमा ठीक बाटोमा हिँडाउन खोजेको दाबी गर्छन् । "सभापतिजीसँग अत्यधिक बहुमत छ, उहाँले चाहेको निर्णय गर्न सक्नुहुन्छ," सिटौला भन्छन्, "संख्याको हिसाबले सभापतिपछि रामचन्द्रजी नै हो । उहाँको तागत भनेको गलत निर्णयलाई रोक्न सक्ने नै हो । तर उहाँले त्यसको पनि प्रयोग गर्न सक्नुभएको छैन । सकेको हामीले गरेका छौं ।"

विधानअनुसार अर्को वर्षको फागुनभित्र कांग्रेसले महाधिवेशन गर्नुपर्ने हुन्छ । कांग्रेसको क्षेत्रीय अधिवेशन सकिनासाथ महाधिवेशन प्रतिनिधि चयन हुन्छ । त्यसपछि कसको पक्षमा कति महाधिवेशन प्रतिनिधि आए भन्ने स्पष्ट हुन्छ । सिटौलाले त्यसपछि आफ्नो समूहबाट आफू सभापति बन्ने वा 'किङमेकर' बन्ने भन्ने त्यति नै बेला निर्णय गर्नेछन् । त्यतिबेला संस्थापन वा संस्थापनइतरको पौडेल समूहसँग मिलेर पदीय भागबन्डा गर्ने वा महाधिवेशनमा तेस्रो धारका रूपमै आफ्नो समूहलाई बढाउने, स्पष्ट छैन ।

१३ औं महाधिवेशनमा जस्तो संस्थापनलाई सहयोग गर्छन् वा संस्थापनबाट सहयोग लिन्छन्, यसै भन्न सकिन्न । सभापतिको दाबेदारी गर्दै आएका कोइराला परिवारका एक सदस्य शेखर कोइराला यदि महाधिवेशनको सँघारमा यो समूहभित्र आएको खण्डमा सिटौलाको रणनीति के होला ? कांग्रेसभित्र यो कौतूहल छँदै छ । तर सिटौलालाई नजिकबाट चिन्नेहरूका अनुसार राजनीतिक उपलब्धि हासिल गर्ने सन्दर्भमा उनी पौडेलभन्दा पनि देउवा निकट हुन् ।

यस्तो स्थितिमा के आगामी महाधिवेशनमा सिटौला पनि सभापतिको दाबेदार होलान् ? सिटौलालाई सोधियो । "१३ औं महाधिवेशनमा बिनातयारी त्यो पनि अन्तिम समय हामी चुनावमा लड्यौं । शेरबहादुरजी र रामचन्द्रजीलाई नेतृत्व मानेर जान सकेनौं । त्यही सन्देश दिनका लागि मेरो उम्मेदवारी आयो," ७० वर्षीय सिटौला भन्छन्, "मुलुकको राजनीतिक परिदृश्य फेरिएको छ । नयाँ परिस्थितिमा महाधिवेशनको कार्यतालिका सार्वजनिक भएपछि आफ्ना विचार लिएर हामी कार्यकर्ता तहमा जान्छौं । त्यसबेला हाम्रो समूहको उम्मेदवारीको निर्क्योल हुनेछ ।" ने

सरोज बैजु

आलंकारिक राष्ट्रप
अनपेक्षित शक्ति अ

पहिलो कार्यकालमा अनावश्यक शक्तिमोह राखेको भनी आलोचित राष्ट्रपति भण्डारीको दोस्रो कार्यकाल झनै विवादित

योगेश ढकाल

'अखिल नेपाल महिला संघ (अनेमसंघ) विद्या भण्डारी प्राइभेट लिमिटेड हो ?' ७ वर्षपहिले पोखरा सम्मेलनमा यही प्रश्न उठाएकी थिइन्, तत्कालीन एमाले नेतृ उर्मिला अर्यालले। संघकी तत्कालीन अध्यक्ष भण्डारीको निरंकुश शैलीबाट प्रताडित अर्यालको आक्रोश मूलतः अध्यक्षका लागि उम्मेदवारी दर्ता गर्नै नदिनुसँग जोडिएको थियो। ०६९ फागुनको त्यो सम्मेलनमा अर्यालले अध्यक्षमा उम्मेदवारी दर्ता गराउने चर्चा सुरु भएसँगै उनलाई सम्मेलन हलमा छिर्न रोक मात्र लगाइएन, हातपातको समेत प्रयास भयो। प्रतिकूल परिस्थितिपछि सम्मेलनका कार्यक्रम छाडेर अर्याल काठमाडौं आइन्। त्यही सन्दर्भलाई जोडेर अर्यालले 'अनेमसंघलाई विद्या भण्डारी प्राइभेट लिमिटेड' भनेकी थिइन्।

तिको
भ्यास

नेकपा अध्यक्ष प्रचण्ड, प्रधानमन्त्री केपी ओली र कांग्रेस सभापति शेरबहादुर देउवाका साथमा राष्ट्रपति विद्या भण्डारी

भण्डारीको पेलानबाट एमालेमा टिक्ने छाँट नदेखेपछि अर्याल ०७० मा माओवादी प्रवेश गरिन् । ३ जेठ ०७५ मा माओवादी र एमालेबीच पार्टी एकतापछि अर्याल नेकपा नेतृ हुँदा भण्डारी राष्ट्रपति भइसकेकी थिइन् । तर भण्डारीमा अर्यालप्रतिको तुष बाँकी नै रहेछ भन्ने दुई कारणले पुष्टि भयो । अध्यक्ष प्रचण्डले एकतापछि गठन हुने अनेमसंघको संयोजकमा अर्यालको नाम प्रस्ताव गरेका थिए । शीतलनिवासको असन्तुष्टि बालुवाटार र खुमलटारसम्म पुगेको मात्रै के थियो, अर्यालको नाममाथि थप छलफल नै भएन । त्यसको विकल्पमा अर्याललाई राष्ट्रिय महिला आयोगको अध्यक्षमा प्रस्ताव गर्ने मनसायमा थिए, प्रचण्ड । र, अर्का अध्यक्ष तथा प्रधानमन्त्री केपी ओलीसँग अनौपचारिक चर्चा गरे । त्यसको पनि सुइँको पाएको शीतलनिवासले असन्तुष्टिको सन्देश खुमलटारमा सम्प्रेषित गरिहाल्यो । भलै अहिलेसम्म आयोग गठन भएको छैन ।

७ कात्तिक ०७६ को मन्त्रिपरिषद् बैठकले धर्मकान्त बाँस्कोटालाई त्रिभुवन विश्वविद्यालयको उपकुलपति नियुक्त गर्‍यो । बाँस्कोटाको त्यो नियुक्तिमा राष्ट्रपति भण्डारीको प्रभाव र दबाब पनि जोडिन्छ । बाँस्कोटा राष्ट्रपति भण्डारीका निजी चिकित्सक मात्र होइनन्, नातामा भाञ्जा पनि पर्छन् । बाँस्कोटा त्रिविको उपकुलपति हुनुभन्दा १५ दिनपहिला राष्ट्रपति भण्डारीसँगै म्यानमार र जापान भ्रमणमा निस्किएका थिए । शिक्षामन्त्री गिरिराजमणि पोखरेल नेतृत्वको सर्च कमिटीले त्रिविको उपकुलपतिका लागि बाँस्कोटासहित ३ जनाको नाम असोजमै सिफारिस गरिसकेको थियो । उपकुलपतिका लागि सिफारिस अर्थात् प्रतिस्पर्धी उम्मेदवार शक्तिकेन्द्रको साथ लागेर विदेश भ्रमणमा जानु र लैजानु दुवै नैतिक प्रश्न थिए । तर त्यसलाई राष्ट्रपति भण्डारीले सामान्य ठानिन् र नियुक्तिमा प्रभाव देखाइन् । यद्यपि उपकुलपति नियुक्तिलगत्तै बाँस्कोटाले *नेपाल*सँग भनेका थिए, 'राष्ट्रपतिसँगको भ्रमणमा निजी चिकित्सकको हैसियतमा गएको हुँ ।'

यी दुई उदाहरण नै काफी छन्, राष्ट्रपति भण्डारीको शासकीय महत्त्वाकांक्षा प्रदर्शित गर्न । संवैधानिक राष्ट्रपतिले नेपथ्यबाट कार्यकारी अधिकार प्रयोग गरी राजनीतिक दलभित्र चलखेल र सरकारी नियुक्तिमा भागबन्डा खोज्नु गम्भीर नैतिक प्रश्न हो । राष्ट्रपति भण्डारीले पदीय ओज र साख गिराएका प्रशस्त घटना 'पब्लिक राडार' मा सुरक्षित छन् । यसले राष्ट्रपति निरपेक्ष र सबैका साझा हुन्छन् भन्ने मान्यताको पर्खाल भत्काइदिएको छ ।

गरम राजनीति

राजनीतिशास्त्रमा एउटा भनाइ छ- संवैधानिक राष्ट्रप्रमुख आपतकालीन बत्ती हो । अर्थात्, संकट आउँदा बल्छ र संकट टरेपछि निभ्छ । हुन पनि, नेपालको जस्तो सजावटी राष्ट्रप्रमुखले कार्यकारी शक्ति आकांक्षा खोज्दैनन् । र, प्रयोग प्रयास पनि गर्दैनन् । पूर्वराष्ट्रपति रामवरण यादवको सचिवालयमा लामो समय काम गरेका ललित बस्नेतको अनुभवमा यो भनाइ राष्ट्रपति भण्डारीको हकमा मेल खाँदैन । बरु अस्वाभाविक रूपमा जल्ने बत्तीभैँ भएको

छ, जसले नेकपाको एउटा गुटलाई मात्रै निरन्तर प्रकाश छरिरहेको छ ।

नेकपाभित्र शक्ति संरचनामा राष्ट्रपति भण्डारीको सक्रियता र सरकारी नियुक्तिमा भागबन्डा खोजेर प्रशासनिक पकड बनाउने प्रयास अस्वाभाविक देखिन्छ । संवैधानिक दायरा मिचेर दल, सरकार, प्रशासनिक क्षेत्रमा बढाउँदै लगेको प्रभावले राष्ट्रपतिको ओज, साखमा गिरावट त आएकै छ, संवैधानिक प्रश्न पनि उठेको छ । यस्ता प्रश्न नेकपाभित्रैबाट उठाउन थालिएको छ । नेकपा नेता भीम रावलले ५ मंसिरमा ट्वीट गरे, 'संविधानले मर्यादित स्थानमा राखेको राष्ट्रपतिलाई पार्टी (पक्ष-विपक्ष) राजनीति र मन्त्रीहरूको चयनमा रहेको देखिने कार्य किन गरियो ?'

रावलले उठाएझैं प्रश्न संवैधानिक कानुनविज्ञ तथा राजनीतिशास्त्रीले पनि उठाएका छन् । उनीहरूको बुझाइमा राष्ट्रपतिले पदीय गरिमा कायम राख्न नसक्दा संस्था मात्र बदनाम भएको छैन, संविधानमाथि गम्भीर प्रश्न उठेका छन् । पूर्वप्रशासक भोजराज पोखरेलको विश्लेषणमा राष्ट्रपति भण्डारी दलीय गतिविधिमा संलग्न हुन थालेपछि सबैको साझा र आस्थाको केन्द्रभन्दा पनि निश्चित समूहको हो भन्ने सन्देश प्रवाहित हुन थालेको छ । "नेपालको राष्ट्रपति आलंकारिक मात्रै हो । त्यस कारण सबैलाई अपनत्व हुने संस्था बन्नुपर्छ । तर नेपथ्यबाट शक्तिको दुरुपयोग गर्न थालेपछि संस्थाको गरिमा, साखसँगै संविधानमाथि प्रश्न उठ्न थालेको छ," पोखरेल भन्छन् ।

संवैधानिक कानुनका विज्ञ विपिन अधिकारीको विश्लेषणमा पनि राष्ट्रपति भण्डारीले पदीय ओजलाई जोगाउनेभन्दा पनि वैध शक्तिको अनौपचारिक प्रयोग गरिरहेकी छन् । राजनीतिक आकांक्षाले स्वतन्त्र विवेक राख्न र निरपेक्ष हुन दिँदैन । "राष्ट्रपति निरपेक्ष हुनुपर्छ र कहिलेकाहीँ सरकारभन्दा फरक दृष्टिकोण राख्नुपर्ने हुन्छ । तर राजनीतिक आकांक्षाले स्वतन्त्र विवेक राख्न दिँदैन," अधिकारी भन्छन्, "राष्ट्रपति भण्डारीले वैध शक्तिको अनौपचारिक प्रयोग गरेको देखिन्छ ।"

हुन पनि, सरकारी नियुक्तिमा भागबन्डा खोज्ने मात्र होइन, बढ्दो दलीय संलग्नताबाट राष्ट्रपति भण्डारीले दल र त्यसभित्र पनि गुटको पुरानो झोला थन्काउन नसकेको पुष्टि हुन्छ । ४ मंसिर ०७६ को घटना नै लिऔं । त्यस दिन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का दुई अध्यक्ष केपी ओली र पुष्पकमल दाहाल शीतलनिवास पुगे र राष्ट्रपति भण्डारीलाई साक्षी राखेर अधिकार बाँडफाँट

गरे । नेकपाको सचिवालय बैठक प्रधानमन्त्री निवास बालुवाटारमा बस्दै थियो ।

त्यो बैठक छाडी दुई अध्यक्ष शीतलनिवास पुगेर राष्ट्रपति भण्डारीको साक्षीमा पार्टीको कार्यकारी अधिकार प्रचण्डले लिने र प्रधानमन्त्रीको ५ वर्षे कार्यकालभर ओली नै रहने सहमति जुट्यो । राष्ट्रपति भण्डारीको मध्यस्थतामा भएको त्यो सहमतिलाई नेकपाको सचिवालयले अनुमोदन गर्‍यो । एकातिर नेकपाले राष्ट्रपतिलाई दलीय राजनीतिमा तानेर विवाद निम्त्याउन खोजेको देखिन्थ्यो, अर्कोतिर राष्ट्रपति स्वयंले अस्वाभाविक चासो राखेर दुई नेताको साक्षी बस्नु गैरसंवैधानिक काम थियो ।

राष्ट्रपति भण्डारीका लागि ४ मंसिरको घटना पछिल्लो उदाहरण मात्रै हो । यस अर्थमा विगतका अभ्यासको निरन्तरता मात्रै । यहीँनेर राष्ट्रपतिले दुइटा सन्दर्भ ख्याल नगरेको प्रस्ट हुन्छ । पहिलो- उनले संवैधानिक दायरा भुलेकी छन् । दोस्रो- राष्ट्रपतिमा दोहोरिँदा तत्कालीन एमालेसँग पार्टीमा रुचि नदेखाउने प्रतिबद्धता । संविधानविद् अधिकारी राष्ट्रपतिजस्तो पदीय जिम्मेवारीमा रहेको व्यक्ति दलीय विवादको साक्षी बस्नु गम्भीर कमजोरी ठान्छन् । "अझ साक्षीका रूपमा बयान दिनुपर्ने परिस्थिति आयो भने त्यो बेला राष्ट्रपति पदको ओज, गरिमा र साख कति रहन्छ ?" अधिकारी भन्छन् ।

स्रोतका अनुसार माधव नेपाललाई वरिष्ठ नेताबाट हटाउने, पार्टीभित्र कमजोर बनाउने अभियानमा शीतलनिवासमा ६ पटकभन्दा बढी बैठक भएका छन् । वामदेव गौतम, झलनाथ खनालसमेत यो योजनामा राजी हुँदै गर्दा नेकपाको सचिवालय समीकरण फेरिइसकेको थियो, जसका कारण नेता नेपाल एक्लो हुन पुगे । त्यतिबेला शीतलनिवासले नै गौतमलाई उपाध्यक्ष बनाउने योजना बनाएको हो । शीतलनिवाससँग सम्बन्ध विस्तार भएपछि जनताको बहुदलीय जनवादको पक्षमा गौतमका लामा-लामा लेख प्रकाशित भए । ती लेख प्रकाशित भएसँगै ३१ साउनको नेकपा सचिवालय बैठकमा गौतमलाई उपाध्यक्ष बनाउने सहमति जुट्यो । यद्यपि त्यसका लागि नेकपाको विधान संशोधन गर्ने काम अहिलेसम्म भएको छैन ।

समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव उपप्रधानमन्त्रीसहित स्वास्थ्य मन्त्रालयमा आउने सहमति जुट्दासम्म प्रधानमन्त्री ओली ईश्वर पोखरेललाई उपप्रधानमन्त्री बनाउने पक्षमा थिएनन् । तर शीतलनिवासको प्रयासमै एकाएक उपप्रधानमन्त्री बनाइयो । ०७४ फागुनमा राष्ट्रपति भण्डारीले दुई अध्यक्षको परिवारलाई शीतलनिवासमा डिनर खुवाएर राष्ट्रपति पदको निरन्तरताको लबिइङ गरेकी थिइन् । त्यसयताका झन्डै डेढ वर्षमा शीतलनिवासमार्फत नेकपाको राजनीतिमा प्रशस्त चलखेल भएका छन् ।

राष्ट्रपति भण्डारीको सिलसिलेबर सक्रियता थाहा पाउन २३ फागुन ०७४ को तत्कालीन एमालेको स्थायी समिति बैठकको सन्दर्भ उप्काउनुपर्ने हुन्छ । उक्त दिन नेपाल समूहकै तत्कालीन एमाले उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले राष्ट्रपतिमा झलनाथ खनालको नाम प्रस्ताव गरिन् । त्यसपछि ७ घन्टा लामो बैठकमा बल्लतल्ल भण्डारीलाई दोहोर्‍याउने सहमति जुट्यो । नेपाल निकट एक नेताको भनाइमा राष्ट्रपतिमा नदोहोर्‍याउने भए राजनीतिमा आउने धम्की दिएकी भण्डारीलाई त्यही स्थायी समितिको बैठकमा प्रतिबद्धता पनि गराइएको थियो- आइन्दा पार्टीका काम-कारबाहीमा रुचि नराख्ने । त्यो स्थायी समिति बैठकको

राष्ट्रपति भण्डारी संसद् भवन परिसरमा

एक महिनाअघि शाक्यलाई प्रदेश ३ मा मुख्यमन्त्री हुन नदिने भूमिका शीतलनिवासबाटै भएको थियो ।

शाक्यको मातहतमा मन्त्री हुने कसरतमा रहेका डोरमणि पौडेललाई राष्ट्रपति भण्डारीले रातारात उम्मेदवार खडा गरिन् र जिताउन लबिइङ गरेकी थिइन् । त्यही आवेगमा शाक्यले स्थायी समिति बैठकमै भण्डारीलाई राष्ट्रपतिमा दोहोऱ्याउन नहुने पक्षमा अडान राखिन् । नेता नेपाल निकट एक नेताको दाबीमा त्यस बैठकको प्रतिशोध पनि जोडिएको छ, नेपालको वरीयता घटुवा गर्ने नेकपाको सचिवालय निर्णयमा ।

त्यसभन्दा अघिको अर्को सन्दर्भ पनि भण्डारी र नेपाल प्रकरणमा जोडिन्छ । ०६६ मा माधव नेपाल प्रधानमन्त्री हुँदा भण्डारीले गृहमन्त्री दाबी गरेकी थिइन् । प्रधानमन्त्री नेपालले गृह मन्त्रालयमा भीम रावल लगेर भण्डारीलाई रक्षामन्त्री बनाए । नेता नेपालसँग त्यतिबेलाको रिस पनि बेलामौका पोखिने गरेको उनी निकट नेताहरू दाबी गर्छन् ।

राष्ट्रपति भण्डारीलाई विवादमा तान्ने अर्को सन्दर्भ थियो- प्रदेश प्रमुख बर्खास्ती र नियुक्ति प्रकरण । राष्ट्रपति भण्डारीले बर्खास्ती पनि आधा घन्टाको आसपासमै गरिन् । नियुक्तिमा पनि नेकपाको सचिवालयले सिफारिस गरेका सदस्यबारे राष्ट्रपति भण्डारीसँग पहिल्यै छलफल गरिएको थियो । १८ कात्तिकमा नेकपाको सचिवालय बैठकमा नेता नेपालले प्रदेश प्रमुखमा प्रस्ताव गरेका नामबारे सामान्य छलफलसमेत भएन ।

नेपाल पक्षको दाबीअनुसार प्रधानमन्त्री ओलीले प्रस्ताव गरेका नाम पहिले नै राष्ट्रपति भण्डारीबाट अनुमोदित थिए ।

कार्यकारी झल्को : भण्डारीले चिनियाँ राष्ट्रपति सी चिनफिङसँग शीतलनिवासमा शिष्टाचार भेट गर्नु साटो सिंगै प्रतिनिधिमण्डल समावेश गरेकी थिइन् ।

राष्ट्रपतिको जवाफ

राष्ट्रपति विद्यादेवी भण्डारीलाई कार्यकारी शक्तिको लोभ र नेकपाको प्रतिछाया भएको प्रश्नबारे जानकारी नभएको होइन । संवैधानिक दायरा मिचेर शीतलनिवासले नियुक्तिमा लामा हात गर्ने, नेकपाका दुई नेताको कार्य विभाजनको साक्षी बस्ने, पार्टीमा दलीय भागबन्डामा सुझाव र दबाब दिने भूमिकाले राष्ट्रपतिले पदीय ओज र गरिमा बिर्सिएको देखिन्छ । शक्तिको भोक र भोगमा देखिएको उत्कट मनोकांक्षामाथि उठेका प्रश्नको जवाफ शीतलनिवाससँग मात्र नभई प्रतिरक्षा गरिदिने अन्यसँग पनि छैन ।

आफ्ना विवादास्पद गतिविधिको प्रतिरक्षा आफैं गर्नुपर्ने बाध्यताले हुन सक्छ, २० चैत ०७५ मा राष्ट्रपति भण्डारीले सार्वजनिक रूपमा प्रतिरक्षा गरिन् । उनले भनेकी थिइन्, 'केही समययता राज्यका सबै निकायलाई विवादित बनाउने, अनास्था फैलाउने, आधारहीन कुरा उठाएर जनतालाई दिग्भ्रमित पार्नेजस्ता कार्य हुँदै आएका छन् ।' जवाफका लागि यस्तो मञ्च रोजिन्, जहाँ देशभरका न्यायमूर्तिहरू भेला भएका थिए । पछिल्ला दिनमा कतिपय न्यायमूर्तिमाथि नै न्याय खरिद बिक्रीमा लागेको भनी आलोचना भइरहेको छ । उनीहरूकै तेस्रो राष्ट्रिय सम्मेलनमा राष्ट्रपति भण्डारीले आफूमाथिका आक्रोशको जवाफ त दिइन् । तर स्वयंका गतिविधि सुध्रिएनन् बरु उल्टै सरकार र नेकपाको 'किङमेकर' भूमिकामा छिन् ।

प्रदेश प्रमुखमध्ये गोविन्द कलौनीप्रति राष्ट्रपति भण्डारीको सफ्ट कर्नर थियो । पूर्वराष्ट्रपति यादवका कानुनी सल्लाहकार ललित बस्नेत सरकारको सिफारिसलगत्तै प्रदेश प्रमुख बर्खास्ती गर्दा राष्ट्रपति भण्डारी सरकारी रबर स्टाम्पजस्तो देखिएको दाबी गर्छन् । राष्ट्रपति भण्डारीले निरन्तर शक्ति आर्जन गरिरहेको अर्को तथ्य त स्वयं प्रचण्डको गतिविधिले पनि देखाइदिन्छ । जस्तो, प्रधानमन्त्री ओली सिंगापुर उपचारमा निस्केका बेला प्रचण्डले बोलाएको सचिवालय बैठक राष्ट्रपति भण्डारीसँगको परामर्शपछि बसेको थियो ।

यहींनेर जोडिन्छ, चिनियाँ राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमणका बेला राष्ट्रपति भण्डारीको मन्तव्य । सोल्टी होटलको रात्रिभोजमा राष्ट्रपति भण्डारीले भनेकी थिइन्, 'सी विचारधारा नयाँ युगको विश्व दर्शन बनेको छ ।' चिनियाँ सरकारको पक्ष राष्ट्रझैं बनेर राष्ट्रपति भण्डारीको भनाइ गैरकूटनीतिक त थियो नै, दलीय आग्रहको अभिव्यक्ति पनि । पूर्वराजदूत सुरेशचन्द्र चालिसेका शब्दमा राष्ट्रपति भण्डारीको त्यो अभिव्यक्ति राष्ट्रप्रमुखको भन्दा पनि कम्युनिस्ट नेताको जस्तो थियो । अझ त्यस भ्रमणमा राष्ट्रपति भण्डारी-सी भेट पनि कार्यकारी राष्ट्रपतिझैं 'प्रोजेक्सन' गरिएको थियो । र, चिनियाँ प्रतिनिधिमण्डलसँगको वार्तामा सहभागी थिइन्, जुन संवैधानिक राष्ट्रपतिको क्षेत्राधिकारभित्र पर्दैन ।

४ असोजमा राष्ट्रपति भण्डारीले त्यस्तै विवादमा आउने गरी बोलिन् । कार्यक्रम गणेशमान सिंह स्मृतिसम्बन्धी थियो । त्यस कार्यक्रमलाई राष्ट्रपति भण्डारीले भनिन्, 'यो मञ्चमा वक्ताले बोलेको केही बुझिँदो रहेनछ । नेताहरू

राष्ट्रपति भण्डारीका विवादास्पद गतिविधिमाथि प्रकाशित *नेपाल*का अंक

जोसिएर बोल्नुभयो । फ्लोरबाट एकदम स्वागत भयो, ताली बज्यो । राम्रै बोल्नुभएको होला भन्नेचाहिँ लाग्यो ।' भण्डारीभन्दा पहिला कांग्रेस सभापति शेरबहादुर देउवाले बोलेका थिए । त्यसैतर्फ संकेत गर्दै राष्ट्रपति भण्डारी बोलेपछि विरोध त स्वाभाविकै थियो । भोलिपल्टै नेविसंघले विरोध जुलुस निकाल्यो ।

प्रशासनिक पकड

नेकपाभित्र उपगुट चलाउने मात्र होइन, सरकारी नियुक्तिमा लामा हात गर्ने क्रम बढ्दो छ । जस्तो, १७ कात्तिकमा धर्मकान्त बाँस्कोटालाई त्रिवि उपकुलपति नियुक्त गराउन सफल राष्ट्रपति भण्डारीले नेपाल पर्यटन बोर्डको सीईओमा पनि नजर लगाएकी छन् । ७ पुस ०७६ मा बोर्डका सीईओ दीपकराज जोशीको कार्यकाल सकिँदै छ । नयाँ सीईओ छनोटका लागि समिति गठन भइसके पनि आवेदन खुला गरिसकेको छैन । खुला प्रतिस्पर्धाबाट ल्याउनुपर्ने भएकाले समयको चाप जति बढ्दै छ, राष्ट्रपति कार्यालयको दबाब पर्यटन मन्त्रालयमा त्यति नै बढ्दै छ । विवादास्पद पृष्ठभूमिका पूर्वसहसचिव खडानन्द (प्रतीक) ढकाल राष्ट्रपति भण्डारीको आडमा सीईओको दाबेदार देखिएका हुन् । *नेपाल*सँग कुराकानीमा ढकालले बोर्डको सीईओका लागि इच्छा देखाए पनि थप प्रसंगबारे बताएनन् । भण्डारीको प्रयासलाई पर्यटन सचिव केदारबहादुर अधिकारीले पनि साथ दिएका छन् ।

त्यसो हुनुमा ढकाल र अधिकारी एक छिमलका शाखा अधिकृत भएका हुन् । कमाउ संस्थामा नजर लगाउने राष्ट्रपति कार्यालयले सुरक्षा निकायमा पनि छाडेको छैन । जस्तो, नेपाल प्रहरीभित्र पनि चलखेल गर्ने वातावरण राष्ट्रपति कार्यालयबाटै भएको छ । नेपाल प्रहरीका महानिरीक्षक सर्वेन्द्र खनाललाई हटाएर नातेदार अतिरिक्त महानिरीक्षक पुष्कर कार्कीलाई ल्याउने राष्ट्रपतिको प्रयास देखिन्छ । असोज पहिलो साता पुष्कर कार्कीको सरुवा अस्वाभाविक रूपमा हेड क्वार्टरमा गरियो । महानिरीक्षक खनाललाई सरुवाको जानकारी नगराई कार्कीलाई हेड क्वार्टर त तानियो तर आउँदो माघमा अवकाश हुने खनाललाई हटाइहाल्ने परिस्थिति नबन्दा राष्ट्रपतिको कदम रोकिएको छ । चेन अफ कमान्डमा चल्ने फौजी संगठनमा राष्ट्रपति कार्यालयको हदैसम्मको चलखेल आफैँमा उदेकलाग्दो उदाहरण हो ।

शीतलनिवासको आडभरोसामै मन्त्रालयमा शक्ति प्रदर्शन झनै खतरनाक देखिन्छ । त्यसको गतिलो उदाहरण उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय हो । उद्योग सचिव यामकुमारी खतिवडा मन्त्रीभन्दा शक्तिशाली भएर मन्त्रालयमा हाबी मात्र हुन्छिन् । जस्तो, मदिरा उद्योग सञ्चालनसम्बन्धीको विधेयक निर्माणमा निर्वतमान मन्त्री मातृका यादवलाई जानकारी नै नदिई बालुवाटारको आडमा विधेयक मन्त्रिपरिषद्देखि संसदीय समितिसम्म पुग्यो । जुन दिन विभागीय मन्त्रीले थाहा पाए, त्यस दिन खतिवडाले स्वार्थ बाझिने गरी उल्लेख गरेका पाने च्यातेर संसदीय समितिमा पठाइदिए, मन्त्री यादवले ।

मन्त्रीलाई बाइपास गर्ने सचिव खतिवडाको शक्ति बालुवाटार र शीतलनिवास नै हो । राष्ट्रपति भण्डारीको नातामा भाञ्जीबुहारी पर्ने खतिवडा लामो समय उद्योग मन्त्रालयमै सहसचिव थिइन् । सचिवमा बढुवा हुँदा सोही मन्त्रालय पदस्थापन हुने तथा सचिव भएपछि पनि कहिल्यै सरुवा नहुने भाग्यमानी सचिव पनि खतिवडा नै भइन् ।

राष्ट्रपतिले प्रशासनिक संयन्त्रको नियुक्तिमा भागबन्डा

राष्ट्रपति नेकपाको मात्रै होइन

– विपिन अधिकारी, संविधानविद्

राष्ट्रपतिले पदको सपथ ग्रहण गरिसकेपछि पार्टीप्रति ढल्किन पाइँदैन । राष्ट्रपतिको गरिमा राजनीतिभन्दा माथि हुनुपर्छ । र, मुलुकको प्रमुखको हैसियतमा जुन अख्तियार प्राप्त गरेको हुन्छ, त्यो अख्तियार राजनीतिबाट पाउन सकिन्छ र धान्न सकिँदैन । अहिलेका राष्ट्रपतिले पुरानो दलीय झोला थन्क्याउन नसकेको देखियो ।

राष्ट्रपतिका विवादित घटना सार्वजनिक जानकारीमा नआइदिएको भए उहाँले इज्जत जोगाउनुहुन्थ्यो । त्यो अवस्था रहेन । पार्टी–पार्टीबीचको राष्ट्रिय विषय भएको भए मध्यस्थता र मार्गदर्शन गर्न मिल्थ्यो । नेकपाको आन्तरिक समस्या समाधानमा मध्यस्थताको भूमिका निर्वाह गरेको देखिन्छ । ४ मंसिरमा प्रचण्ड–ओलीको मिलापमा राष्ट्रपतिले पुरानो संगठनका लागि आफ्नो वैध शक्ति अनौपचारिक रूपमा प्रयोग गरेको देखियो ।

यस्ता कुराले बाँकी पक्षलाई राष्ट्रपति नेकपाको मात्रै हो र स्वतन्त्र दृष्टिकोण राख्नुहुन्न भन्नलाई बल पुग्यो । कहिलेकाहीँ सरकारभन्दा अलग दृष्टिकोण राख्नुपर्ने अवस्था पनि हुन्छ । दलसँगको बढ्ता निकटताले निरपेक्ष धारणा र स्वतन्त्र विवेक प्रयोग गर्न सकिँदैन । पूर्वराष्ट्रपति रामवरण यादवको पनि विगतमा कांग्रेससँग बढ्ता निकटता देखिएको थियो । अहिले त्यसैको निरन्तरता हो ।

कविन अधिकारी

राष्ट्रपति भण्डारीका साथ प्रधानमन्त्री केपी ओली

त खोजेकी छिन् नै, उनको कोटाबाट मन्त्री बनाउनुपर्ने बाध्यता पनि सरकारलाई छ । अघिल्लो पटक राष्ट्रपति भण्डारीको कोटाबाट महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीमा थममाया थापा मगर नियुक्त भइन् । पुनर्गठनको क्रममा उनी हट्ने भएपछि भण्डारीको कोटाबाट राष्ट्रिय सभा सदस्य विमला राई पौडेललाई मन्त्री बनाउने चर्चा थियो । राई राष्ट्रिय सभा सदस्य पनि भण्डारीकै कोटामा मनोनीत भएकी हुन् ।

राष्ट्रपति भण्डारी कतिसम्म हचुवामा निर्णय लिन्छिन् भन्नलाई १९ कात्तिकको सन्दर्भ हेर्न सकिन्छ । उक्त दिन राष्ट्रपति भण्डारीले विवादास्पद 'बलियो नेपाल' परियोजनाको शीतलनिवासमै सुरुआत गरिन् । पोषणसम्बन्धी त्यो परियोजना विवादमा आएपछि सल्लाहकार अरुणा उप्रेतीले त राजीनामा नै दिइसकेकी छन् ।

राष्ट्रपति कुन कार्यक्रममा जाने या नजाने भन्ने निर्णय हचुवामा लिन्छिन् भन्नलाई पोखराको बिन्ध्यवासिनी मन्दिरमा बनाइएको लिफ्ट उद्घाटन कार्यक्रम नै काफी थियो । एक वर्षअघिको त्यो घटनाप्रति बढेको सार्वजनिक आलोचनाबाट उनले पाठ सिक्न सकेको देखिँदैन ।

जीवनशैली मात्र होइन, मठमन्दिर दर्शनमा समेत राष्ट्रपति भण्डारी विवादमा तानिन्छिन् । जस्तो, ८ वैशाखमा भक्तपुरको तलेजु मन्दिर दर्शनबाट भण्डारीले आशीर्वादभन्दा बढी विवाद ल्याइन् । त्यस दिन राष्ट्रपति भण्डारीले गरेको फोटो सेसन उनीसँगै गएका कतिपय नेताहरूले सामाजिक सञ्जालमा प्रचारित पनि गरे । रोचक के भने तलेजु मूलचोकको प्रवेशद्वारमै फोटो खिच्न नपाइने सन्देश छ । तस्बिरका लागि निषेध गरिएको बोर्डमै टाँसिएर राष्ट्रपतिसहितको टोलीले तस्बिर खिच्यो । सानोतिनो कुरा भए पनि नियम पालनाको विषय निकै अर्थपूर्ण हुन्छ । ने

आवरण तस्बिर : इलिट जोशी



गलत अभ्यास सच्चिएन

– भोजराज पोखरेल, पूर्वप्रशासक

नेपालले अंगीकार गरेको शासन पद्धतिमा राष्ट्रपतिको भूमिका आलंकारिक हो । त्यसो भन्नुको अर्थ राष्ट्रपतिसँग व्यक्तिगत स्वार्थ केही हुँदैन र उसको नजरमा सबै नागरिक बराबरी हुन्छन् । कार्यकारी राष्ट्रपतिसँग दलीय स्वार्थ हुन सक्छ किनभने ऊ दलबाट निर्वाचित भएको हुन्छ । र, दलीय योजना कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

संविधानमा मुलुकका सबैलाई एकजुट राख्ने, आदर गर्ने, अपनत्व लिन सक्ने संस्थाको परिकल्पना गरिएको हो । तर अहिलेका गतिविधि हामीले परिकल्पना गरेको आलंकारिक राष्ट्रपतिको व्यवस्थाभन्दा फरक पर्‍यो र आफ्नो क्षेत्राधिकारबाट विमुख भएको देखिन्छ । ती गतिविधिले नागरिकमा संस्थामाथि नै आशंका पैदा हुन थालेको छ । यसले त्यो संस्था आफैँ कमजोर भयो । यस्ता अभ्यासले संस्थालाई विवादित बनायो । प्रभावकारिता, गरिमा र साख घटायो अनि विश्वसनीयता क्षय भयो ।

संस्था सबैको हुनुपर्नेमा कसै–कसैको मात्र भयो । दलहरूबीच झगडा हुँदा मध्यस्थता गर्ने, मार्गदर्शन दिने हो तर राष्ट्रपति एउटै दलभित्रको झगडा मिलाउनतिर लागेको देखिन्छ । दलभित्रका गतिविधिको संलग्नता हुने हो भने नागरिकमा राष्ट्रपतिलाई फलानो दल वा गुटको मान्छे हुन् र उनको कुरामा पक्षधरता हुन्छ भन्ने मनोविज्ञान पैदा हुन्छ । विश्वासमा आएको ह्रासले आवश्यकता परेका बेला खर्चिने अदृश्य शक्ति क्षय भयो ।

सबैभन्दा ठूलो कुरा संविधानमाथि प्रश्न उठ्यो । हुनलाई अघिल्ला राष्ट्रपति रामवरण यादवको सन्दर्भमा पनि प्रश्न उठेकै हो । हिजोका राष्ट्रपतिका गतिविधिले ट्रेन्ड सेट गरेको थियो । ती गलत अभ्यासलाई सच्याउनुभन्दा झन् बढाउने काम भइरहेको छ ।

"राष्ट्रपति भण्डारीको सी विचारधारा नयाँ युगको दर्शन बनेको अभिव्यक्ति राष्ट्रप्रमुखको भन्दा पनि कम्युनिस्ट नेताको जस्तो थियो ।

– सुरेश चालिसे
पूर्वराजदूत

Radio Kantipur
रेडियो राष्ट्रको
TASTE BUD
With
Sanjay & Alissa
Every Wednesday
10:05 am - 12:00 noon
www.radiokantipur.ekantipur.com
Radio Kantipur
रेडियो राष्ट्रको
96.1 Mhz
Kathmandu Bhedetar Birgunj Bharatpur Bhairahawa
101.8 Mhz
Dhangadi Nepalgunj Pokhara

भरत जर्घामगर

खोला एकातिर, पुल अर्कोतिर

दुई महिना सदरमुकाम र वरपरका गाउँसँग सम्पर्क विच्छेद

^ औरहीको गागन खोलामाथिको पुल, जहाँबाट पानी बग्दैन

भरत जर्घामगर/सिरहा

सडक डिभिजनले सिरहाको औरही र बरियारपट्टीबीचको गागन खोलामा १० वर्षअघि पुल बनाउँदा चार दर्जनभन्दा बढी गाउँका बासिन्दामा खुसीको सीमै थिएन। सदरमुकाम सिरहा बजार आउजाउ गर्न हुलाकी राजमार्ग वरपरका स्थानीय १५ किलोमिटर उत्तरको पूर्व-पश्चिम राजमार्ग छिचोल्दै धनगढी, गोलबजार, चोहर्वा हुँदै फेरो मारेर ५० किलोमिटर दूरी तय गर्न बाध्य थिए । सदरमुकाम पुग्न भरदिन लाग्थ्यो । गागन खोलामा पुल बनेपछि स्थानीयले त्यो दुःख सहजै बिर्से पनि । तर केही वर्षपछि ठूलो बाढीले पुलदेखि उत्तरको पूर्वी बाँध भत्काएपछि खोला धार बदलेर ५ सय मिटर पूर्वबाट बग्न थाल्यो। त्यो खुसी कता बिलायो कता ।

६ चैत ०७४ मा पूर्वप्रधानमन्त्री एवं नेकपा अध्यक्ष पुष्पकमल दाहालले तराई मधेसकै विकासको मेरुदण्ड मानिने बहुचर्चित हुलाकी सडकको सिरहा खण्ड बरियारपट्टीमा शिलान्यास गर्दा पनि गाउँलेमा खुसीको सीमै थिएन। तर शिलान्यास भएको दुई वर्ष बित्न लागिसक्दासमेत मार्ग निर्माण हुनु त परै जाओस्, शिलान्यासस्थलदेखि ३ किलोमिटर पश्चिम हुलाकी सडकअन्तर्गत गागन खोला छिचोल्न उस्तै सास्ती छ ।

त्यसो त विसं १९०३ देखि २००८ सम्म राणा शासक जंगबहादुरबाट हुलाकी मार्ग निर्माणको थालनी र जुद्धशमशेर, पद्मशमशेर हुँदै विभिन्न कालखण्डमा पटक-पटक शिलान्यास भए पनि अधूरो छाडिएको यो मार्ग बन्नेमा यस क्षेत्रका स्थानीय ढुक्क थिएनन्। "धार परिवर्तन गरेपछि हाम्रो दुःखका दिन फेरि सुरु भए," औरहीका ७५ वर्षीय मोहम्मद नथुनी भन्छन्, "खोला तर्न अहिले पनि सास्ती बेहोरिरहेका छौं।" उनका अनुसार वर्षायाममा दुई महिना सदरमुकाम सिरहा बजार र वरपरका गाउँसँग सम्पर्क विच्छेद नै हुन्छ। अस्थायी बाँसको पुल (चचरी) बनाएर स्थानीय खोला तर्न बाध्य हुन्छन् ।

यस क्षेत्रबाट जितेर गएका सांसद मन्त्री बने पनि सबैले बेवास्ता गरेको स्थानीयको गुनासो छ। बरियारपट्टीका ८० वर्षीय लक्ष्मी यादव भन्छन्, "नेताहरूलाई पटक-पटक भत्किएको बाँध पुनः निर्माण गर कि अर्को बाटो भएर बगेको खोलामाथि पुल निर्माण गर भन्यौं । कसैले हाम्रो कुरा सुनेनन् ।" उनका अनुसार हिउँदमा जसोतसो यातायात सुचारु हुँदा १४ किलोमिटर दूरीको सदरमुकाम क्षणभर पुगिन्छ ।

सदरमुकाम सिरहा बजार मात्र होइन, औरही गाउँपालिकाको १ देखि ५ वडाका बासिन्दालाई गाउँपालिका केन्द्र पुग्न पनि गागन खोला तर्नैपर्छ। खोलाबाट गाउँपालिका पुग्न सवा किलोमिटर दूरी मात्रै छ। वर्षामा एउटै गाउँपालिकाका बासिन्दालाई यतादेखि उता आउ-जाउ गर्न धौधौ पर्छ । "वर्षामा स्थानीयले बनाएको बाँसको फाटकबाट १० देखि ५० रुपैयाँसम्म तिरेर खोला वारपार गर्नुपर्छ," कमलपुरका रामलखन ठाकुर भन्छन्, "त्यो पनि बाढीको भेल ठूलो हुँदा तर्न सकिन्न ।" हुलाकी राजमार्ग बन्यो भने यस क्षेत्रको आर्थिकलगायत विकासले फड्को मार्ने र यो सडक भएर भारतको लदनिया, जयनगर बजार पुग्न सहज हुने ठाकुरको भनाइ छ।

"यो सडक निर्माण भए जिल्लाको दक्षिणवर्ती भगवानपुर, ठाडी, इनरुवा, नवराजपुर, बरियारपट्टी, औरहीलगायत चार दर्जन बस्तीका बासिन्दालाई सदरमुकाम सिरहा बजार आउजाउमा सहज हुन्छ," उनी भन्छन्, "यो सडक जीर्ण र गागन खोलामा पुल नभएकै कारण यस भेगका बासिन्दा पूर्व-पश्चिम राजमार्ग हुँदै ५० किलोमिटर दूरी तय गरी सदरमुकाम सिरहा बजार पुग्न बाध्य छौं ।"

सिरहाअन्तर्गत बलानदेखि कमला नदीसम्मको २९.८८ किलोमिटर खण्डमा तीन वर्षभित्र पक्की हुलाकी सडक निर्माण गर्न स्वच्छन्द-रोशन-महादेव खिम्ती जेभी कम्पनीले १ अर्ब २० करोड २० लाख रुपैयाँको बोलपत्र सकारेको छ । पुरानो, जीर्ण भएका र बन्न बाँकी गरी १ सय २० कल्भर्ट उक्त सडक खण्डमा निर्माण गरिने योजना थियो । तर ठेकेदार कम्पनीले समेत केही महिना माटोको काम गरेर छाडेको स्थानीयको दुखेसो छ।

औरही गाउँपालिका अध्यक्ष सिद्धार्थदास यादवले हुलाकी राजमार्ग भएर बग्ने सबै खोलानालाको एकै पटक लागेको ठेक्कामा यो खोलामाथिको पुल पनि परेको बताउँछन् । "सबैतिरको खोलानालाको पुल र कल्भर्ट बनिसक्यो तर यो खोलाको काम भने सुरु भएको छैन," उनी भन्छन्, "हुलाकी राजमार्गमा कालोपत्रे, पुल, कल्भर्ट निर्माण गर्ने जिम्मेवारी हुलाकी सडक डिभिजनले लिए पनि हामीलाई कुनै जानकारी दिइएको छैन ।" ने

सपनाजस्तै जीवन

माओवादी विद्रोहका लडाकु, घाइते र अपांगता भएकाको सकसपूर्ण जिन्दगी

दुर्गालाल केसी/दाङ

सल्यान मलेबाङकी तुलसा केसीलाई १६ वर्षे जवानीमा देशको चिन्ता भयो। दाइ इन्द्रबहादुर माओवादी पार्टीमा लागेका थिए। उनी पनि १० कक्षाको पढाइ छोडी पूर्ण सर्वहारा हुने, मृत्यु स्वीकार्ने र साम्यवादमा पुग्ने पार्टीको सिद्धान्त स्वीकार्न तयार भइन्।

तुलसासँग सम्पत्तिको नाममा सुनको फुली थियो, त्यो निकालेर पार्टीलाई दिइन्। घरमा पनि आफ्नो भागमा पर्ने जग्गा छुट्याउन लगाएर पार्टीलाई दिने निर्णयमा पुगिन्।

जनयुद्धमा त्यागेको गहना उनले अहिले पनि लगाएकी छैनन्। कतिपयले सोध्छन्, 'तपाईंका श्रीमान् छैनन् ?' उनी केही बोल्न सक्दिनन्। उनको न निधारमा सिन्दूर छ, न त नाकमा फुली, हातमा चुरा। पति, १० वर्षे छोरी र ८ वर्षे छोराका साथमा रहेकी तुलसा गहनाको प्रसंग आउँदा भावुक हुन्छिन्, "गरगहना लगाउने हाम्रो आर्थिक हैसियत पनि भएन। मेरो सिद्धान्तले पनि मानेन।"

०५३ मा पार्टीमा संगठित भएकी तुलसा इलाका कमिटी हुँदै कलाकार र महिला संगठकका रूपमा स्थापित भइन्। त्यहाँ पाँच वर्ष महिला संघ अर्घाखाँचीको जिल्ला अध्यक्ष भएर बसिन्। १ फागुन ०६४ मा उनले रोल्पा जंकोटका जगदीश पुनसँग जनवादी विवाह गरेकी थिइन्। त्यसपछि उनी अर्घाखाँची र पति पाल्पामा खटिए। ०६९ मा उनीहरूलाई दाङ सरुवा गरियो। यसबीचमा छोरी जन्मिइन्। सुरुका दिन निकै कष्टकर भए। के खाने ? कहाँ बस्ने ?

जगदीशको रोल्पा, जंकोटस्थित घर सुरक्षाकर्मीले आगो लगाएर ध्वस्त पारिदिएका थिए। गाउँमा गएर बस्ने अवस्था पनि थिएन। दुई वर्ष तुलसीपुरमा बसेर किराना पसल गरे। अन्तमा घोराहीमा आएर बंगुरको मासु बेच्न थाले। "क्षत्रीकी छोरी, कहिलै बंगुर नछोएकी मान्छे। दैनिक २०-२२ किलोको सपेटा उचाल्नुपर्छ," उनी भन्छिन्, "बिहान ५ देखि राती ८ बजेसम्म सुंगुरको मासु काट्छु। पूरै जीवन सपनाजस्तै लाग्छ।"

पार्टी शान्ति प्रक्रियामा आएपछि बिस्तारै नेताहरूको नजरमा पर्न छाडेको उनी सुनाउँछिन्। "पहिले पार्टीले हामीलाई खोज्थ्यो। जसरी पनि राजनीतिमा लगाउँथ्यो। अहिले पार्टीमा नयाँ मान्छे पसेका छन्," उनी भक्कानिन्छिन्, "हामीजस्ता युद्ध लडेका अधिकांश मानिस बाहिर छन्। कोही विदेश पलायन भए, कोही गरिखाउँ न मरिजाउँको अवस्थामा छन्।" उनलाई लाग्छ, "अब छोराछोरीले सुन्दा पनि के पत्याउलान् र ? त्यस्तो पनि भएको थियो र भन्लान्। आधा जीवनको कथा छुट्टै छ, आधा जीवनको छुट्टै।"

युद्धकालीन दिन सम्झँदा उनी तनावमा हुन्छिन्। कतिले अझै पनि मान्छे मारेर आएको भनेर घृणा गर्छन्। युद्धकालमा उनको घर नै पार्टीमय थियो। दिनहुँजसो लडाकु र नेताहरूलाई खाना खुवाउन मेस चल्थ्यो। दाइ पनि नेता। भाइ चन्द्रबहादुर पनि लडाकु। भाउजूलाई

अहिले पार्टीलाई हाम्रो आवश्यकता परेको देखिँदैन, हामीले युद्ध लड्दाको लक्ष्यअनुसार काम भएको पनि छैन।
– जगदीश पुन

हिजो लड्न सक्ने हुँदा सबैले खोज्थे। अहिले सबैले छाडे। आफ्ना दुःख आफैँसँग छन्।
– भुलबहादुर विक

तस्बिरहरू : दुर्गालाल केसी

पहिले पार्टीले हामीलाई खोज्थ्यो । जसरी पनि राजनीतिमा लगाउँथ्यो । अहिले पार्टीमा नयाँ मान्छे पसेका छन् ।

– तुलसा केसी

खाना पकाउन र खुवाउन ठीक्क हुन्थ्यो । सुरक्षाकर्मी आएर उनलाई यातना दिन्थे । यही कारण भाउजू अहिले मानसिक बिरामी भएकी छन् । भाइ अहिले वैदेशिक रोजगारीमा छन् । "सत्तामा गएपछि नेताहरू बिग्रँदा रहेछन् । जनताका नेता जनताकै भएर मरून् । भ्रष्टाचार र गलत कामले बदनाम नहोऊन्," उनको कामना छ, "अबको पुस्ताले हामीले जस्तो दुःख नपाऊन् । हाम्रा सन्तानले सही मार्गदर्शन पाउन सकून् ।"

पति जगदीश पनि मगरात राज्य समिति सदस्यसम्म भए । वर्षमान पुन उनका भिनाजु हुन् । "अहिले पार्टीलाई हाम्रो आवश्यकता परेको देखिँदैन," जगदीश भन्छन्, "हामीले युद्ध लड्दाको लक्ष्यअनुसार काम भएको पनि छैन । हामीले जेनतेन ज्यान पालेका छौँ तर धेरै साथीहरू अशक्त छन् ।"

०५४ मा वाइसीएलमा संलग्न भएर पार्टी राजनीतिमा पसेका पुन १० कक्षाको पढाइ छाडेर पूर्णकालीन भए । लडाकु भएर हिँडेका भाइ कुशल मलेसियामा छन् । अहिले उनी घोराहीको ढोडेनीमा बंगुरका ११ माउ र ४३ पाठा पालिरहेका छन् । उनले पनि यसलाई जीवनको नयाँ सुरुआत ठानेका छन् । भन्छन्, "पहिले राजनीतिक आदर्श मात्रै थियो । अहिले जीवनले नयाँ बाटो लिएको छ ।"

रुकुम, हुकामका भुलबहादुर विकको दायाँ खुट्टा छैन । जुम्लाको खलंगा आक्रमणमा खुट्टामा गोली लाग्यो । जंगलमा हिँड्दाहिँड्दै उपयुक्त समयमा उपचार पाएनन् । अन्त्यमा उनको खुट्टा नै काट्नुपर्‍यो । देश परिवर्तन गर्ने सपना बोकेर युद्धमा पसेका विक शान्ति प्रक्रियापछि एउटा खुट्टा गुमाएर घर फर्के ।

घरपरिवारमा रुवाबासी भयो । उनले कसैलाई सम्झाउन सकेनन् । उनीसँग पहिलेजस्तो जोश, जाँगर र राजनीतिक आदर्श थिएनन् । परिवारलाई सम्झाउन नसकेपछि आफैँ दाङ फर्के । तुलसीपुर उपमहानगरपालिका-१८ धनखन्यामा बाँसले बेरेको छाप्रो बनाए । त्यसैमा बसेर जीविका चलाउन थाले ।

दाङकै संक्राम ब्यारेकमा बस्दा विकको विवाह भएको थियो । उनले पनि छाडेर गइन् । उनीबाट एक छोरा र एक छोरी छन् । दोस्रो विवाहपछि दुई छोरी जन्मेका छन् । साँझबिहान खान-लाउनै समस्या छ । सरकारले उपचार खर्चका लागि मासिक ६ हजार रुपैयाँ दिन्छ । "यसले केही पुग्दैन । खान-लाउनकै निम्ति धेरै ऋण लागिसक्यो । कसरी तिर्ने भन्ने चिन्ता छ," उनी भन्छन्, "हाम्रोबारे कसले सोच्छ र ? हिजो लड्न सक्ने हुँदा सबैले खोज्थे । अहिले सबैले छाडे । आफ्ना दुःख आफैँसँग छन् ।"

हामीले दुःख गरेर नयाँ संविधान आयो तर हाम्रो बलिदानीको मूल्यांकन कतै भएको छैन ।

– चक्रपाणि शर्मा

घाइते, अपांगता भएका लडाकुको अवस्था झनै दुर्दशापूर्ण छ । सल्यानबाट युद्धमा हिँडेका चक्रपाणि शर्मा अहिले तुलसीपुर उपमहानगरपालिका-१८ दूधराशमा बस्छन् । बैसाखीको भरमा हिँडडुल गर्छन् । "हाम्रा कारणले देशमा परिवर्तन भयो । हामीले अंग दिएका कारण देश बदलिएको हो," शर्मा भन्छन्, "तर सरकारले हाम्रा कुरा सुन्दैन ।"

२५ चैत ०६१ मा रुकुमको खारामा भएको सैनिक ब्यारेक आक्रमणका क्रममा बमको धमाकाले शर्माको मेरुदण्डमा नराम्रोसँग चोट लाग्यो । त्यसपछि उनी बैसाखीको सहाराबिना हिँड्न नसक्ने भए । "हाम्रो गुमेको अंग त आउँदैन तर भएको अवस्थामा सहज हुने सहायता सामग्री दिए पनि सन्तोष मिल्छ," उनी भन्छन्, "हामीले दुःख गरेर नयाँ संविधान आयो तर हाम्रो बलिदानीको मूल्यांकन कतै भएको छैन ।"

सशस्त्र द्वन्द्वपछि शान्ति प्रक्रियाका क्रममा १९ हजार ६ सय २ लडाकु प्रमाणीकरणमा परेका थिए । त्यसमध्ये १ हजार ४ सय २२ लडाकु सेनामा समायोजन भए भने अन्य अवकाश रोजेर घर फर्के । अनमिनको प्रमाणीकरणका क्रममा अयोग्य भएका ४ हजार ८ जनामध्ये एक तिहाइले त आत्मग्लानि भएर पहिले नै शिविर छाडिसकेका थिए । अनमिनको अभिलेखअनुसार औपचारिक बहिर्गमन कार्यक्रमका क्रममा देशभरका सात वटै शिविरबाट २ हजार ३ सय ९४ जना मात्रै बिदा भएका थिए । ने

निश्चलको अलमल

डेब्यु फिल्म लुटले निर्देशक निश्चल बस्नेतप्रति ह्वात्तै अपेक्षा बढायो तर त्यो पूरा गर्न चुकिरहेका छन्

गोकर्ण गौतम

लुट त्यतिबेला रिलिज भयो, जतिबेला चलचित्र विकास बोर्ड नेपाली फिल्ममा संकटकाल लगाउने तयारीमा थियो। फिल्म भटाभट फ्लप भइरहेका थिए, नवीन प्रयोग र कलात्मक कथावाचन शून्य नजिक पुगेको थियो। मल्टिप्लेक्स खुलिरहेका थिए तर नेपाली फिल्मको उपस्थिति फितलो थियो, दर्शक हल जानै अनकनाउँथे।

यो निराशालाई जादूयी पारामा चिरेको थियो, लुटले। नेपाली फिल्ममा स्थापित हिरोको परम्परागत मानकमा पटक्कै नअटाउने दयाहाङ राई, सौगात मल्लजस्ता कलाकारलाई समेत हरेक उमेर समूहका दर्शकले रुचाए। व्यापारमा कीर्तिमान राख्यो। स्थानीय कथा, पात्र र लबजप्रति प्रेम जागृत गर्‍यो। नेपाली फिल्म निर्माणमा लुट कोशेढुंगा साबित भयो। प्रतिभाशाली नयाँ फिल्मकर्मीको लहर आयो। यसमा पहिलो र बलियो हकदार हुन्, निर्देशक निश्चल बस्नेत।

डेब्यु फिल्मकै यति जगजगी भएपछि निश्चलप्रति स्वाभाविक रूपमा आशा चुलियो। तिनताका प्रायः मिडियाले उनलाई 'नेपाली फिल्मका उज्यालो भविष्य' का रूपमा चित्रण गरे। उनीसँग काम गर्न चाहने कलाकार र निर्माताको ओइरो लाग्यो।

तर लुट प्रदर्शनयताको सात वर्षमा निश्चलले आफूप्रतिको अपेक्षा पूरा गरे त?

यतिबेला नेपाली फिल्म शुभेच्छुकमाझ यो प्रश्नले ज्यादातर स्थान पाउन थालेको छ। नयाँ धारका आलोचकलाई त मसला मिलेको छ। निश्चल स्वयं आफ्नो करिअर कसरी समीक्षा गर्छन्? उनको प्रस्टीकरण छ, "म निर्देशक मात्र नभएर फिल्ममेकर बनेको छु। अभिनय, नाच्ने र गाउने पनि गर्छु। हरेक काममा भिन्न दृष्टिकोण राख्छु तैपनि सोचेजस्तो भइरहेको छैन।" उनलाई कहिलेकाहीँ लाग्दो रहेछ, अरू एक-दुई, तीन हुँदै सयसम्म पुग्छन् तर उनी सुरुमै सयमा पुगे। त्यसलाई जोगाउन मुस्किल भएको छ।

निश्चलका आफ्नै बाध्यता होलान् तर लुटपछिको करिअर नियाल्दा उनी आफ्नो स्टारडम क्यास गर्न ज्यादा मग्न भएको देखिन्छ। भन्छन्, "म निर्देशनमै अब्बल छु।" उनका कामले देखाएको पनि त्यही छ। तर निर्देशनमै उनको दिलचस्पी देखिन्न, जुन विरोधाभासपूर्ण छ। लुटपछि उनी निर्देशित *टलकजंग भर्सेज टुल्के* र लुट २ मात्र रिलिज भएका छन्। कारण यसरी खुलाउँछन्, "स्क्रिप्ट चित्तबुझ्दो नभएपछि निर्देशन गर्न उचित देखिनँ। अन्य कामभन्दा निर्देशनमा संवेदनशील हुन्छु।" तर निश्चललाई निर्देशकभन्दा गायक र आइटम डान्सरको छविले छोप्न थालेको छ। फिल्म खेल्न अन्य निर्माता-निर्देशकबाट

चर्को डिमान्ड भए पनि उनको अभिनय अक्सर आलोचनाकै लायक भइदिन्छ ।

पछिल्लो उदाहरण हो, *घामड शेरे*। पत्नी स्वस्तिमा खड्कासँगै खेलेको यस फिल्मले न पैसा कमायो, न त निश्चलको अभिनयले प्रशंसा । बरु उनको साख र सिर्जनशीलतामा ह्रास आएको चर्चा चल्न थालेको छ । उनी आफैँले दुई वर्षअगाडि भनेका थिए, 'मेरो शक्ति बढ्नुपर्नेमा घटिरहेको छ। म आफैँलाई आफ्नो काम चित्त बुझेको छैन। अब परिवर्तन भइनँ भने झन् ओरालो लाग्छु।' तीतो सत्य के भने त्यसयता उनमा उल्लेखनीय बदलाव देखिएको छैन। बरु *घामड शेरे*मा अभिनय सुधारिएको भनेर दंग छन्। दुई नयाँ फिल्म खेल्दै छन्, *दिमाग खराब* र *पारस*।

नेपालका सम्भवत: सबैभन्दा धेरै फ्यान भएका निर्देशक हुन्, निश्चल। यसले उनलाई 'स्टार डाइरेक्टर' का उपमा दियो। वितरक र निर्माताले फुर्क्याउन थाले, 'तिमी फिल्म खेल, बम्पर ओपेनिङ गर्छ।' गिनेचुनेका निर्देशक नै उनलाई 'केमियो' गराउन मरिहत्ते गर्न थाले। ओस्कार इन्टरनेसनल फिल्म कलेजका निश्चलका सहपाठीहरू सुरुबाटै उनको चाहना अभिनयभन्दा निर्देशनमा रहेको र अभिनयमा भनेजस्तो मौका नमिलेपछि आफैं निर्देशनमा कस्सिएको बताउँछन्। तर यसलाई निश्चल नकार्छन्। उनको भनाइमा *लुट*को उद्देश्य एउटै थियो, "आफूले हेर्न चाहेको तर नपाएको जस्तो फिल्म बनाउने।"

अभिनयको लोभ थिएन तर बुझ्दै गए निर्देशकले त्यसको तौरतरिका पनि सिक्यो भने अभिनेताबाट काम लिन सहज हुन्छ। त्यही बेला अनुप बरालले *फिटकिरी*मा अफर गरे, सिक्न पाइने लालसाले खेले। त्यही ताका *कबड्डीमा* उनको भूमिका र अभिनयले थोरबहुत तारिफ पायो, जसले अभिनयप्रतिको लगाव गाढा बनायो। उनी निर्देशित दोस्रो फिल्म आयो, *टलकजंग भर्सेस टुल्के*। बक्स अफिसमा अपेक्षाकृत नचम्किए पनि निर्देशकका रूपमा इमानदार प्रयास सराहनीय थियो। यहाँसम्म पनि निश्चल सही मार्गमै थिए तर *लुट २* पछि उनमा धरमर सुरु भयो।

लुट कालजयी फिल्म हो। व्यावसायिक लोभमा यसको सिक्वेल बनाउनु नै आफैँमा घातक निर्णय थियो। तर निश्चलले साख बचाउँछन् भन्ने अपेक्षा पनि उत्तिकै। महँगो बजेटमा धेरै प्रचार-प्रसारसहित फिल्म बन्यो। केही नाफा पनि कमायो तर फिल्मले आलोचना खेप्यो। अरूको के कुरा, निश्चलकै चित्त बुझेन। "*लुट २* लाई ब्रान्डको भारले थिच्यो, कम्तीमा नाक जोगाओस् भन्ने थियो," उनको मूल्यांकन छ, "तर *लुट*मा जुन पक्ष बलियो थियो र दर्शकले मन पराएका थिए, सिक्वेलमा कमजोर भयो। त्यसपछि म सोच्न बाध्य भएँ।" कति हतोत्साहित भए भने अढाई वर्ष बित्यो, उनका नयाँ फिल्म आएका छैनन् र तत्काल आउने छाँट पनि छैन। *दिमाग खराब* र *डामाडोल* बनाउन लागिपरे तर बीचमै छाडिदिए।

निर्देशनप्रतिको यही विरक्तिले निश्चल अभिनय, गायन र आइटम डान्समा रमाउन थाले। उनले नाचेको पहिलो गीत थियो, *लुट २* को 'ठमेल बजार...'। भन्छन्, "प्रमोसनमा फाइदा पुगोस् भन्नेबाहेक नाच्नुको अर्को ध्येय थिएन तर त्यसपछि मलाई डान्सरजस्तै बनाइयो।" उनी आफैँले गाएको, नाचेको *पर्व*को 'काले दाइ...' पनि हिट भयो। त्यसपछि *दुई रुपैयाँ*मा अभिनय गरे। उनले मुख्य भूमिकामा अभिनय गरेको पहिलो फिल्म यही हो।

निश्चलकै शब्दमा, यहाँसम्म आइपुग्दा हावादारी शैलीमा अभिनय गरिरहेका थिए। उनलाई थाहा थियो, लेखेको बोल्नु मात्र अभिनय होइन तर यस फिल्ममा यही शैली अपनाए। लुक्स र हल्काफुल्का चर्चाले चलिहाल्छ भन्ने सोचले काम गरे। यो फिल्म हिट पनि भयो तर आफ्नो अभिनय हेर्दा आफैँलाई असहज भएछ। भन्छन्, "अभिनय नै गर्ने भएपछि अलि गम्भीर भएर गर्नुपर्छजस्तो लाग्यो। सौगात (मल्ल) दाइ, दयाहाङ (राई) दाइ र विपिन कार्कीसँग अनौपचारिक रूपमा सिक्न थालें।"

यही परिपक्वता आएपछि निश्चलले खेलेको फिल्म हो, *प्रसाद*। नि:सन्तान दम्पतीको कथा भनिएको फिल्ममा उनको नकारात्मक भूमिका थियो। फिल्मले 'हाइप' पायो तर निश्चलले चाहिँ आलोचना सहनुपर्‍यो, उनकै भूमिका र अभिनयले मूलकथाको लय बिथोलेको भन्दै। उनको स्पष्टीकरण यस्तो छ, "*प्रसाद*मा क्यारेक्टरको औचित्य पुष्टि गर्न धेरै प्रयास गरे पनि ढंग पुगेन। निर्देशक (दिनेश राउत) ले दायरा तोकिदिएका थिए। निर्देशकले जस्तो चाह्यो, त्यस्तै गर्नुपर्‍यो।" *घामड शेरे*को हकमा पनि उनको अभिनय त फितलो छ नै, पात्र पनि सतही लाग्छ। सोही कारण दर्शकले पात्र र उसको भोगाइलाई आत्मसात गर्न सकेनन्।

निश्चल मात्र होइन, आशा राखिएका प्राय: सबै निर्देशकको हालत यस्तै छ। अहिले कि बजारु कमेडीको लहड छ, कि बासी प्रेमकथाको घनचक्कर। नवीन विषय र शैली पछ्याएर सर्जकका रूपमा इमानदार प्रयास गर्नेको खडेरी छ। त्यसैले *लुट* रिलिजताकाकै नियति दोहोरिएला भन्ने चिन्ता बढ्न थालेको निश्चल स्वयंलाई हेक्का छ। र, बल्ल उनलाई लाग्न थालेछ, गीत गाएर, नाचेर र फिल्म खेलेर पो समय खेर फालेछु कि ! तर दु:खेसो उही छ उनको, सबै जनराको स्क्रिप्ट लेख्न सक्दिनँ, राम्रो लेख्न पाइँदैन। त्यसैले निर्देशनबाट पछि हटिरहनुपरेको छ। लेखक बुद्धिसागरले उनका लागि लेखिरहेको स्क्रिप्टसँग चाहिँ उत्साही रहेछन्। क्राइम-थ्रिलरको एउटा कथा आफैं लेख्दै छन्। "कम होस् तर स्तरीय फिल्म मात्र निर्देशन गर्छु। गर्नका लागि मात्र गर्दिनँ," उनी भन्छन्, "दर्शकलाई चित्त बुझ्ने फिल्म बनाएर पैसा कमाउने हो, पैसा कमाउने मात्र उद्देश्य होइन। तर समस्या उही, *लुट*को बेन्चमार्क पुग्नै हम्मेहम्मे छ।" ने

के त्यो म्याच फिक्सिङ थियो ?

नाइट क्लब प्रकरणमा चार खेलाडी बर्खास्तीको भित्री पाटो



विमल घर्ती मगर

पवन आचार्य

भुटानको चाङ्लिमिथान रंगशालामा कुवेतविरुद्धको खेलमा नेपाली फुटबल टोली पहिलो रोजाइका स्ट्राइकरद्वय विमल घर्ती मगर र अञ्जन विष्टबिनै मैदान उत्रियो। ३० कात्तिकमा टोलीको औपचारिक बिदाइ गर्ने बेलासम्म पनि उनीहरूसहित सन्तोष तामाङ र दिनेश राजवंशी टोलीमा पर्नेमा ढुक्क थिए। कारण, त्यसअघि घोषणा गरिएको अन्तिम टोलीमा चारै जना अटाएका थिए। तर बिदाइको दिन एक्कासि उनीहरू चारै जनाको नाम काटियो।

अखिल नेपाल फुटबल संघ (एन्फा) का कार्यवाहक अध्यक्ष पंकजविक्रम नेम्वाङ, उपाध्यक्ष कृष्ण थापा, महासचिव इन्द्रमान तुलाधरलगायतका पदाधिकारी र उपलब्ध केन्द्रीय सदस्यहरूको बैठकले उनीहरूमाथि अनुशासनको कारबाही गर्ने निर्णय गर्‍यो। कारण थियो- ती चारै जना खेलाडी २९ कात्तिक राती अबेरसम्म ठमेलको रेस्टुराँ चहार्दै मादक पदार्थ सेवन गरी मोटरसाइकल दुर्घटनामा परेका थिए। दुर्घटनामा परी दिनेशको आँखामा चोट लागेको छ।

खेलाडीहरू नाइट क्लबमा भेटिएको यो पहिलो घटना नभए पनि अनुशासनको कारबाहीस्वरूप उनीहरूलाई टिमबाटै बर्खास्त गरिएको घटना नौलो हो। ०७५ साउनमा पनि विमल, अञ्जन, विशाल राई र हेमन्त थापा मगर पनि यसैगरी होस्टलबाट भागेर नाइट क्लब पुगेका थिए। एसियाली खेलकुद र साफ च्याम्पियनसिपको तयारीमा रहेका बेला राती-राती क्लब धाउने खेलाडीलाई चोख्याउने काम एन्फाबाटै भयो। त्यतिबेला एन्फाले उनीहरूसँग सामान्य सोधपुछ मात्रै गरेको थियो। स्पष्टीकरण सोधेर खेलाडीलाई उन्मुक्ति दिएको भन्दै त्यतिबेला एन्फाभित्र विवाद भएको थियो। केहीले उनीहरूलाई कारबाही हुनुपर्ने तर्क गरे पनि खेलाडीको मनोबल नगिरोस् भनेर एन्फा नेतृत्व लचक भएको थियो।

तर यस पटक भने अनुशासनको कारबाही भनिए पनि त्यसभित्र अर्कै पाटो रहेको धेरैको शंका छ।

अनुशासनको डन्डा

नेपालले विश्वकप-२०२२ को दोस्रो चरणको छनोटमा कुवेतविरुद्ध उसकै गृहमैदानमा ७-० को हार बेहोरेको थियो। त्यसपछि अस्ट्रेलियासँग ५-० र जोर्डनसँग ३-० ले हारेको नेपालले चाइनिज ताइपेईलाई भने २-० ले हराएको थियो। अबे म्याचको नतिजालाई आधार बनाएर फिफाले एन्फाका इन्टिग्रिटी अफिसर पूर्वडीआईजी सुदीप आचार्यलाई इमेल पठाएर खेलमा कैफियतको आशंका गर्दै अनुसन्धान गर्न सुझाएको थियो।

त्यसबारे एन्फाको अनुशासन समितिमा पनि छलफल भयो। तर समिति संयोजक विजय मानन्धर राजीनामा दिएर बसेकाले त्यसबारे कुनै निर्णय हुन सकेको थिएन। पछिल्लो घटनाक्रमबारे निर्णय लिन एन्फा पदाधिकारीले अनुशासन समितिका सहसंयोजक पूर्वएसएसपी सुरेश बस्नेतसँग छलफल गर्दै खेलाडीलाई

कारबाहीको निर्णय गरेको थियो । फिफाको इमेलपछि एन्फाले म्याच फिक्सिङबारे प्रहरीलाई अनुसन्धान गर्न आग्रह गरेको थियो । एन्फाका एक पदाधिकारी भन्छन्, "चार खेलाडीको गतिविधि शंकास्पद देखिएको थियो । बिदाइको अघिल्लो दिन अनुशासनहीन काम गर्दा टिममा परिन्न भन्ने थाहा हुँदाहुँदै त्यस्तो गर्दा कतै उनीहरू भुटान जाने टोलीमा पर्न चाहन्नथे कि भन्ने शंका उत्पन्न भएको छ ।"

यसबारे आधिकारिक रूपमा भने कोही बोल्न चाहन्नन् । प्रवक्ता किरण राई भन्छन्, "अध्यक्षको अनुपस्थितिमा हामीले निर्णय गर्‍यौं । यसलाई आधिकारिकता दिन पनि सकिएको छैन । खेलाडीलाई अनुशासनको कारबाही मात्रै गरेका हौं । कति खेलसम्म यो कारबाही लम्बिने भन्ने पनि छैन ।"

हुन पनि खेलभन्दा खेलाडी कहिल्यै ठूलो र महत्त्वपूर्ण होइन । अनुशासन नभए जतिसुकै चर्चित वा सफल भए पनि खेलाडीको काम हुँदैन किनभने खेलाडीको सफलताको न्यूनतम सर्त नै अनुशासन हो । अघिल्लो वर्ष सोही प्रकृतिको घटनामा कारबाही नगरेको एन्फाले यस पटक खुट्टा नकमाएर दह्रो रूपमा प्रस्तुत हुनुलाई पनि अनेक कोणबाट विश्लेषण गर्न थालिएको छ ।

युवा पुस्ताका आशालाग्दा विमल घर्ती मगर, अन्जन विष्ट, सन्तोष तामाङ र दिनेश राजवंशीजस्ता खेलाडीलाई कारबाही गर्दा भोग्नुपर्ने परिणाम र त्यसले टिमको प्रदर्शनमा पार्ने असरबारे पनि एन्फा नेतृत्व यस पटक कठोर बन्यो । एन्फा पदाधिकारीमध्ये केहीले यो घटनालाई फेरि गुपचुप राख्ने प्रयास नगरेका होइनन् । तर चारै खेलाडीलाई अलग-अलग राखेर गरिएको सोधपुछपछि उनीहरू कारबाहीको मुडमा पुगे । फलस्वरूप सुवास गुरुङलाई टोलीमा थप्दै फुटबल टिम भुटान उड्यो ।

कारबाहीमा परेका चारै खेलाडी पहिलो रोजाइका हुन् । विमल नेपाली टिमका प्रमुख स्ट्राइकर हुन् भने अन्जन मिडफिल्डका प्रभावशाली खेलाडी हुन् । विश्वकप छनोटमा नेपालले जितेको एक मात्र खेलमा अञ्जनले चाइनिज ताइपेईविरुद्ध २ गोल हानेका थिए । दिनेश पनि नेपालको रक्षापंक्तिका भरपर्दा खेलाडी हुन् । चार खेलाडीको अनुपस्थितिमा नेपाली टिम कमजोर हुनेमा कुनै शंका थिएन । तर नतिजा उल्टो आयो । यी चार खेलाडी भएको भन्दा कम अन्तरमा गोल खाएर टोली स्वदेश फर्किएको छ ।

व्यवस्थापक र प्रशिक्षक पनि जिम्मेवार

सागको बन्द प्रशिक्षणमा समेत रहेका खेलाडी रातभर बाहिर रहनुमा टिम व्यवस्थापन पक्ष कति कमजोर छ भन्ने जगजाहेर भएको छ । खेलाडीलाई बन्द प्रशिक्षणमा नराखेर घरमै रहन दिने परिपाटी भएकाले पनि यसको जिम्मेवारी प्रशिक्षक र टिम व्यवस्थापकले समेत लिनुपर्ने आवाज एन्फाभित्रै उठेको छ । एन्फाका एक कर्मचारी भन्छन्, "खेलाडीले अनुशासन पालना नगर्दा जिम्मेवारी उनीहरूमा बढी होला । तर टिम प्रशिक्षक र व्यवस्थापकले पनि उनीहरूको दैनिक कामबारे जानकारी राख्न जरुरी छ । खेलाडी हेर्ने जिम्मेवारी पाएको मान्छेलाई पनि जिम्मेवारीबाट च्युत भएपछि किन कारबाही नगर्ने ?"

पछिल्लो केही वर्षलाई हेर्ने हो भने फुटबलमा एकपछि अर्को अनुशासनहीन घटना भइरहेका छन् । तत्कालीन कप्तान सागर थापासहित ५ खेलाडी खेल मिलेमतोको



अञ्जन विष्ट

अभियोगमा फुटबलबाट आजीवन प्रतिबन्धमा परे। केही महिनाअघि फुटबल टोलीका कप्तान किरण चेम्जोङ र फिजियो विवेकविक्रान्त अधिकारीबीच विवाद भयो, जसमा एन्फाले फिजियोलाई निकाल्यो भने किरणलाई सचेत मात्र गर्ने निर्णय गऱ्यो। खेलाडीलाई च्याप्ने एन्फाको नीतिप्रति उसकै पदाधिकारी नै सन्तुष्ट छैनन्।

राष्ट्रिय टिमका पूर्वकप्तान एवं महिला टोलीका मुख्य प्रशिक्षक हरि खड्का अहिले अनुशासनको मामिलामा खेलाडीहरू चुकेको स्वीकार्छन्। तर अनुशासन कायम गर्ने निकाय पनि उत्तिकै चनाखो हुनुपर्ने उनको तर्क छ, "हाम्रो पालामा यति धेरै नाइट क्लब थिएनन्। मिडिया पनि थोरै थिए। अचेल केही कुरा पनि लुक्दैन तर खेलाडीलाई मात्रै अनुशासनको कारबाही गर्दा अन्यले उन्मुक्ति पाए कि भन्ने हेर्न जरुरी छ।"

खड्काका अनुसार एन्फाले फुटबल मात्रै सिकाउने नभएर आचरणमा पनि जोड दिनुपर्छ। युवा टोलीबाट आएका खेलाडी सिनियर टोलीमा छिर्नासाथ रातारात स्टार बन्छन्। त्यही स्टारडम धान्न पनि उनीहरूलाई गाह्रो हुने खड्काको कथन छ। यस्तोमा टिम प्रशिक्षक र व्यवस्थापकको भूमिका बढी हुने भएकाले त्यतातर्फ एन्फा नेतृत्वको ध्यान जानुपर्ने उनी सुनाउँछन्।

दिनेश राजवंशी

सन्तोष तामाङ

कारबाही बढ्न सक्छ

विदेश भ्रमणको अघिल्लो दिन नाइट क्लबमा रातभर मात्दा र मोटरसाइकल दुर्घटना गराउँदासमेत कारबाही नगरिए अन्य खेलाडीको मनोभावमा समेत असर गर्ने हुँदा तत्कालका लागि कुवेतविरुद्धको खेलमा उनीहरूलाई ड्रप गरिए पनि कारबाही थपिन सक्ने जानकार बताउँछन्। प्रवक्ता राई भन्छन्, "तत्कालीन अवस्थामा हामीले उपलब्ध पदाधिकारी बसेर एउटा निर्णय लियौँ। अध्यक्ष कर्माछिरिङ शेर्पा आएपछि यसबारे थप निर्णय हुन्छ।" भुटानमा रहेका अध्यक्ष शेर्पा ५ मंसिरमा काठमाडौँ ओर्लिसकेका छन्। अध्यक्षसँग टेलिफोनमा सल्लाह गरेरै निलम्बनको निर्णय लिइएको र अनुसन्धान गरी खेलाडीमाथि थप कारबाही हुन सक्ने उनले सुनाए।

खेलाडीको व्यवहार र आचरणअनुसार नै प्रदर्शन हुने भएकाले राती-राती क्लब धाउने गतिविधिले खेलमै असर गर्ने हरि खड्काको तर्क छ। खेलपूर्व उनीहरूलाई शारीरिक र मानसिक रूपमा आरामको आवश्यकता हुने भएकाले एकाग्रताका लागि पनि बन्द प्रशिक्षण आवश्यक पर्छ। यसका विरुद्ध जानेलाई अनुशासनको कारबाही जरुरी रहेको उनी बताउँछन्। तर कारबाही गरेर मात्रै नभई खेलाडीलाई जिम्मेवार बनाउनेतर्फ पनि एन्फाले सोच्ने बेला आइसकेको छ। ने

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

nepalmag.com.np

नेपाल

राष्ट्रिय साप्ताहिक

समसामयिक विषयवस्तुको वृत्तान्त
नेपाल म्यागेजिनको आधिकारिक वेबसाइट

www.nepalmag.com.np

GET IT ON Google Play

Available on the App Store

रङ

यतीमा रमेको मन

सुनिता लोहनी

अग्ला हिमाल वा शान्तिका दूत गौतम बुद्धको जन्मस्थल या रोमाञ्चकारी ट्रेकिङ रूट । नेपालको परिचयमा हिममानव यती बनाएर अर्को एउटा विशेषण थप्न चाहन्छन्, मूर्तिकार विजय महर्जन, ३७ । भिजिट नेपाल-२०२० लाई लक्ष्य गरेर उनले

१ सय ८ वटा यतीका मूर्ति बनाएका छन् । राज्य स्तरबाट यति ठूलो परिमाणमा कलाको काम पहिलोपल्ट भएको हो ।

लोककथाअनुसार यती अग्ला र सुन्दर हिमालमा बस्छन् । मिथक पात्र यतीलाई हिमपुत्र शेर्पाले जंगली मान्छेका रूपमा चिन्छन् । शेर्पा समुदायमा यतीका थुप्रै किंवदन्ती छन् । वास्तवमै यती छ भनेर प्रमाणित गर्न बेलाबखत केही हिमाल आरोहणकर्ताले कोसिस पनि गरेका छन् । *यती : द इकोलोजी अफ द मिस्ट्रिका* लेखक ड्यानिएल टेइलरले बरूण उपत्यकामा यतीको खुट्टाको छाप भेटेको दाबी गरेका थिए । यस्ता दाबी बेलाबखत आइरहे पनि कसैले यतीलाई भेटेको छैन । मिथ नै भए पनि हिमालको देश नेपालको प्रवर्द्धन गर्न यती बनाएको सुनाउँछन्, विजय महर्जन । भन्छन्, "सबैको दिमागमा यती कस्तो होला भनी चलेको हुन सक्छ । कसैले बाँदरजस्तो बनाउलान् । प्रायःले बाँदरकै निकट रहेको बनाएको भेटेको छु । मिथ भएकाले यस्तै थियो भन्न कसैले सक्दैन ।"

यती भिजिट नेपाल-२०२० को मस्कट पनि हो । कलाकार आङछिरिङ शेर्पाले यतीको मस्कट डिजाइन गरे । त्यसपछि महर्जनले यसलाई मूर्तिको आकारमा ढाले । यसका लागि कलाकारको टिम नै रहेको उनी बताउँछन् । मिथ भएकाले यतीको स्वरूपको खासै चर्चा नहुने महर्जनको बुझाइ छ । भन्छन्, "मिथमा थोरै काल्पनिकता थपेर मायालाग्दो, देख्नेबित्तिकै अँगालो हालौँजस्तो यती बनाएको छु ।" हुन पनि उनले बनाएको सात फुट अग्लो यती मायालु देखिन्छ । पछाडिपट्टि हेर्दा शिर बुद्धजस्तै देखिन्छ ।

सेतो रङमा सजिएको यतीलाई अन्य १ सय ८ चित्रकारले चित्र कोर्दै छन् । सुरुमा अग्रज १० कलाकारले यतीको मूर्तिमा चित्र कुँदेका थिए । करिब ४० वटा यती विदेश जानेछन्, नेपालको पर्यटन प्रवर्द्धन गर्न । महर्जनले यतीको शरीरलाई क्यानभास बनाएका छन्, जहाँ चित्रकारले यतीलाई विभिन्न रङमा रंग्याउन सकून् । हिमालको यती एससी सुमनको मिथिला कलामा मुस्कुराइरहेको छ । समुद्रमान चित्रकारको पौभामा यती रमिरहेको छ । थान्का, आधुनिक चित्रमा पनि यती बुलन्द देखिन्छ ।

परिवारमा ५ छोरामध्ये महर्जन साहिँला हुन् । परिवारमा एक मात्र कलाकार हुन् । सानैदेखि आफ्नै कल्पनाको संसारमा रमाउने बानीले मूर्तिकार बन्न प्रेरित गरेको बताउँछन्, उनी । सानोमा माटाका मूर्ति बनाई त्यसैसँग आफ्ना सारा सपना बुनेको उनी सम्झन्छन् । भन्छन्, "स्कुलमा हुँदा कतिखेर घरमा गएर मूर्तिसँग कुरा गरौँजस्तो लाग्थ्यो । अरूले भाँच्देलान् भनेर मूर्ति खाटमुनि लुकाउँथेँ ।" उनी अझै मूर्तिसँग एक्लै बसेर संवाद गर्छन् । उनको यो व्यवहार देखेर पत्नी सुरु-सुरुमा छक्क परेकी थिइन् रे ।

सबैको संघर्षको आयाम फरक-फरक हुन्छ । मूलधार र व्यावसायिक कला दुवैमा सफल रहेका महर्जन सानोमा डिस्लेसिया (अक्षर नचिन्ने) रोगबाट ग्रसित थिए । ५ कक्षासम्म पढाइमा निकै सास्ती भोगेको उनी सुनाउँछन् । क्याम्पस पुगेपछि उत्कृष्ट विद्यार्थी बनेको सुखद अनुभूति पनि छ, उनीसँग । हिन्दी चलचित्र *तारे जमिन पर* हेरेपछि मात्र आफू सो रोगबाट ग्रसित भएको उनले

थोरै काल्पनिकता थपेर मायालाग्दो, देख्नेबित्तिकै अँगालो हालौँजस्तो यती बनाएको छु ।

थाहा पाएका थिए । तर जोडिएका शब्द पढ्न अझै पनि गाह्रो हुने उनी बताउँछन् । क्याम्पसपछि उनले लिंकन स्कुलमा पढाउने अवसर पाएका थिए । अंग्रेजी राम्रो नहुँदा जागिर पाएपछि विद्यार्थीको कल्पनाशीलता बढाउन दिमागको अभ्यास गराएका थिए । उनी आफू पनि दिमागको अभ्यास गरिरहन्छन् । भन्छन्, "मेरो कल्पनाशीलता बाल्यकालदेखि नै बलियो थियो । अरूलाई शब्द भन्नेबित्तिकै दिमागमा चित्र घुम्ला तर मलाई थ्री डी नै घुम्छ, पूरै मोसनमा ।"

महर्जनको कला परिभाषा पनि फरक छ । उनी काठमाडौँलाई तान्त्रिक ठाउँ मान्छन् । उनका अनुसार इजिप्टका पिरामिडमा ममी बनाई शक्ति सञ्चय गरी राखिएको छ, हाम्रा मन्दिरमा पनि शक्ति सञ्चय गरी राखिएको छ । हामी शक्तिको पूजा गर्छौं । ३३ कोटि देवता भनेको ३३ कोटि शक्ति हो । भगवान् शिवलाई पूजाआराधना गर्नु भनेको शिवको शक्ति आफूभित्र आओस् भन्ने हो । त्यो शक्ति हामीभित्रै हुन्छ, त्यसलाई जगाउने मात्र हो । उनका अनुसार त्यसका लागि मन, वचन, कर्मले चाहेको शक्तिलाई सम्झनुपर्छ । हाम्रा मन्त्र शक्तिसम्म पुग्ने माध्यम हुन् । त्यसो त मान्छे पनि एक 'इनर्जी' भएको विश्वास गर्छन् उनी । भन्छन्, "हामीले जस्तो इनर्जी फाल्यौँ, नजिकैको मान्छेले सोही इनर्जी लिने हो । त्यसैले आफूलाई मन पर्ने इनर्जी सँगाल्नुपर्छ । मान्छे एक्लै बस्न सक्दैन । अनकन्टार ठाउँमा एउटा रूख मात्र छ भने मानिस त्यहीँ नजिक गएर बस्छ । रूखको इनर्जीमा मान्छेले आड महसुस गरेको हुन्छ ।"

महर्जनका अनुसार अचेल नेपाली कलाकारिता समस्याकेन्द्रित, सिर्जना बढी भए । कलाको माध्यमबाट समस्या सम्बोधन गर्नु त राम्रो हो तर कला हेर्दा मान्छेलाई आनन्द आउँछ, त्यस्तो कला भने सिर्जना भइरहेको छैन । समस्याकेन्द्रित सिर्जनाले अन्तर्राष्ट्रिय मञ्चमा नेपालको छवि नकारात्मक भइरहेको उनी ठान्छन् । भन्छन्, "समस्या देखाएर त्यसको समाधान भए त ठीकै हो, होइन भने के अर्थ ?"

हुन पनि हो, समस्याकेन्द्रित सिर्जनाले त्यो समयको वर्तमानलाई त सम्बोधन गर्ला । तर समय सधैँ एउटै रहँदैन । फेरिएको समयलाई त्यसले सम्बोधन गर्ला त ? फेरिएको समयलाई सम्बोधन गर्ने त स्वतन्त्र मस्तिष्कबाट जन्मिएको कला नै हो । रामेशले जनवादी गीत गाउँदा नारायणगोपालले माया, पिरती र विरहका गीत गाए । आजपर्यन्त तनाव हुँदा या आराम गर्न मन लाग्दा श्रोताको रोजाइमा नारायणगोपाल नै छन् । यस्तै, अंग्रेजी आधुनिक कवि डब्लुएच अडेनले समकालीन साथी डब्लु बी यिट्सबारे भनेका थिए, 'म राजनीतिक कवितामा रम्दा यिट्स बैजानटियनको रोमान्समा रमे । यिट्सको बैजानटियन कविता कालजयी बने । मेरा राजनीतिक कविता कता सेलाए कता ।'

कला स्वतन्त्र हुनुपर्छ भन्ने भनाइमा सबैको एकमत छ । तर स्वतन्त्र दबाबबिना सिर्जना गर्न सम्भव होला ? महर्जनलाई मूर्ति बनाउने काम साधनाजस्तै लाग्छ । उनी हरेक मूर्ति बनाउनुअघि आफ्नो मनमस्तिष्क खाली राख्ने गरेको बताउँछन् । भन्छन्, "जानेको छु या यो बनाएँ भन्ने कुरा दिमागमा रहे घमन्ड बढ्छ । घमन्डी हुँदा काम गर्न सकिँदैन । मान्छेको पूर्ण सिर्जनशीलता र शक्ति बाहिर आउँदैन ।" ने

शिशिर वैद्य

संग्रौलाले कुण्ठा पोखे

०१६/१७ पहिल्यै प्रगतिशील पुस्तक प्रकाशन र बिक्री वितरण सुरु गरिसकेका थिए, बाले । बलभद्र ठाकुर, रूद्रकुमार शाक्य, अरूणकुमार (कृष्णदास श्रेष्ठ), मंगलदास महर्जन, रामअसारे वर्मा, देव रञ्जितकार, शिवप्रसाद, लक्ष्मीदेवी श्रेष्ठ, शान्तदास मानन्धर, प्रतीक ढकाल र आफ्नै अनुवादमा थुप्रै पुस्तक छापिए ।

प्रगति प्रकाशनको सुरूआती चरणमा बाको आफ्नै नाममा नेवारी र हिन्दी पुस्तक छापिए । स-साना नेवारी पुस्तिका सौगः ख्यालः पुचःका नाममा पनि आए । बलभद्र ठाकुर अनूदित चाउयाङको पुस्तक *दर्शनशास्त्र और समाज विज्ञान के कार्यकर्ताओंको बौद्धिक कर्तव्य की चुनौती* प्रगति प्रकाशनको दोस्रो प्रकाशन हो । ०२१ मा उक्त पुस्तक महालक्ष्मी प्रेस, महाबौद्धमा मुद्रित थियो । प्रकाशित पुस्तकमा प्रकाशन अंक राख्ने गरेका थिए, बाले । पुस्तकालयमा अझै भेटिएको छैन, त्यो एक नम्बरको पुस्तक । चौथोमा *चीनको संविधान* थियो भने अठारौंमा *अध्यक्ष माओकी रचनाओंसे चुने हुए लेख* । ०४० सालपछिका प्रकाशनमा संख्या राख्ने क्रम तोडियो । छत्तीसौं संस्करण *फूल बेच्ने केटीको* अनुवाद र प्रकाशनका क्रममा जोडिन आएका थिए, खगेन्द्र संग्रौला प्रगति प्रकाशनसँग । त्यसपछि अनुवादक र प्रकाशकको जोडी लामो समय जम्यो ।

प्रगतिका फेहरिस्त हेर्दा धेरैजसो राजनीतिक पुस्तकको अनुवाद कृष्णदास श्रेष्ठले गरेका छन् । माओ त्सेतुङको *चुनिएको रचना भाग १* पनि श्रेष्ठले नै गरेका थिए । ०४० पछि प्रगतिले राजनीतिसम्बन्धी पुस्तक मात्र छाप्न थाल्यो भने साहित्यसम्बन्धी पुस्तक प्रकाशन गर्न गुनिलो प्रकाशनको स्थापना भयो । अहिले यी दुवै प्रकाशन संस्था अस्तित्वमा छैनन् ।

एउटा घटनाले छिटपुट बाँकी पुराना रेकर्ड फाइल, खाता, डायरीहरू खोतल्न हौस्यायो । *नेपाल* म्यागजिनको २५ कात्तिकमा प्रकाशित अंकमा 'खाँटी अनुवादक' । लेखक राजकुमार बानियाँ । खगेन्द्र संग्रौला मेरा प्रिय दाजु, लेखक, अनुवादक हुन् । हिजोआजको भाषामा म उनको लेखनकलाको डाइहार्ड फ्यान हुँ । बुबाको मित्र भएको नाताले काका भन्नुपर्ने हो उनलाई तर दाजु नै भन्छु म । यति प्रिय दाजुका विषयमा लेखिएको व्यक्तिचित्रमा बालाई गरिएको चित्रणले मेरो मनमस्तिष्क रन्थनियो । दिमागका तार झन्झनाए । दाजुले बोलेको भाषा उतार्नमा पत्रकार मित्रले पक्कै गल्ती गरे भन्ने मनमा लाग्यो । तर होइन रहेछ । एउटै आलेखमा बानियाँ लेख्छन्, 'संग्रौलालाई वैद्यले ठगे ।' अनि फेरि थप्छन्, 'संग्रौला वैद्यप्रति कृतज्ञ छन् ।' *माओको चुनिएका रचना भाग-२* अनुवाद गरेबापत ६ हजार रूपैयाँ मात्र पाएको रिस पोखेका रहेछन्, संग्रौला दाजुले । बानियाँ लेख्छन्, 'माओका पाँच ठेली छन् । पहिलो ठेली अनुवादबापत वैद्यले कृष्णदास श्रेष्ठलाई बीस हजार दिएछन् । दोस्रो ठेली पहिलोभन्दा दोब्बर ठूलो थियो । वैद्यले संग्रौलालाई जम्मा ६ हजार मात्रै दिएछन् । वैद्य दाइले मलाई ठगे ।' बा बित्नुभएको १५ वर्ष भयो । कृष्णदास माडसाब यसै वर्ष बिते । अब यस विषयमा थाहा हुने एक मात्रै साक्षी हुनुहुन्छ, मेरी आमा । उहाँ भन्नुहुन्छ- 'कृष्णदासलाई भन्दा कम पैसा दियो भनेर रिसाएका थिए, संग्रौलाजी हामीसँग । बीस हजार होइन, दस हजार लिएका थिए, कृष्णदासले । कसलाई कति दियोसँग के सरोकार ? कबुलेभन्दा कम दिए पो रिसाउनु ? कृष्णदासजीलाई अनुवाद गराउँदा हामीलाई महँगो परेकाले उनलाई गराएका थियौँ । बरू संग्रौलालाई बाँकी भाग अनुवाद गर्न दियो भनेर कृष्णदासजीले चित्त दुखाएका थिए ।'

वैद्यले ठगे भनेका दाजुले त्यसपछि पनि लगालग थुप्रै अनुवादको काम गरेका रहेछन् बासँग । *माओ त्सेतुङ चुनिएका रचना भाग-३*, *युवाहरूका गीत*, *लुसुनको जीवनी*, *गुनिला चिनियाँ कथामाला भाग (१-७)*, *चिनियाँ लोककथामा आइमाईहरू*, *माओ त्सेतुङ चुनिएका रचना भाग-४* आदि ०४० सालपछिका प्रकाशन हुन् । बा र संग्रौला दाजुको प्रकाशन र अनुवादकको जोडी *माओ त्सेतुङ चुनिएका रचनाहरू भाग-४* पछि थामियो, ०४८ सालमा । म सोच्दै छु, संग्रौला दाजुले किन गरे होलान् त्यस्तो व्यक्तिसँग यति लामो व्यावसायिक संगत ?

खगेन्द्र संग्रौलाको लेखन क्षमता, अनुवाद शिल्प, उनका कृति, अभिव्यक्तिको विश्लेषण गर्ने क्षमता ममा छैन । सामाजिक सञ्जालतिर उनलाई कुण्ठाले भरिएको लेखक भनेर गरिने गाली पढेर बडो दुःख लाग्थ्यो मलाई । तर त्यो कुण्ठा अनायास मेरा बामाथि पनि तेर्सिएकामा अचम्मित छु । मेरा बा बितिसके । खगेन्द्र दाजु पनि वृद्धवयमा छन् । उनले बानियाँसँग भनेका छन्, 'म उनीप्रति कृतज्ञ छु ।' अनि कृतज्ञ भएको मानिसलाई चार दशकअघिको कारोबारमा लतारेर ठगको आरोप किन ? बासँगको लामो संगतमा पक्कै पनि तीतामीठा घटना होलान् । केही फाइदा बालाई भयो होला, केही फाइदा संग्रौलालाई । ने



खगेन्द्र संग्रौला

शिशिरलाई थाहै रहेनछ

शिशिर वैद्य र म एकअर्कालाई दाजु र भाइले सम्बोधन गर्छौं। यो उचनीचको नाता होइन । बराबरीको यो धरातलमा उभिएका भले मानुष शिशिर मेरा प्रिय तरूण मित्र हुन् । मेरा केही वचनवाणबाट मेरा यी मित्रको चित्त दुखेछ । यो त्यही चित्त दुखाइउपरको मेरो सानो प्रतिक्रिया हो ।

यस साप्ताहिकको गतांकमा 'खाँटी अनुवादक' शीर्षकमा मेरो व्यक्तिचित्र छापिएको थियो । त्यो व्यक्तिचित्र शब्दका कुशल चित्रकार राजकुमार बानियाँकृत अनुवाद वार्ताद्वारा बुनिएको थियो । वार्तामा प्रसंगवश मेरा दुइटा वाक्य परेका छन् । 'वैद्य दाइले मलाई ठगे' र 'म दाइप्रति कृतज्ञ छु ।' यी वैद्य दाइ निरञ्जन गोविन्द वैद्य हुन्, शिशिर वैद्यका पिता । पितालाई 'ठग' भनेकामा मित्र शिशिर वैद्य 'रन्थनिए' छन् । र, सँगसँगै 'म दाइप्रति कृतज्ञ छु' भन्ने वाक्यले राजकुमारले कतै सुन्न पो बिराए कि भन्ने आशंका उनको मनमा पैदा भएछ ।

अनुवाद वार्तामा 'वैद्य दाइले मलाई ठगे' र 'दाइप्रति म कृतज्ञ छु' पनि मैले भनेकै हुं । ठगिनेले फलानाले मलाई ठग्यो भन्नु मित्र शिशिर वैद्यको समझमा 'कुण्ठा' पोख्नु हुंदो रहेछ । यसको अर्थ इतिहासमा वञ्चना-पीडित सामाजिक समूहले वञ्चनाको क्रूर इतिहास पल्टाउँदै फलानाले मलाई ठग्यो भन्नु कुण्ठा पोख्नु हो ? वञ्चनाबाट उत्पन्न घाउको उपचार गरिपाऊँ भनी दाबीको भाकामा तिनले आक्रोश पोख्नु पनि कुण्ठा पोख्नु हो ?

यो ठगीको अन्तर्कथा माओ त्सेतुङका ठेलीहरूको नेपाली अनुवादसँग गाँसिएको छ । प्रगति प्रकाशन, भोटाहिटीका स्वामी वैद्य दाइले कृष्णदास श्रेष्ठलाई धेरै र मलाई थोरै ज्याला दिएर जानीबुझी ठग्ने काम गरे । माओको पहिलो ठेलीको अनुवाद कृष्णदासले गरेका थिए, बाँकी ठेलीको अनुवाद मैले गरें । दोस्रो ठेली पहिलोभन्दा दोब्बर ठूलो छ तर दाइले ज्याला पहिलोका अनुवादकलाई भन्दा मलाई झन्डै आधा दिएछन् । कृष्णदासले कति ज्याला थापे दाजे भनेर दसौंचोटि सोध्दा पनि वैद्य दाइले मरिगए गुह्य खोलेनन् । वैद्य दाइ मुख बिगार्दै 'त्यो कृष्णदासका चैं कुरै नगरूँ' भनेर टकटकिइरहे ।

पछि गोप्य सूत्रबाट पोल खुल्यो- वैद्य दाइले मलाई सांच्चि नै ठगेछन् ! आफ्नो प्रतिक्रियामा पिता निरञ्जन गोविन्द वैद्य बितेको १५ वर्ष भयो, कृष्णदास श्रेष्ठ बितेको वर्ष दिन भयो, अब सत्य-तथ्य कसरी थाहा पाउने भनी मित्र शिशिरले रोषयुक्त जिज्ञासा प्रकट गरेछन् । मित्र शिशिर सोझा छन् । हुस्सु मुद्रामा प्रमाण उनैले अघि सारे । र, मलाई प्रमाण पेस गर्नुपर्ने लेठोबाट छुटकारा दिए । आमाले भनेको भन्दै उनले भने- कृष्णदासलाई पहिलो ठेलीको ज्याला १० हजार रूपैयां दिएको हो । तर वैद्य दाइले मलाई दोस्रो ठेलीको ज्याला केवल ६ हजार रूपैयां टक्र्याएका थिए । मैले पहिलो ठेलीसरह पाएको भए दोस्रो ठेलीको ज्याला लगभग २० हजार हुन्थ्यो ।

मैले ठगीको प्रसंग उठाएको पाँच-सात वर्ष भयो । बोलेर पनि, लेखेर पनि । मित्र शिशिरलाई थाहा रहेनछ । कसैलाई थाहा नहुँदैमा इतिहासमा घटित घटना मानव स्मृतिबाट ओझेल परिहाल्दैन । स्मृति जब्बर चीज हो । कागतका लिखत नष्ट गर्न सकिन्छ । स्मृतिको लिखत मेट्ने कसका बाउको पिताम ! वैद्य दाइ आवरणमा मक्खीचुस प्रकाशक थिएनन् । नेपाल कम्निस्ट पार्टीका संस्थापकमध्ये एक । कमसेकम सिद्धान्तमा कृष्णदास माङ्साप र म बराबरी हुंदा हौं । तर वैद्य दाइको चित्तमा कृष्णदास खगेन्द्रभन्दा अलि बढी बराबर ठहरिए । विडम्बना ! 'कृष्णदासका चैं कुरै नगरूँ' भने ।

एकताका म शाही सत्ताको आखेटमा परी चितवनबाट भाग्दै काठमाडौं आएको थिएं । न कतै गांसको प्रबन्ध थियो, न त बासको ठेगान । इलमविहीन त्यो संकटकालमा ज्याला ठगेरै भए पनि वैद्य दाइले मलाई अनुवादको काम दिए । त्यसैले मैले भनेको हुं- ठगिए पनि 'म वैद्य दाइप्रति कृतज्ञ छु !' हास्य नाटक *फाटेको लगौँटी, टालेको दिमाग*को दोस्रो संस्करण हजार थान छाप्ने सहमति भएको थियो, सुटुक्क छापियो दुई हजार थान । मलाई थाहै नदिई हजार थान ठग्ने दाउको पोल खुल्यो र विरोध जनाएं । हजार थानको पारिश्रमिक आफ्नै पोल्टामा राख र छापिएका जति सबै थान जलाइदेऊ भनेर म हिंडें । त्यसपछि वैद्य गृह र पसलमा फर्केर गइनं ।

प्रतिक्रियामा कोही एक बिरामी मानव चितवनबाट आएर उपचारार्थ वीर अस्पतालमा भर्ना भएको र पछि बुटीटाट शरणार्थीका रूपमा वैद्य गृहमा महिना दिन बसेको किस्सा छ । यो किस्साको प्रतीकात्मक संकेत मतर्फ छ । तर त्यो तिलस्मी मानव म होइन । त्यो भाउजूको विस्मरणग्रस्त एवं विभ्रमित मस्तिष्कको उपज हो । जिन्दगीमा म वैद्य दाइकहां जम्मा एक रात सुतेको छु । दाइका अभिन्न मित्र एवं जेबी पुस्तिका *कम्युनिस्ट शिक्षाका* लेखक राम असारे वर्मा भारतबाट आएका बेला । उनेसँग संगत गराउन दाइले मलाई उदार दिलले एक रातको गांस र बास दिएका दिए । बस् । यो ठगी र कृतज्ञताको विरोधाभासी कथा रचिंदै गरेका बेला मित्र शिशिर बालखै थिए । अविदित क्षेत्रमा प्रवेश गरेर शब्दवाणले ब्ल्याङ्क फायर गर्न खोज्दा शब्दहरू बुमर्‍याङ भई उनीतिरै फर्केको देख्दा मलाई बडो नमज्जा लागेको छ ।

मित्र शिशिर, प्रत्येक व्यक्तिको जीवन उसको आफ्नै हो । उसका गुण-दोष केवल उसैका हुन्, जसको जस-अपजसको भागिदार ऊ स्वयं हो । के कुनै पुत्र आफ्ना मातापिताका अर्घेल्याइँहरूको प्रतिरक्षा गर्न कर्तव्यबद्ध हुन्छ ? के ऊ आफ्ना मातापिताका भूलचूक ढाकछोप गर्न अभिशप्त हुन्छ ? ने

दुवै लेखको पूर्ण पाठ क्युआर कोड स्क्यान गरी पढ्न सकिन्छ ।

आफ्नै अनुहार लिएर

विमला तुम्खेवा

प्रायः कविले उस्तैउस्तै विषयवस्तु र समस्या उठाउँछन् । तर कविको चेतनाका आधारमा प्रस्तुति अलग हुन्छ । सामाजिक विषयलाई नयाँ शैलीबाट हेर्नु र लेख्नु सजिलो छैन । कवितासंग्रह *पृथ्वीको आविष्कार*मा सुन्दर कुरूपले आफ्नै समुदायका मिथक र शब्द प्रयोग गरेर कवितालाई मीठो बनाएका छन् ।

कवितामा मातृभाषाका बिम्ब राख्ने माहोल सिर्जना हुनु नेपाली साहित्यको चरित्र बिस्तारै लोकतान्त्रिक हुंदै गएको संकेत हो । यसरी आएको कवितालाई स्वीकार गर्नु यहाँका सबै जातजाति समुदाय, धर्म, संस्कृति र संस्कारलाई सम्मान गर्नु हो । तर अतिवादबाट आफूलाई जोगाउंदै कविले देखे-भोगेको समाजको मनोविज्ञानलाई सरल तरिकाले राखेका छन् । अहिले हामी आफ्नो अनुहार यस्तै कवितामा भेट्छौं । अब्बल कविहरूको लहरमा यी कविताले कविलाई आफ्नो अनुहारसहित स्थापित गर्न सकेका छन् ।

सबैले बुझ्न सक्ने कविता लेख्नु कठिन काम हो । उनका शब्द चयन भारी हुनबाट बचेका छन् । यसैले उनका कवितालाई अलग भन्न सकिन्छ । कवितामा शालीन विद्रोह उनको अर्को शक्ति हो । सरल तर बोधगम्य अनि सुस्तरी-सुस्तरी मान्छेको दिमाग हल्लाउने यी कविता अन्तर्राष्ट्रिय स्तरमा उभ्याइंदा पनि नेपाली कविताको शिर उँचो हुने खालका छन् । तर कति कवितामा कविले अझै सोचेर लेखिदिएको भए थप सशक्त हुने थियो भनेझैं लाग्छ ।

कविताको सौन्दर्यसँगै कवि स्वयंचाहिं समाजसँग कति नजिक छ भन्ने कुराको पनि त्यत्तिकै अर्थ रहन्छ । कवितामा गाउं, खोला-बगर अनि भुइँमान्छे, श्रमजीवी महिलाको संघर्षमय जीवन छन् । अहिलेको भ्रष्ट नेता र नैतिकता हराउंदै गएको समाजमा महिलाले सुरक्षित जीवनकै लागि बन्दुकै बोकेर हिंड्नुपर्ने बाध्यता छ । भ्रष्ट मानिसचाहिं समाज र सत्ता दुवैमा त्यत्तिकै शक्तिशाली देख्दा कविले यो बेथितिविरूद्ध पनि उत्तिकै असहमति र न्यायका लागि आवाज उठाएका छन् ।



पृथ्वीको आविष्कार
लेखक : सुन्दर कुरूप
प्रकाशक : सांग्रिला बुक्स
पृष्ठ : १०९
मूल्य : ३०० रुपैयाँ

राज्य जति नै क्रूर र निर्लज्ज भए पनि कविले आफ्नो शालीनता भंग गरेका छैनन् । लेखाइ परिपक्व छ र जीवन्त पनि । आफूसँगै आफ्नो समाज र राज्यको परिवर्तनको चक्रलाई पनि त्यत्तिकै गम्भीरतासाथ अवलोकन गरेर कविले आवाज उठाइरहेका छन् । सत्ता र राजनीतिक व्याभिचारविरूद्ध जो क्रान्तिमा होमिएका थिए, ती मान्छे आज किन यति विघ्न भ्रष्ट भए भन्ने पनि कविको प्रश्न छ । त्यस कारण पनि यो कृति सत्ताबाट रूष्ट भुइँमान्छेले गरेको विद्रोह र असहमतिको शालीन दस्तावेज हो । विरोधको नाममा गालीगलौज अनि बडेबडे 'राष्ट्रवादी' शब्दको मोहबाट कवि एक तह माथि उठेका छन् । कविता लेखनको यात्रामा आफूलाई अलग र भद्र रूपमा जोगाइरहन सक्नु चानचुने होइन ।

साना अनि मिहीन बिम्ब ल्याउनु र पाठकले थाहै नपाई कवितालाई शक्तिशाली रूपमा उभ्याउनु कविको अर्को सफलता हो । कतै-कतै कवितामा आएका कोमल शब्दले पाठकलाई कविता पढ्दा-पढ्दै हुरूक्क बनाएर जान्छ र फेरि विचारको भवसागरमा पुऱ्याएर छाडिदिन्छ । ने

तीन किताब

रोशन शेरचन | निबन्धकार







प्रकृति संरक्षणप्रति

भर्खरै डँगु लाग्दाको फुर्सदिलो समयमा दोहोर्‍याएँ, **अन्नपूर्णाको भोज** । अन्य कथाका आधारमा पनि मलाई मनु ब्राजाकी धेरै बलियो लेखक लाग्थे । अपरम्परागत, अनौपचारिक र स्वस्फूर्त शैलीमा प्रभावी कथा लेख्ने कमै भेटिन्छन् । उदात्त मानवीयता, सामाजिक विसंगतिप्रति प्रहार र प्रतीकात्मक व्यंग्यका कारण उनका कथा नवीन, सामयिक र आकर्षक छन् ।

भविष्य-यात्रा, अन्नपूर्णाको भोज, भुन्टीको भविष्यजस्ता कथाले मस्तिष्कलाई जरैदेखि हल्लाउँछन् । भविष्य-यात्राको मुख्य पात्रले भोग्नुपरेको त्रासदी हाम्रो निकट विगतको नग्न यथार्थ हो । अन्नपूर्णाको भोजमा समाज र घरभित्रै महिलाको सामाजिक हैसियतको बेजोड चित्रण छ । कथा पढेर पाठक दुःखी हुने गर्छन् तर त्यस कथाले स्तब्ध नै बनाउँछ । लैंगिक विषयका विद्यार्थीले त छुटाउनै नहुने रचना बनेको छ, त्यो ।

पछिल्लो पठनमा ब्राजाकी झनै मन पराएँ । उनका कथा पढ्दा जीवनको विश्वविद्यालयबाट लेखकले आजन्म सिकिरहनुपर्छ भन्ने ज्ञान पाउँछौं । सामाजिक ढोङ, विरोधाभास र आम मान्छेको दैनन्दिनको युद्धजस्तो जीवनलाई सजीव चित्र खिच्ने ब्राजाकीको वस्तुनिष्ठ मूल्यांकन भएजस्तो लाग्दैन ।

वारेन बफेटको जीवनी **द स्नोबल** अत्यन्त प्रेरणादायी पुस्तक हो । एलिस स्रोएरडरले लेखेको त्यस पुस्तकमा बफेटको जीवन दृष्टिकोण, पुंजी बजारको यात्रा, पारिवारिक संसार, वाल स्ट्रिट दुनियाँ र आफूमाथि प्रभाव पारेका व्यक्तिबारे लेखिएको छ । बफेट अहिले पनि दैनिक पाँच घन्टा आफ्ना रूचि र पेसासम्बन्धी समाचारपत्रिका र पुस्तक पढ्छन् । कोलम्बिया बिजनेस स्कुलका प्राध्यापक बेन्जामिन ग्राहामको पुस्तक द इन्टेलिजेन्ट इन्भेस्टर पढेपछि आफू अत्यन्त प्रभावित भएको बफेट बताउँछन् ।

ग्राहामकै दर्शन पद्धतिअनुसार लगानी गरेर आफू सफल भएको स्वीकार्छन् । बफेटको चर्चित भनाइ छ, 'आफूले पढ्ने किताबहरूबारे मलाई बताऊ, तिमी अबको १०-१५ वर्षमा कस्तो अवस्थामा हुनेछौ, म भन्नेछु ।' वकसय हाथवे कम्पनीको अध्यक्ष रहेका उनी संसारकै धनी व्यक्तिमा पर्छन् । पुंजीबजारका लगानीकर्ता भए पनि उनी भन्छन्, 'सबभन्दा महत्त्वपूर्ण लगानी त्यो हो, जो आफैँमा गरिन्छ ।'

सिटी सर्भिसेजको तीन कित्ता सेयर किन्दा उनको उमेर ११ वर्ष मात्रै थियो । उनी मितव्ययी जीवनशैली र कार्य-कारण सिद्वान्तलाई अनुसरण गर्छन् । अझसम्म पुरानै घरमा बस्छन् । अथाह सम्पत्ति भएर पनि धरातल नछाड्ने थोरै अद्‌भुत व्यक्तिमा उनी पर्छन् । उनले आफ्ना कम्पनीको सेयरहोल्डरलाई लेख्ने वार्षिक चिट्ठी अन्तर्दृष्टिको हिसाबले कुनै राम्रा पुस्तकभन्दा कम छैनन् । उनी भन्छन्, 'मृत्युपछि एउटा शिक्षकका रूपमा मेरो सम्झना गरे मलाई अधिक खुसी लाग्नेछ ।'

स्नोबल अर्थात् हिउँको डल्ला बफेटको जीवनसँग दुरूस्त मिल्ने बिम्ब हो । थोरैथोरै गरी पैसा, सफलता र इज्जत आर्जन गरेको घटनाले धैर्यको महत्त्व प्रस्ट्याउँछ । पुंजी बजारमा रूचि नहुने पाठकलाई पुस्तकले नतान्न पनि सक्छ । एउटा भद्र मानिसको जीवन थाहा पाउन र व्यापारिक अन्तर्दृष्टिका निम्ति यो किताब उपयुक्त छ ।

अमेरिकी संरक्षणविद् एल्डो लियोपोल्डको निधनलगत्तै सन् १९४९ मा प्रकाशित **ए स्यान्ड काउन्टी एलमानक** वनविज्ञानसँग सम्बन्धित छ । प्राविधिक विषयमा पनि अत्यन्त स्वादिलो पारामा लेख्ने लियोपोल्ड वनविज्ञान अध्ययन गर्दाताका नै हाम्रो मन पर्ने लेखकमा पर्थे । उनी आफ्ना लेखमा गज्जबका प्रश्न सोध्थे । जस्तै : कमिला किन लाखौं तर हात्ती दर्जनौं मात्रै किन हुन्छ ?

उनका निबन्ध प्रारम्भिक अमेरिकी संरक्षण आन्दोलन र आधुनिक पर्यावरणवादको आधारशिला मानिन्छन् । आफ्ना अनुभव, विभिन्न स्थानबारे त्यहाँका प्राकृतिक, जैविक संसार र मानव जीवनसँग त्यसको सम्बन्ध उजागर गर्दै मनोरम प्रस्तुति दिइएको छ । उनको लेखन काव्यात्मक भएर पनि बोधगम्य छन् । भावनात्मक रूपमा उत्तेजक भए पनि बौद्धिक छन् । उनको भूमिनीतिले मनुष्य र प्रकृतिबीच सद्‌भाव कायम गर्न मद्दत गर्छ ।

प्रकृतिलाई कदर गर्न र प्रकृतिप्रदत्त नियम सिक्न सघाउने यो पुस्तकका विचार तथ्यपरक र भरपर्दा लाग्छन् । आँखै नपरेका रूखका टोड्का, खस्रुको बिउ, हिउँको थाक, घाँसे मुसा, ब्वाँसो, पन्छी र बालुवाका ढिस्काको पर्यावरणीय महत्त्व उद्‌घाटित गर्छन् । संरक्षणमा विल्डरनेस अवधारणा प्रतिपादन गर्ने अग्रणीमा उनी पर्छन् । प्राकृतिक स्रोत र भूमिलाई बजारीकरण गरिहाल्ने मानसिकताको सख्त विरोध गर्ने उनी व्यंग्य पनि गर्छन्- हामी त्यसर्थ अल्पमतमा छौं । पुस्तकको आवरणमा तीन दुर्लभ हाँसले गर्दन तन्काएर पर क्षितिजतिर हेरिरहेको सुन्दर दृश्यले प्रकृति संरक्षणप्रतिको उनको समर्पणतिर संकेत गर्छ ।

■ **प्रस्तुति : गुरुङ सुशान्त**

नयाँ 'आमिर'

आमिर स्वयंले भनेका छन्, 'आयुष्मानको विषय र चरित्र चयनबाट म आफैं प्रभावित छु ।' अमिताभ बच्चनले त उनलाई हस्तलिखित पत्र नै लेखे, *अन्धाधुन*बाट राष्ट्रिय अवार्ड जितेपछि

गोकर्ण गौतम

चार वर्षपहिले आयुष्मान खुरानाको आत्मकथा प्रकाशित भएको थियो, *क्र्याकिङ द कोड : माई जर्नी टु बलिउड* । त्यतिबेला आयुष्मान अभिनीत पाँच फिल्म रिलिज भएका थिए । *विक्की डोनर* र *दम लगाके हैसा*ले काफी ख्याति कमाए, बाँकी तीन फिल्म फ्लप भए । त्यसैले उनको मजाक गरिएको थियो, कत्ति न सफलता पाएझैं आत्मकथा लेख्न हतारिएको । भलै उनले पुस्तकलाई सफलता होइन, संघर्षको कथा भनेका थिए । आफ्नै वैयक्तिक र ताजा भोगाइ खुलस्त पोखेका थिए । तर उनीजस्ता 'आउटसाइडर' को यो आँट नातावाद र कृपावादले गाँजेको बलिउडलाई हजम भएन । जसले जे भनोस्, आयुष्मान डगमगाएनन् ।

अहिलेकै कुरा गरौं ।

हिरोको बलिउडी हुलियामा नअटाउने आयुष्मानका लगालग सात फिल्म सुपरहिट भए, यी चार वर्षमा । पुस्तक प्रकाशनसँगै उनको करिअरको सुनौलो समय सुरु भएछ । कम बजेट, खँदिलो कन्टेन्ट, रसिलो कथावाचन, प्रभावकारी भूमिका र जीवन्त अभिनयसहितको कुनै फिल्म रिलिज भयो भने आयुष्मानकै हुन्छ । यस्तो छवि बनेको छ, उनको । एकातिर, ठूला कहलिएका स्टारका महँगा फिल्म पत्तासाफ भएका छन्, *रेस ३*, *ठग्स अफ हिन्दोस्तान*, *साहो* उदाहरण हुन् । अर्कातिर आयुष्मानका 'सस्ता' फिल्मले कमाल गरिरहेका छन् । एउटै सिनलाई ९० करोड खर्च गरिएका फिल्मसामु २०-२५ करोडका आयुष्मानका फिल्म भारी परिरहेको छ । फिल्म पैसा होइन, सिर्जनशीलताले अब्बल हुन्छ भन्ने योभन्दा दरिलो प्रमाण अरू के होला !

आयुष्मानले पछिल्लो पटक सरप्राइज दिएका छन्, *बाला*बाट । यसमा उनी तालुखुइले बनेका छन् । कपाल नभएकै कारण हीनताबोधले जलाएको मात्र छैन, घरबारसमेत बिग्रन्छ । संवेदनशील विषयलाई विश्वसनीय र हास्यशैलीमा भनिएको *बाला*लाई समीक्षकले दिल खोलेर प्रशंसा गरेका छन् । *बलिउडहंगामाडटकम*का अनुसार ३० करोड भारूमा बनेको यसले रिलिजको दुई सातामै ९७ करोड कलेक्सन गरेर सुपरहिट सूचीमा दर्ज भइसकेको छ । दुई महिनाअगाडि प्रदर्शित *ड्रिम गर्ल*ले १ सय ४० करोड भारूको व्यापार गरेको थियो । यसमा केटीको भूमिकामा छन् । त्यसअगाडि पनि *आर्टिकल १५*, *बधाई हो*, *अन्धाधुन*, *शुभ मंगल सावधान* र *बरेली की बर्फी* सुपरहिट भएका थिए ।

यी फिल्मले दामसँगै प्रतिष्ठा कमाएकाले आयुष्मानको पहिचान अलग र विशेष बन्यो । भारतीय मिडियाले लेख्न थालिसकेका छन्, 'आयुष्मान बलिउडका नयाँ आमिर खान हुन् ।' आमिर स्वयंले भनेका छन्, 'आयुष्मानको विषय र चरित्र चयनबाट म आफैं प्रभावित छु ।' अमिताभ बच्चनले त उनलाई हस्तलिखित पत्र नै लेखे, *अन्धाधुन*बाट राष्ट्रिय अवार्ड जितेपछि ।

आयुष्मान उनै अभिनेता हुन्, जो केही वर्षअघिसम्म शाहरूख खानलाई पत्र लेखेर काम पाउन बिन्ती गर्थे । करण जौहरको अफिसको ल्यान्डलाइन नम्बर पाउँदा दंग पर्थे । सन् २००४ देखि मुम्बई बस्न थालेपछिको उनको संघर्ष, धैर्य र सफलताको पदचाप गज्जबको छ । पहिलो पटक मुम्बई आएका रहेछन्, सन् २००१ मा । भारतीय रियालिटी शो *पपस्टार्स*मा भाग लिए, बीचमै 'आउट' भए । त्यसपछि गृहनगर पञ्जाब चन्डीगढ नै फर्किए । दुई वर्षपछि *एमटीभी*को *रोडिज सिजन २* मा भाग लिन फेरि मुम्बई गए । साथीहरूको सुझाव थियो, 'रोडिज तिम्लाई सुहाउँदो छैन, त्यसैले दुःख नगर ।' तर उनलाई आफ्नो क्षमतामाथि विश्वास थियो, उपाधि नै जिते । मुम्बईमा मौका मिल्न सक्थ्यो तर चन्डीगढ नै फर्किए । त्यसको कारण पुस्तकमा लेखेका छन्, 'बुबाले भन्नुभयो, म बलिउडका लागि तयार भइसकेको छैन । बलिउडमा प्रतिभाको खाँचो छैन, खाँचो छ त केवल बौद्धिक प्रतिभाको । त्यसैले पढाइ नछाड्नू ।' बुबाका प्रेम आत्मसात् गरे, पढाइ सके । आत्मविश्वासले भरिएर मुम्बई गए ।

आयुष्मानको संघर्ष त बल्ल सुरु हुँदै थियो । उनलाई हिरो नै बन्नु थियो तर

उनीजस्ता बाहिरियालाई कसले पत्याउने ? त्यसैले फिल्मसम्मको यात्रा तय गर्न आरजे (रेडियो जक्की) बाट पाइला चाले । केही वर्षमै भिजे (भिडियो जक्की) बने । टिभी शो होस्ट बने । टेलिसिरियल पनि छाडेनन् । त्यसपछि बल्ल *विक्की डोनर* पाएका हुन् । यो फिल्ममा उनी कास्ट हुनुको कथा पनि रोचक रहेछ ।

विक्की डोनर सुरुमा विवेक ओवरायले लगानी गर्ने र खेल्ने तय भएको थियो । पछि विवेक फिल्मबाट बाहिरिए । अर्का निर्माता रोन्नी लाहिरीले जोन अब्राहमलाई सहकार्यका लागि निम्ता दिए । जोनको आगमनपछि मुख्य भूमिकामा शरमन जोशीलाई प्रस्ताव गरियो तर उनले वीर्यदाताको चरित्रले इमेज बिग्रन्छ भन्दै 'नाइँ' भने । त्यसपछि बल्ल आयुष्मानको भागमा परेको थियो । उनले पनि यसअघि दुई फिल्मको सहायक भूमिका अस्वीकार गरेका थिए । उनी पुस्तकमा लेख्छन्, 'कहिलेकाहीं पाएको अवसर गुमाइन्छ किनभने त्यसभन्दा ठूलो अवसर प्रतीक्षा गरिरहेको हुन सक्छ । यो भनाइ दार्शनिक सुनिन सक्छ तर यदि मैले अघिल्ला दुई फिल्म खेलेको भए *विक्की डोनर* कहिल्यै पाउँदैनथेँ ।' ती फिल्म थिए, *तीन थे भाइ* र *आई हेट लभ स्टोरिज* । दुवै फिल्म आए, गए तर विक्की डोनरबाट आयुष्मानले उत्कृष्ट नवअभिनेता र उत्कृष्ट पार्श्वगायनको फिल्मफेयर अवार्ड एकसाथ जिते । क्या दुर्लभ जित !

आयुष्मान रातारात स्टार भएनन्, शून्यबाटै संघर्ष गर्दै र सोहीअनुरूप उपलब्धि हासिल गर्दै गए, जसले उनलाई परिपक्व बनाएको छ । स्टारडमको भ्रमबाट पर राखेको छ । उनी भन्ने गर्छन्, 'मलाई थाहा छ, स्टार भएँ हुंला । तर यसको घमन्ड छँदै छैन किनभने मलाई यो पनि थाहा छ- स्टारडमले मात्र फिल्म चल्दैन, फिल्म चल्न फिल्म नै राम्रो हुनुपर्छ । हरेक फिल्म पहिलोभैँ मानेर मिहिनेत गर्‍यो भने मात्र त्यो अब्बल हुन्छ ।'

यही सोचाइलाई व्यवहारमा उतार्न थालेकाले उनका फिल्म हिट हुन क्रिसमस, नयाँ वर्ष, इद, दीपावलीजस्ता बिदा कुर्नु पर्दैन । *अन्धाधुन*बाट त उनी चीनमा पनि चिनिए । यस्तै सुखद संकेत देखेरै ठोकुवा गर्न थालिएको छ, '*शुभ मंगल ज्यादा सावधान* र *गुलाबो सिताबो*बाट आयुष्मानले हिट फिल्ममा ट्रिपल ह्याट्रिक गर्नेछन् ।' ने

'महिलाले किन खेल्न नसक्ने ?'

कात्तिक अन्तिममा नेपाली राष्ट्रिय महिला भलिबल टोलीले ढाकामा सेन्ट्रल जोन प्रतियोगितामा स्वर्ण जित्यो भने प्रतिभा माली उत्कृष्ट स्पाइकर भइन् । सात वर्षको उमेरदेखि भलिबल खेलिरहेकी मालीसँगको संवाद :

एसियन सेन्ट्रल जोन खेल जितेपछि सागमा स्वर्ण जित्ने आशा बढेको हो ?

हामीसँग तीन वटा साग खेलको मात्र अनुभव छ । सागमा हामीले कास्य पदक मात्रै जितेका छौं । यसपालि त्योभन्दा माथि जाने लक्ष्य हो । त्यो भनेको स्वर्ण नै हो ।

स्वर्ण जितिन्छ भन्ने आधार ?

यसपालि टिममा युवा खेलाडीको वर्चस्व छ । युवा भएकाले टिम स्पिरिट र समन्वय पहिलेभन्दा धेरै बढी छ । केही गरेर देखाउने मौकाको रूपमा लिएका छौं ।

सागमा हाम्रो अनुभव लामो छैन । त्यसमाथि पुराना खेलाडी कम छन् । अनुभवी खेलाडीको अभाव खट्किँदैन ?

केही खेलाडी लामो समयदेखि राष्ट्रिय टिममा खेलिरहेका पनि छन् । हामीले यसपालि पहिलेभन्दा बढी तयारी गरेका छौं । चार महिनादेखि बन्दसत्रमा रहेर अभ्यास गरिरहेका छौं । पहिले एक-डेढ महिना मात्र हुन्थ्यो । थाइल्यान्डमा गएर विश्वविद्यालयदेखि राष्ट्रिय टिमसँग सात वटा खेल खेल्यौं । सेन्ट्रल जोनमा स्वर्णसमेत जितेकाले ताजा मनोबल छ ।

सेन्ट्रल जोनमा त तुलनात्मक रूपमा कमजोर टिम नै थिए नि ।

हो, सागमा सहभागी टिमभन्दा पक्कै कमजोर हुन् । किर्गिस्तान, अफगानिस्तान सेन्ट्रल जोनका नयाँ टिम थिए । तर माल्दिभ्सजस्तो सशक्त टिमलाई हराएका हौं । यही गतिमा खेल सुधार्ने हो भने चाँडै एसियाली स्तरमा उक्लिन्छौं ।

फुटबलको तुलनामा भलिबलको क्रेज किन कम भएको हो ?

नेपालमा त भलिबल नै लोकप्रिय छ किनभने सबैतिर यो खेल खेलेको देखछौं । हिमाली र पहाडी भेगमा पनि बारबेर पारेर भलिबल खेलेको देखिन्छ । फुटबल, क्रिकेटजस्ता ठूला लिग र उमेर समूहका खेल नभएर मात्र भलिबल पछाडि परेको हो ।

ठूला लिग गेम नहुनुले भलिबलको आकर्षण घटेको देखाएन र ?

लिग गेम नहुनु र आकर्षण नहुनु फरक कुरा हुन् । किन लिग गेम भएनन् भनेर भलिबल संघले सोच्नुपर्छ । सायद, यस्तो प्रयास नगरेर पनि हुन सक्छ । खेलमा लाग्दा पढाइ बिग्रन्छ भन्ने ठानिन्छ,

तपाईंलाई त्यस्तो दबाब भएन ?

सुरुमा त्यस्तो लागेको थियो । तर पछि पढाइ बिग्रन्छ वा महिलाले खेल्न सक्दैनन् भन्ने प्रश्न नै दिमागबाट हटाइदिएँ ।

■ **मनबहादुर बस्नेत**

सिन्धुलीगढी घुमेर हेर्दा

सिन्धुलीगढी घुमेर हेर्दा सुन्तली माई... गीत त सुन्नुभएकै होला । हाम्रा बाजेबज्यैले पैदलै सिन्धुलीगढीको यात्रा तय गरेका थिए । हामी गाडी या बाइकमा सिन्धुली यात्रा गर्छौं । तर साइकलमा कहिले सिन्धुलीगढीको यात्रा सोच्नुभएको छ ?

समृद्ध सिन्धुली अभियानले हरेक वर्ष राइड थ्रु सिन्धुलीगढी साइकल यात्रा गर्दै आएको छ । सिन्धुलीगढीमा तत्कालीन ब्रिटिस कम्पनीको सेनालाई पराजित गरेको सम्झनामा यसपालि पनि ६ मंसिरदेखि चार दिने साइकल यात्रा सुरू भएको छ ।

काठमाडौंको पशुपतिनाथ परिसरबाट सुरू भएर मधेसको सांस्कृतिक सहर जनकपुरधाम गएर यात्रा टुंगिनेछ । यस वर्ष १ सय ५० साइकल यात्री र ५० सहयोगीसहित २ सय जना यात्रामा सहभागी छन् ।

समृद्ध सिन्धुली अभियानका अध्यक्ष लीलानाथ घिमिरेका अनुसार साइकलयात्राले पहाडलाई तराईसँग भावनात्मक रूपमा जोड्नेछ । भन्छन्, "साइकल यात्राले दुई पुरातात्त्विक स्थल काठमाडौंको पशुपतिनाथ र रामजानकी मन्दिर जनकपुरधामलाई ऐतिहासिक सिन्धुलीगढी हुंदै जोड्नेछ ।"

अस्थिर अनमोल

अनमोल केसी अभिनीत फिल्मले मनग्ये व्यापार गरेका छैनन्, न त फिल्म र उनको अभिनयले नै तारिफ पाएको छ । तर यो समय सबैभन्दा डिमान्ड भएका हिरो उनै हुन् । उनलाई फिल्म खेलाउन निर्माता-निर्देशक मरिहत्ते गर्छन्, महँगो पारिश्रमिक बुझाउन तयार हुन्छन् । तर अनमोलचाहिं आफ्नै निर्णयमा टिकिरहेका छैनन् ।

जस्तो, उनले होम प्रोडक्सनको *एन्टी-हिरो* खेल्ने भन्दै वितरकबाट पैसा उठाइयो । तर केही समयपछि *धुपौरे*मा अनुबन्ध भए, एन्टी-हिरोलाई थाती राखे । *धुपौरे*को लोकेसन हेर्दै हिंडे । लगत्तै खबर आयो, उनले यो फिल्म पनि छाडे, स्क्रिप्ट मन नपरेको भन्दै । त्यसो भए स्क्रिप्ट नपढी खेल्न तयार भएका थिए ? सवाल उठ्छ नै । *धुपौरे*लाई धोका दिएपछि *ए मेरो हजुर ४* खेल्ने भएका छन् ।

यस्तो अस्थिर व्यवहारले साखमा धक्का लाग्छ भन्ने हेक्का अनमोललाई होला ?

बाजेको सेकुवा

सिनामंगल जानुस् कि बत्तीसपुतली । थापागाउँबाट अनामनगर झर्नेबित्तिकै फेरि तपाईंको नाकमै ठोकिन्छ, सेकुवाको बासना । सेकुवा भन्नेबित्तिकै बुझिन्छ, बाजेको सेकुवा ।

कुखुरा, राँगा या खसी केको खाने ? सबै हाजिर छ, बाजेको सेकुवामा । ४ दशकअगाडि दीनानाथ भण्डारी त्रिभुवन विमानस्थल गएका थिए । विमानस्थलमा कुर्ने र पुग्ने मानिसका लागि खाजा खाने ठाउँ अभाव देखेपछि उनले सडक छेउमा पोलेको मासु बेच्न थाले, जसलाई अंग्रेजीमा बार्बेक्यु भनिन्छ ।

मासुका पारखीमाझ उनको रेसिपी छिट्टै नै चर्चित भयो । उमेर बूढा र ब्राह्मण परिवारका भएकाले अन्ततः उनको स्टलको नाम बाजेको सेकुवा बन्न पुग्यो । यसरी खुलेको बाजेको सेकुवा अहिले सहरमा चेन रेस्टुराँमा परिवर्तन भएको छ । पारिवारिक वातावरणको रेस्टुराँमा सेकुवालगायत अन्य कन्टिनेन्टल खानाको पनि व्यवस्था छ ।

मौरी रूप

पहिरन लगाउन जान्नु पनि कला हो । कसैलाई त्यही पहिरन लगाउँदा रोयल देखाउँछ भने कसैलाई साधारण । व्यक्तिअनुसार रङ खुल्ने र नखुल्ने मत राख्छन्, फेसनविज्ञ ।

रङबारे कुरा गर्दा मोडल शारदा क्षत्री ब्ल्याक हाफ टिसर्ट र यल्लो सर्ट स्कर्टमा देखिइन् । हुन त मौरी पनि पहेँलो र कालो रङमा रंगिएको हुन्छ । त्यसैले त मौरी सुन्दर देखिन्छ । प्रकृतिजस्तो वरिष्ठ डिजाइनर त को होला ? कुनै पनि रङमा जोकोहीलाई पनि रंग्याउन सक्ने । खैर, प्रकृतिको यो रङमा मोडल शारदा बबाल देखिएकी छन् । आशा गरौं, उनी मौरीजस्तै मिहिनेती होलिन् ।

महेश प्रधान

नोटबुक

मनबहादुर बस्नेत

आलम मार्ग

"बुझ्नुस्, जहाँदेखि सडकमा ठूलठूला खाल्डा भेटिन्छन्, त्यहाँदेखि राजपुर सुरु भयो ।"

बाटो सोध्दा गौरका एक स्थानीयले जवाफ दिए । पूर्व-पश्चिम राजमार्गबाट रौतहट सदरमुकाम गौर नपुग्दै करिब ५ किलोमिटर वरैबाट पश्चिम छिरेपछि सुरु हुने रहेछ, राजपुर इलाका । दुई किलोमिटरजति पिच गरेको सडक । त्यसपछि भने धुलाम्मे । धुलाम्मे सडकभरि थुप्रै खाल्डाखुल्डी । राजपुर बजार क्षेत्र र पश्चिमका केही भाग भने कालोपत्रे गरिएको रहेछ, हुलाकी राजमार्ग खण्ड पर्ने भएकाले । बाँकी सडक जर्जर । बजार क्षेत्रमा फोहोर उस्तै ।

प्रजातन्त्र स्थापनासँगै यो क्षेत्रमा एउटा परिवारले एकल राजनीतिक शक्ति खिच्यो । त्यहाँका जमिनदार शेख लियाकत ००९ सालमा राजदरबार सल्लाहकारसभाको सदस्य बने । उनका छोरा शेख इद्रिसले ०१५ मा नेपाली कांग्रेसबाट प्रतिनिधिसभाको चुनाव जिते । राजा महेन्द्रले शासन आफ्नो हातमा लिए पनि राजपुर क्षेत्रमा यो परिवार जमिनदारको हैसियत कायम भएकाले प्रभाव खस्किएन । प्रजातन्त्र पुनः स्थापनापछि इद्रिसले फेरि दुई खेप चुनाव जिते । ०५३ मा इद्रिसको शेखपछि भतिजा मोहम्मद आफताव आलमको हातमा उक्त शक्ति आयो । त्यसयता एउटाबाहेक सबै चुनाव आफतावले जिते ।

एकलौटी शक्तिमा जमेको परिवारको क्षेत्रमा विकासको व्यथा भने कहालीलाग्दो रहेछ । जहाँ खाल्डो, त्यही आफतावको चुनावी क्षेत्र भन्ने पहिचान बनेछ । राजपुर क्षेत्रमा यो परिवारले ७० वर्ष पकड जमायो । ३० वर्ष पञ्चायतकाललाई बिर्सने हो भने पनि अर्को तीन दशक निरन्तर आफतावकै राज चल्यो । तर इद्रिस र आफतावलाई सम्झिने विकासका निशाना क्रमशः दुई चीज मात्र रहेछ, त्यो इलाकामा । खानेपानी भण्डारण ट्यांकी र स्वास्थ्य चौकी । ०५१ तिर इद्रिसले खानेपानीको ट्यांकी बनाएछन् र आफतावले स्वास्थ्य चौकी ।

दुई दिन राजपुर क्षेत्र घुम्दा लाग्यो, सत्ताको तीन पुस्ता फटाएको आलम परिवारले यो भेगलाई भौतिक मात्र होइन, मानसिक रूपमै विकट बनाएछ ।

लोकेसन भेडियाही

गौर पुगेपछि थाहा पाइयो, आफतावकै शक्तिको आडमा भाइ मेहतावले आपराधिक कर्म गर्दा रहेछन् । उनले १६ वर्षअघि एक व्यक्तिको आँखा फुटाइदिएको सुनेपछि ती व्यक्तिको खोजी गरें । संयोग, मलाई पथप्रदर्शनमा सहयोग गरिरहेका व्यक्तिले

पनि घटनाबारे सुनेका रहेछन् । उनैले बल्लतल्ल सम्पर्क गराए । त्यसपछि हामी पीडितको गाउँ भेडियाहीतिर लाग्यौं, धुलाम्मे सडक हुँदै । सोधीखोजी घरैमा पुगियो तर उनी त्यहाँ रहेनछन् । केही छिनअघि फोन गर्दा हामीलाई घरमै डाकेका थिए । हामी उनको घर पुगेपछि फेरि अन्तै बोलाए । त्यहाँ पुगियो । फेरि अर्को लोकेसन दिए ।

यसरी भेट्न थलो तीनचोटि फेरेपछि भेटिए, हरदेव उर्फ देवा पटेल । भेटिएको ठाउँमा कुरा गर्न मानेनन् । नजिकैको एकान्त थलोमा पुगेर प्रहरीकै सहयोगमा महतावले पटेलका दुवै आँखामा एसिड खन्याइदिएको दर्दनाक व्यथा सुनियो । पटेलको एउटा आँखाले केही देख्दैन भने एउटाले धमिलो संसार नियाल्दा रहेछन् । सत्तासीन नेकपाका जिल्ला कमिटी सदस्य उनीसमेत आलमबारे निर्धक्क बोल्न धक मानिरहेका थिए ।

नभेटिएकी ती साहसी महिला

भेडियाहीमै थियौँ । एक महिलाले मेरो मोबाइलमा फोन गरिन् । भाषा नबुझ्केकाले सहयोगी मित्रलाई फोन टक्र्याएँ । उनी राजपुरकै रहिछन् । आफ्ना पतिलाई आफताव र महतावले झूटो मुद्दा लगाएर फसाएकाले मलाई भेट्न खोजेकी रहिछन् । अघिल्लो दिन राजपुर जाँदा केही स्थानीयलाई मेरो नम्बर दिएको थिएँ । उनीहरूमध्ये कसैले मेरो नम्बर दिएछन् । ती महिला राजपुरबाट मलाई भेट्न गौर पुगेकी रहिछन् । हामी भने गौर निकै ढिलो पुग्यौं । पुगेर फोन गर्दा ती महिलाको फोन उठेन ।

उनका पति मोजरे आलम बलात्कार मुद्दामा जेलमा छन् भन्ने सूचना राजपुरमै पाइसकेको थिएँ । धेरै गाउँले मोजरे सोझो भएकाले फसाइएको भन्थे । सिंगो राजपुर बस्ती आलम परिवारबारे मौन थियो । तर ती महिला हाकाहाकी पति कसरी फसाइए भन्नेबारे मिडियासँग कुरा गर्ने साहस देखाइरहेकी थिइन् । त्यसो गर्नु ठूलो जोखिम थियो । मलाई ती साहसी महिलासित भेट्न नपाउँदा थकथकी लागिरह्यो । ने

GOLCHHA GROUP

SOLE DISTRIBUTOR FOR NEPAL
Hansraj Hulaschand & Co Pvt. Ltd.
Teku Road, Kathmandu, Ph. No: 4230001/4268088, Fax: 4220491
url: www.golchhagroup.com.np www.facebook.com/pulsarnepal

Watch pulsar DARE VENTURE IV™
Every Saturday 9PM – 10PM only on AP1 HD

For more information about your nearest dealer please contact .
Bajaj 24 x 7 HELPLINE 16600175555 9801575555

FREE MARTIN ICE CREAM* FOR ALL !

ALL DAY*on OPENING DAYS...

Opening Days on 8th - 9th Mangshir, 2076

MARTIN ICE CREAM

Vital

An Italian Gelato

PLEASE JOIN US ON

Grand OPENING

of Martin Ice Cream's

1st Ever Franchise

Aus scoops & smile

AUS Scoop and Smile

| Date: 8th - 9th Mangshir, 2076 | Time: 11 am Onwards |

| Venue: Next to Nepal Chamber of Commerce Building, Jamal, Kathmandu |

| RSVP: 9823492444, 9860574755 |

Pixelpro\2019

Franchisor MARTIN ICE CREAM

An ISO 22000 Certified Company

YouTube

*conditions apply

का.जि.द.नं. १०४/०५३/५४ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८